# नियात्रा सिद्धान्तका आधारमा भुइँफुलको देश कृतिको विश्लेषण

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह (एम्.ए.) दोस्रो वर्षको दसौँ पत्र (५४०-१) को प्रयोजनका निम्ति प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

भोजराज चापागाई

शैक्षिक सत्र : २९/०६६

परीक्षा क्रमाङ्क : ४८०००९१

त्रि.वि. दर्ता नं. ९-१-४८-५२३-२००२



त्रिभुवन विश्व विद्यालय

पृथ्वी नारायण क्याम्पस

नेपाली विभाग

पोखरा

२०७२



नियात्रा सिद्धान्तका आधारमा भुइँफुलको देश कृतिको विश्लेषण भोजराज चापागाई २०७२

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्व विदयालय पृथ्वी नारायण क्याम्पसअन्तर्गत नेपाली विभाग स्नातकोत्तर तह (रोल नं. २९/०६६) दोस्रो वर्षका छात्र **श्री भोजराज चापागाईं**को प्रस्तुत **नियात्रा सिद्धान्तका आधारमा भुईंफुलको देश कृतिको विश्लेषण** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सम्बद्ध निकायमा सिफारिस गर्दछु ।

मिति : २०७२।०६।१८

सन् ४ अक्टोबर २०१५

....................................

(डा. यमनाथ तिमिल्सिना)

शोध निर्देशक

## कृतज्ञता ज्ञापन

**नियात्रा सिद्धान्तका आधारमा 'भुइँफुलको देश' कृतिको विश्लेषण** शीर्षकको शोधपत्र तयार गर्ने क्रममा अमूल्य निर्देशन, सल्लाह, सुझाउ र सहयोग प्रदान गरेर मलाई कृतज्ञ तुल्याउनु हुने विभिन्न महानुभावहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्नु म आफ्नो परम कर्तव्य ठान्दछु । त्यस क्रममा सर्वप्रथम मेरा शोध निर्देशक बन्न स्वीकार गरेर मलाई गौरवान्वित तुल्याउनु हुने र शोधकार्यलाई पूर्णता दिनका निम्ति आवश्यक सल्लाह, सुझाउ र निर्देशन दिनु हुने परमादरणीय शोध निर्देशक गुरुवर डा. यमनाथ तिमिल्सिनाज्यूप्रति कृतज्ञ छु । साथै शोध अध्ययनलाई स्वीकृति प्रदान गर्नु भएकोमा नेपाली विभाग पृथ्वी नारायण क्याम्पसका विभागीय प्रमुख आदरणीय गुरु प्रा. डा. विष्णु प्रसाद पौडेल साथै सो विभाग अन्तर्गत रहेका सम्पूर्ण गुरुवर्ग जसले मलाई यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नु भयो उहाँहरूप्रति चिर कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्य गर्ने क्रममा आवश्यक जानकारी तथा विभिन्न सामग्रीहरू दिएर अमूल्य सहयोग गर्नु हुने आदरणीय शोध नायक शारदा शर्माज्यूप्रति आभार व्यक्त गर्दछु । साथै यस शोधकार्यका निम्ति सामग्री सङ्कलनार्थ अध्ययनको सुविधा उपलब्ध गराएर सहयोग पुऱ्याउने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पृथ्वी नारायण क्याम्पस, पोखराप्रति र साझा प्रकाशन क्षेत्रीय कार्यालय पोखराप्रति कृतज्ञता प्रकट गर्दछु । मेरो ज्ञानको क्षितिज विस्तारका निम्ति चिन्तनशील रहनु हुने पुज्जनीय पिता नेत्र प्रसाद चापागाईं एवम् माता यसोदा चापागाईंप्रति सभक्ति कृतज्ञता अर्पण गर्दछु । साथै आवश्यक पारिवारिक वातावरण उपलब्ध गराएर सहयोग गर्ने धर्मपत्नी सीता चापागाईंप्रति आभारी छु । त्यसै गरी शोधकार्यलाई छिटो सम्पन्न गर्न घचघच्याइ रहनु हुने नारायण प्रसाद पौडेल, किरण प्रसाद शर्मा, अध्ययनमा आवश्यक सहयोग गर्नु हुने बहिनीहरू सावित्री चापागाईं र शर्मीला चापागाईं, आत्मीय मित्रहरू केदार धमला, दीपक ढुङ्गाना श्रीकृष्ण वाग्ले, नरेन्द्र मान श्रेष्ठप्रति आभार प्रकट गर्दछु । साथै यस सन्दर्भमा मलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने मेरा सम्पूर्ण मान्यजन, परिवारजन, स्वजन एवम् आत्मीयजनप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु । यसका अतिरिक्त यस शोधकृतिलाई यथासमयमा कम्प्युटर टाइप गरेर सहयोग गर्नु हुने श्रेष्ठ कम्प्युटर सर्भिसका दाजु ईश्वर श्रेष्ठप्रति पनि म आभारी छु । अन्त्यमा, शोधपत्र आवश्यक मूल्याङ्कनका लागि पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७२।०६।१०

भोजराज चापागाईं

रोल नं. २९।०६६

# विषय सूची


शोध निर्देशकको सिफारिस

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

**पहिलो परिच्छेद**

**शोध परिचय** **१-४**

१.१ विषय परिचय १

१.२ शोध शीर्षक १

१.३ शोधकार्यको प्रयोजन १

१.४ शोध समस्या १

१.५ शोधकार्यको उद्देश्य २

१.६ पूर्वकार्यको विवरण २

१.७ शोधकार्यको औचित्य ३

१.८ शोधकार्यको क्षेत्र र सीमा ३

१.९ शोध विधि ४

१.१० शोध सङ्गठन ४

**दोस्रो परिच्छेद**

**नियात्राको सैद्धान्तिक परिचय** **५-१८**

२.१ विषय प्रवेश ५

२.२ सैद्धान्तिक रूपमा नियात्रा ६

२.२.१ नियात्राको परिचय ७

२.२.२ नियात्राको स्वरूप ८

२.२.३ नियात्राको परिभाषा ८

२.३ नियात्राका तत्वहरू ११

२.३.१ गतिशीलता १२

२.३.२ स्थानीयता १३

२.३.३ चित्रात्मकता १३

२.३.४ कौतूहलता १३

२.३.५ स्वच्छन्दता १४

२.३.६ तथ्यात्मकता १४

२.३.७ अनुभूतिमयता १४

२.३.८ आत्मीयता १५

२.३.९ निजात्मकता १५

२.३.१० चिन्तनशीलता १५

२.३.११ उद्देश्य १५

२.४ नियात्राका निकटवर्ती उपविधाहरू १६

**तेस्रो परिच्छेद**

**नियात्राकार शारदा शर्मा र उनी पूर्वको नियात्रा विकास प्रक्रिया १९-३०**

३.१ नियात्राको विकास प्रक्रिया १९

३.१.१ पृष्ठभूमि १९

३.१.२ पृष्ठभूमि काल (वि.सं. १५५० देखि वि.सं. १९६९ सम्म) २१

३.१.३ आरम्भ काल (वि.सं. १९७० देखि वि.सं. १९९८ सम्म) २३

३.१.४ आधुनिक काल (वि.सं. १९९९ देखि वर्तमान सम्म) २४

३.१.४.१ प्रथम चरण (वि.सं. १९९९ देखि वि.सं. २००९ सम्म) २५

३.१.४.२ द्वितीय चरण (वि.सं. २०१० देखि २०२२ सम्म) २६

३.१.४.३ तृतीय चरण (वि.सं. २०२३ देखि वर्तमानसम्म) २७

३.२ निष्कर्ष २९

**परिच्छेद चार**

**नियात्रा सिद्धान्तको आधारमा 'भुइँफुलको देश' कृतिको अध्ययन विश्लेषण ३१-८७**

४.१ नियात्राकार शारदा शर्माको सङ्क्षिप्त परिचय ३१

४.२ 'भुइँफुलको देश' कृतिको विश्लेषण ३२

४.२.१ खप्तडका फूलहरू ३३

४.२.२ कर्णालीको कथा ४२

४.२.३ फेरि कर्णालीकै कुरा ५२

४.२.४ मुक्तिनाथमा पहिलोपल्ट ५४

४.२.५ फेरि मुक्तिनाथमा ५८
४.२.६ घान्द्रुक पुग्दा ६५
४.२.७ घान्द्रुकमा बालसाहित्य ७१
४.२.८ पोखरा दर्शन ७३
४.२.९ शिवपुरीको शिखर ७६
४.२.१० जिरीमा सूर्योदय ७९
४.२.११ पाथिभरामा दसैँ ८२

**परिच्छेद पाँच**

**उपसंहार** **८८-९२**

५.१ सारांश ८८
५.२ निष्कर्ष ९०
५.३ सुझाव ९२
सन्दर्भ ग्रन्थ

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

यो शोधपत्र नियात्रा सिद्धान्तका आधारमा शारदा शर्माको 'भुइँफुलको देश' यात्रा निबन्धको विश्लेषणमा केन्द्रित छ ।

शर्मा २०४० को दशकदेखि कविता विधाका माध्यमबाट साहित्यमा देखा परेकी हुन् । 'भुइँफुलको देश' उनको पहिलो यात्रा-निबन्ध हो । यसमा शर्माले नेपालका यात्रा योग्य महत्त्वपूर्ण ठाउँहरूको यात्रा वर्णन गरेकी छन् । नेपालको सुदूर पश्चिमदेखि पूर्वसम्मको यात्रामा शर्माले देखे भोगेको नेपालको भूगोल, समाज, जाति, भाषा, संस्कृति, इतिहास, राजनीति आदिलाई प्रस्ट दृश्यात्मकताका साथ सफल रूपमा उतारिएको छ । यहाँ जम्मा ११ वटा यात्रा अनुभूतिसँग सम्बन्धित रचना रहेका छन् भने अन्य तीनवटा अघिल्ला रचनाहरूकै परिपूरक अंश जस्ता देखिएका छन् ।

## १.२ शोध शीर्षक

यस शोधपत्रको शीर्षक "नियात्रा सिद्धान्तका आधारमा भुइँफुलको देश कृतिको विश्लेषण" रहेको छ ।

## १.३ शोधकार्यको प्रयोजन

यो शोधकार्य त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पस अन्तर्गत नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र ( ५४०-१) को शैक्षिक प्रयोजनको लागि प्रस्तुत गरिएको हो ।

## १.४ शोध समस्या

साहित्यका विधाहरू आ-आफ्नो सिद्धान्तमा आधारित भएर लेखिएका हुन्छन् । नेपाली यात्रा निबन्धको सैद्धान्तिक रूपमा अध्ययन अनुसन्धान भइ सकेको छैन । जस

अन्तर्गत यस यात्रा-निबन्ध 'भुइँफुलको देश' को पनि सामान्य चर्चा परिचर्चा बाहेक खास अध्ययन विश्लेषण भएको पाइँदैन । अतः यस शोधकार्यमा निम्न समस्याहरू रहेका छन् :

क) नियात्रा (यात्रा-निबन्ध) साहित्य सिद्धान्तका आधारभूत मान्यताहरू के-के हुन् ?

ख) शारदा शर्मा पूर्वको नेपाली नियात्राको विकास प्रक्रिया के कस्तो छ ?

ग) नियात्रा सिद्धान्तका आधारमा 'भुइँफुलको देश' के कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

उल्लिखित शोध समस्याहरूको समाधान गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ । तिनको समाधान निम्नानुसार गरिएको हुँदा यस शोधका उद्देश्य पनि देहाय बमोजिम नै रहेको छ :

क) नियात्रा साहित्य सिद्धान्तको आधारभूत मान्यता केलाउनु,

ख) शारदा शर्मा पूर्वको नेपाली नियात्राको विकास प्रक्रिया देखाउनु,

ग) नियात्रा सिद्धान्तका आधारमा 'भुइँफुलको देश' कृतिको विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको विवरण

शारदा शर्माको २०६८ सालमा प्रकाशित 'भुइँफुलको देश' यात्रा निबन्धका बारेमा पत्र पत्रिकाहरूमा छिटपुट लेखहरू आए तापनि यस कृतिको बारेमा नियात्राको सैद्धान्तिक कोणबाट अध्ययन विश्लेषण भएको पाइँदैन । त्यसैले यस कृतिका बारेमा पूर्वकार्यको समीक्षा प्रस्तुत गर्न कठिनाइ भएको छ । तर पनि उपलब्ध केही पूर्वकार्यको विवरण तल प्रस्तुत गरिएको छ :

विष्णु प्रसाद पौडेलले 'भुइँफुलको देश' कृतिका महत्त्वपूर्ण पक्षहरूको अनुशीलन ( वि.सं. २०६८) को सारमा भनेका छन् - "यात्रा साहित्य अन्तर्गत पर्ने प्रस्तुत कृति नारी स्रष्टा शारदा शर्माको विगत दुई दशक देखिका यात्रा अनुभूतिहरूको सँगालोको रूपमा केही समय अगाडि बजारमा आएको छ । यसमा नेपालका सुदूर पश्चिमदेखि सुदूर पूर्वसम्मका महत्त्वपूर्ण हिमाली र पहाडी भूभागका आठवटा स्थलमा गरिएका यात्रा अनुभवहरूको बयान गरिएको छ । यस क्रममा यात्राकर्मीले देखे भोगेका परिदृष्यसँगै आफ्ना विचार र अनुभूतिहरू अनि तद्स्थानीय समाज र समकालीन नेपाली राष्ट्रिय

परिवेश पनि यहाँ सान्दर्भिक तुल्याएर प्रकट गरेको पाइन्छ । त्यसैको लेखाजोखा यस लेखका विभिन्न शीर्षकमा गर्दै यसलाई नारी स्रष्टाबाट सिर्जित नेपाली यात्रा साहित्यको एउटा महत्त्वपूर्ण कृतिका रूपमा निर्धारण गरिएको छ” (पौडेल, २०६८ : ४४) ।

शर्माको यस नियात्रा सङ्ग्रहमा सङ्कलित यात्रा वर्णनहरू सोही समयमै विभिन्न पत्रिकाहरूमा यात्रा संस्मरणका रूपमा छुट्टाछुट्टै प्रकाशित भएका तर उक्त लेखहरूको मिति, शीर्षक याद नभएको तत्कालीन समयका शोध नायकसँगको परामर्शबाट जानकारी प्राप्त भएको छ । साप्ताहिक विमर्श, कान्तिपुर दैनिक, नागरिक दैनिक, नयाँ पत्रिका दैनिकमा यात्रा वर्णनहरू केवल संस्मरणको रूपमा मात्रै छापिएको तर अध्ययन विश्लेषण नभएको पाइएको छ । साथै पछिल्लो समयमा नियात्राकार र नियात्रा सङ्ग्रहमा आधारित भएर अध्ययन अनुसन्धान हुँदै आएको पाइन्छ जसमा सविता न्यौपानेको ‘अनुभूतिका छालहरू’ नियात्रा सङ्ग्रहको कृतिपरक अध्ययन, वसन्ती बस्नेतको ‘उत्तरी गोलार्द्धको एक फन्को’ कृतिपरक अध्ययन, गणेशप्रसाद पोखरेलको ‘नेपाली नियात्रा परम्परामा भीष्म उप्रेतीको योगदान’ रहेका छन् । यसबाट थाहा हुन्छ पछिल्लो समयमा आएर नियात्राकार र नियात्रा सङ्ग्रहहरूको पनि अध्ययन अनुसन्धान कार्य थालनी भएको छ ।

## १.७ शोधकार्यको औचित्य

नियात्रा, निबन्ध सङ्ग्रह र नियात्राकारको योगदानको बारेमा यस अगाडिका शोधकार्यहरूमा अध्ययन विश्लेषण भइसकेको पाइए पनि नियात्रा सिद्धान्तका बारेमा खोज भएको पाइएन । अतः नियात्रा सिद्धान्तको खोज गर्नु पर्ने यस शोधकार्यमा देखिन्छ । साथै ‘भुइँफुलको देश’ कृतिको बारेमा छिटफुट टीका टिप्पणी भएको पाइए पनि गहन अध्ययन विश्लेषण भएको नपाइएको हुँदा यस कृतिलाई नियात्रा सिद्धान्तका आधारमा विश्लेषण गर्नु यस शोधकार्यको औचित्य रहेको छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधको क्षेत्र २०६८ सालमा प्रकाशित ‘भुइँफुलको देश’ यात्रा-निबन्धको अध्ययन विश्लेषण गर्नु हो । यस यात्रा-निबन्धलाई नियात्राको सैद्धान्तिक कोणबाट मात्रै अध्ययन विश्लेषण गरिएको छ । यो नै यस शोधकार्यको सीमा हो ।

## १.९ शोध विधि

प्रस्तुत शोधकार्य नियात्रा सिद्धान्तका आधारमा 'भुइँफुलको देश' कृतिको अध्ययन विश्लेषण गर्नु हो । त्यसैले यस शोधकार्यमा मूलतः पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरी निगमनात्मक पद्धतिबाट सैद्धान्तिक सामग्रीहरूको अध्ययन विश्लेषण गरिएको छ भने यस 'भुइँफूलको देश' कृतिको भने आगमनात्मक पद्धतिबाट अध्ययन विश्लेषण गरिएको छ । यसका अतिरिक्त शोध नायक र शोध निर्देशकसँगको परामर्शबाट अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## १.१० शोध सङ्गठन

प्रस्तुत शोधकार्यलाई सुव्यवस्थित रूपमा सङ्गठिन गर्न निम्नानुसार परिच्छेद विभाजन गरिएको छ -

१. परिच्छेद एक : शोध परिचय

२. परिच्छेद दुई : नियात्राको सैद्धान्तिक परिचय

३. परिच्छेद तीन : नियात्राकार शारदा शर्मा र उनी पूर्वको नियात्रा विकास प्रक्रिया

४. परिच्छेद चार : नियात्रा सिद्धान्तको आधारमा 'भुइँफुलको देश' कृतिको अध्ययन विश्लेषण

५. परिच्छेद पाँच : उपसंहार

प्रमुख सन्दर्भ सूची

# दोस्रो परिच्छेद

# नियात्राको सैद्धान्तिक परिचय

## २.१ विषय प्रवेश

साहित्यका विविध विधाहरूमध्ये सबैभन्दा कान्छो विधाका रूपमा निबन्धलाई लिइन्छ। निबन्ध शब्द 'बन्ध्' धातुमा 'नि' उपसर्ग र 'घत्र' प्रत्यय लागि बन्दछ। यसको अर्थ राम्ररी बाँध्नु, सङ्कलन गर्नु वा जुटाउनु हुन्छ भने साहित्यमा एक विधा विशेषलाई जनाउँछ (प्रधान, २०६६ : ३)। यो विधा आजसम्म आइपुग्दा साहित्यको एउटा समृद्ध विधाका रूपमा स्थापित भएको छ। निबन्ध विधालाई परिभाषित गर्ने क्रममा विद्वान्हरू एकमत हुन सकिरहेका छैनन्। एकथरी विद्वान्हरू आत्मपरक भावात्मकतामा जोड दिन्छन् भने अर्काथरी विद्वान्हरू वस्तुपरक बौद्धिकतामा रमाउन चाहन्छन् भने केही आधुनिक निबन्धकारहरू चाहिँ दुवैको सम्मिश्रित रूपमा प्रयोग गर्न विशेष रुचि राख्दछन्। स्वरूप र शिल्पशैलीका दृष्टिले निबन्धका विभिन्न प्रकारहरू भेट्न सकिन्छ। निबन्धकै प्रकार तथा उपविधाका बारेमा राजेन्द्र सुवेदीले "नियात्रा, प्रबन्ध, जीवनी, संस्मरण, आत्मकथा, शब्दचित्र, सम्पादकीय, टिप्पणी, भूमिका, दैनिकी पत्रसाहित्य, समीक्षा, प्रतिवेदन, अन्तर्वार्ता आदिलाई लिन सकिन्छ" (सुवेदी, २०५८ : २४) भनेका छन्। यी सबै उपविधाहरूका आ-आफ्नै शैली बीचमा केही न केही समानता भेट्न सकिन्छ। यी उपविधाहरूमध्ये नियात्रा निबन्धकै उपविधा भएर पनि रूप र संरचनामा अन्य उपविधाहरू भन्दा भिन्न छ। नियात्रा निश्चित ठाउँमा गरिएको यात्रामा देखिएको दृश्यात्मकता र उत्पन्न अनुभूतिहरूलाई प्रतिभा र बौद्धिक तीक्ष्णताद्वारा गद्यात्मक भाषामा प्रस्तुत गरिएको सिर्जनात्मक अभिव्यक्तिलाई भनिन्छ। नियात्रा यात्रा साहित्यको सिर्जनात्मक नव गद्य लेखनको एक महत्त्वपूर्ण भेद हो। यो नितान्त रूपले यथार्थपरक, अनुभवात्मक, गतिमय र निजात्मक हुन्छ। साथै यसमा गौण रूपमा स्मृति तत्त्व पनि रहेको हुन्छ। विश्व साहित्यमा लामो समयदेखि प्रचलित र प्रतिष्ठित रहदै आएको यो लेखन नेपाली साहित्यमा वि.सं. १५५० मा बीज रूपमा देखा परेर क्रमशः अङ्कुरित, पल्लवित, पुष्पित हुँदै तथा क्रमित र व्यतिक्रमित रूपमा अगाडि बढ्दै गएर वर्तमानमा बहु आयामिक एवम्

लोकप्रिय र समृद्ध भइसकेको छ। साथै स्वतन्त्र विधागत अस्तित्वको रूपमा स्थापित हुने प्रयासमा छ (उपाध्याय, २०६६ : ७)।

## २.२ सैद्धान्तिक रूपमा नियात्रा

कुनै भूखण्डको स्वरूप, लोकजीवन, रीतिपरम्परा आदि सँग साक्षात्कार गराउने र तद्विषयक अनुभव र ज्ञानलाई व्यक्त गर्ने अभिप्रायले मूलतः तथ्य र अंशतः भावनाको आनुपातिक संयोजन गरी चित्रोपम-शैलीमा अनुभूत स्मरणस्वरूप लेखिएको गद्यरचनालाई 'यात्रा साहित्य' भनिन्छ (श्रेष्ठ र शर्मा, २०५६ : १८०)।

उत्सुकता र खोजको चाहना नै यात्रा-साहित्यको जन्मका प्रेरक तत्त्व हुन्। यस विश्वको प्राकृतिक बनोट, जनरीति, संस्कृति, आदिमा विविधता रहेको पाइन्छ। यही विविधताले नै मानिसको आँखा, हृदय र विवेकलाई आकर्षित गर्दछ। अनि नयाँ-नयाँ ठाउँको नयाँ-नयाँ कुराको निरीक्षणका आधारमा ज्ञानको अभिवृद्धि गर्नका लागि सभ्यताको प्रारम्भदेखि नै लालायित हुँदै आएको पाइन्छ, जसको आत्मतृप्ति भ्रमणबाट नै गर्दै आएको छ। भ्रमणबाटै मानिस नयाँ-नयाँ र महत्त्वपूर्ण विषयहरूको आविष्कारका निम्ति सक्षम बनेको हो। तसर्थ यात्रा-साहित्यमा मानव सभ्यता र संस्कृतिको इतिहास लुकेको हुन्छ भन्नु युक्ति सङ्गत हुन्छ।

यात्राका वृत्तान्तहरू लेख्दा लेखकले पाठकको विश्वसनीयतामा कत्ति पनि वाधा पार्नु हुँदैन। त्यसरी नै यस विधामा रोचकता अनिवार्य मानिन्छ। यस गुणका लागि चिन्तित लेखकले यात्रा-वृत्तान्तका क्रममा कतै आख्यानको सहायता लिन्छ भने कतै हास्य निबन्धको पनि सहायता लिन्छ। यात्राका अनुभव पाठकलाई बाँड्न लेखकले सर्वत्र आत्मीय रूप धारण गर्दछ, जसको परिणाम स्वरूप कहीँ कतै आफू भित्रको इमानदारीतालाई प्रकट गर्न आफूमा रहेको कमजोरीको पनि उद्घाटन गरिदिन्छ। लेखकले पाठकबाट सहानुभूतिको अपेक्षा गर्दछ।

समग्रमा भन्नु पर्दा नियात्राका सिद्धान्तहरू यिनै हुन् भनेर हालसम्म कुनै पनि विद्वान्बाट स्पष्ट किटान नगरिएको तर नियात्राका पहिचान, आधार, तत्त्वहरू भनी परिभाषित गरिएको अवस्थामा विद्वान्हरूको भिन्न-भिन्न मतलाई आधार मान्दा नियात्राका सैद्धान्तिक स्वरूपहरूको पहिचान यसप्रकार मान्न सकिन्छ :

- नियात्रामा कुनै लोकजीवन, परम्परा, स्पष्टताका साथ उतारिएको हुनु पर्ने,
- नियात्रा मूल रूपमा तथ्यमा आधारित र केही मात्रामा भावनात्मक पनि हुने, नियात्रामा चित्रात्मक शैलीमा अनुभूतिहरू र स्मरणहरू आएको हुनु पर्ने,
- नियत्रामा मानवसभ्यता र संस्कृतिको इतिहास रहेको हुनु पर्ने,
- नियात्रामा नेपाली मनमस्तिष्कका प्रतिविम्बहरू आएको हुनु पर्ने,
- नियात्रामा वैचारिकता अनिवार्य रहेको हुनु पर्ने ।

## २.२.१ नियात्राको परिचय

यात्रा शब्दमा 'नि' उपसर्ग लागेर नियात्रा शब्द बन्दछ । यसले खास प्रकारको यात्रा सहित्यको अर्थ दिन्छ । यो शब्द संस्कृत वा हिन्दी भाषामा प्रचलित छैन र नेपालीमा पनि पहिले प्रचलित थिएन । यो नेपालीमा बीसौँ शताब्दीमा बालकृष्ण पोखरेलद्वारा नव निर्माण गरिएको शब्द हो । ठाउँ विशेषका जीवन्त पर्यावरणहरूको, सम्बन्धित ठाउँका व्यक्ति संस्कृति, प्रकृति, जीवन, भूगोल, भोगाइ आदि जीवन्त अभिव्यक्तिहरूलाई सृजनात्मक रूपले चित्रण गरिएको विधालाई नियात्राको रूपमा चिनिन्छ । 'नियात्रा भनेको यात्रा निबन्धको औपन्यासिक वा उपाख्यानात्मक रूप हो' भन्ने अर्थ 'नेपाली बृहत् शब्दकोश (२०४०)' ले दिएको छ । बालकृष्ण पोखरेलले ताना शर्माको 'वेलाइततिर बरालिँदा' (२०२६) को भूमिकामा "सत्यको निस्तो वर्णन छ भने यो यात्रा लेख (ट्राभल एकाउन्ट) र रमरमको आनन्द मुछिएको छ भने चाहिँ नियात्रा कहलाउँछ" भनेर नियात्राको परिचय गराएका छन् । यसै क्रममा राजेन्द्र सुवेदीले भनेका छन् - "यात्रामा प्रवृत्त हुने यात्रीले आफूले देखेका, भोगेका र अनुभवका परिधिमा समेटेर अनुभूति पुञ्जमा सुरक्षित गरिने तत्त्वलाई निबन्धका रूपमा स्थापना गरेको छ भने त्यस्ता रचनालाई नियात्रा ( ट्राभल एकाउन्ट) भनिन्छ" (सुवेदी, २०५८ : ४०) ।

समग्रमा भन्दा स्थान विशेषको भौगोलिक, प्राकृतिक, सांस्कृतिक, सामाजिक, आर्थिक, राजनीतिक परिवेशहरूलाई गहन निरीक्षण गरी प्रवाहपूर्ण भाषाले तथ्याश्रित दृश्य चित्र प्रस्तुत गर्नु, दृश्य शृङ्खलाहरूलाई कुनै आख्यान वा सम्बन्ध सूत्रमा उन्दै लान र समग्र मानव जीवनको कुनै एउटा पाटोलाई प्रतिवेदनित गर्ने अन्तर्दृष्टि मुखरित भई रहनु यात्रा निबन्धका वा नियात्राका खास पहिचान हुन् ।

### २.२.२ नियात्राको स्वरूप

मूलतः निबन्ध आत्मपरक र वस्तुपरक गरी दुई मुख्य प्रकार भए तापनि यस भित्र अनेक विधा उपविधाहरू रहेका पाइन्छन् । यसै प्रसङ्गमा गङ्गाप्रसाद उप्रेतीले भनेका छन् - "निबन्धका प्रकार अति धेरै छन् त्यसमध्ये यात्रालाई विषयवस्तु बनाएर लेखिएको निबन्ध, यात्रा निबन्ध 'नियात्रा' वा निभ्रमण हो" (उप्रेती, २०४६ : ११७) । यसरी माथिका तथ्यहरूका आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने यात्रा सम्बन्धी विषयवस्तु भएको लघु आयामको, गद्य विधाको, एक नवीन अवधारणाको रूपमा चिनिने नियात्रा वर्तमान समयमा निबन्धकै एक प्रकार भएर पनि स्वतन्त्ररूपमा आफ्नो अस्तित्व स्थापनार्थ सङ्घर्षरत विधा हो ।

### २.२.३ नियात्राको परिभाषा

तारानाथ शर्माको यात्रा साहित्यिक ग्रन्थ 'बेलायततिर बरालिँदा' (वि.सं. २०२६) को भूमिका लेख्ने क्रममा बालकृष्ण पोखेलले शर्माको उक्त ग्रन्थमा सङ्गृहीत निबन्धात्मक शैलीमा प्रस्तुत लेखकीय निजात्मक रागले पर्याप्त मात्रामा रञ्जित एवम् हार्दिकताले ओतप्रोत, कल्पनासिक्त र अनुभूति प्रवल रचनालाई नेपाली यात्रा साहित्यको नवीनतम मानकका रूपमा लिएर उपर्युक्त विशेषताले सम्पन्न यात्रा कृतिका अर्थमा शर्माका ती रचनाहरूलाई 'नियात्रा' संज्ञा दिई उनले आफ्नो उक्त भूमिकात्मक लेखबाट २०२५ सालमा नेपाली साहित्यमा नियात्रा शब्दको नवनिर्माण र प्रथम प्रयोग समेत गरेको पाइन्छ ।

नियात्रा शब्द नेपाली साहित्यमा नवनिर्मित र मौलिक शब्द हुनाले यसको प्रयोग नेपाली बाहेक अन्य भाषा साहित्यमा नभएको हुँदा यसको परिभाषा पनि हालसम्म नेपाली विद्वान्हरूबाट मात्र गरिएको पाइन्छ । ती मध्ये केही महत्त्वपूर्ण परिभाषाहरू यसप्रकार छन् :

क) नेपाली वृहत शब्दकोशमा "नियात्रा यात्रावर्णन बारे कथात्मक वा आख्यानात्मक शैलीमा लेखिएको निबन्धको एक किसिम हो" (पोखरेल र अन्य (सम्पा.) २०४० : ७३४) भनिएको छ ।

ख) नियात्रा शब्दका निर्माता र प्रथम प्रयोक्ता बालकृष्ण पोखरेलले "सत्यको निस्तो वर्णन छ भने यात्रा विवरण र रमरमको आनन्द पनि मुछिएको छ भने नियात्रा कहलाउँछ" (पोखरेल, २०६९ : १०) भनेका छन् ।

ग) निर्मोही व्यासले "नियात्रा एक स्वच्छन्द प्रकृतिको अनुभूति प्रधान र रससिक्त सिर्जनात्मक गद्य लेखन हो, जसमा सृजनशील यात्रीद्वारा आफ्नो यात्रा अनुभवलाई प्रगाढ निजात्मक ढंगले, रङ्गले रङ्गाएर उन्मुक्त, आकर्षक र आल्हादक शैलीमा आत्मपरक ढंगबाट निबन्धात्मक रूपमा जीवन्त पाराले प्रस्तुत गरिएको हुन्छ" (पोखरेल, २०६९ : १०) भनेका छन् ।

घ) भिष्म उप्रेतीले "सामान्यतः यात्रा गर्ने व्यक्ति, यात्रा गरिने ठाउँ र उक्त ठाउँको सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक र राजनीतिक जीवनको अभावमा यात्रावृत्तान्त रचना गर्न सकिँदैन । यी कुराहरूमा अझ चिन्तनशीलता र अनुभूतिको निजात्मकता समेत थपिएपछि त्यो यात्रा निबन्ध बन्दछ" (पोखरेल, २०६९ : १०) भनेका छन् ।

ङ) दयाराम श्रेष्ठले नियात्राको सोझै परिभाषा नदिएर यात्रा साहित्यको अर्थमा "कुनै भूखण्डको स्थल रूप, लोकजीवन रीति परम्परा आदिसँग साक्षात्कार गराउने र तद्विषयक अनुभव र ज्ञानलाई व्यक्त गर्ने अभिप्रायले मूलतः तथ्य र अंशतः भावनाको आनुपातिक संयोजन गरी चित्रोपम शैलीमा अनुभूत स्मरण स्वरूप लेखिएको गद्य रचनालाई यात्रा साहित्य भनिन्छ" (श्रेष्ठ, २०५६ : १८०) भनेका छन् ।

च) भिक्टर प्रधानले "स्थूल दृष्टिमा यात्रावृत्तान्त यात्राकालीन रोजनाम्चा र यात्राकालीन संरक्षणकै अंश हो । कुनै व्यक्तिको यात्राकालीन रोजनाम्चा नै यात्रावृत्तान्त बन्न सक्छ । जसरी रोजनाम्चा पनि आत्मकथा बन्न सक्छ, तर यात्रा वृत्तान्त रोजनाम्चा भन्दा ज्यादा ललित हुन्छ र यसले संस्मरण र शब्द चित्रनिकटको साहित्यक रूपसज्जा पाएको हुन्छ । यात्रा स्थलको सजीव चित्र र यात्राकालका घटनाहरूको रोचक वर्णनले यसलाई शब्दचित्र र संस्मरणको नजिक

खिचेको हुन्छ । यात्रावृत्तान्तलाई संस्मरणबाट छुट्याउने होइन, यो संस्मरण भन्दा केही विस्तृत पनि हुन्छ । ....... यात्राकालीन घटनाको बिजुली चम्काइ जस्तो सम्झना संस्मरण नै हो । यात्रा वृत्तान्तका निम्ति यात्राको सविस्तार चित्रण पनि आवश्यक हुन्छ र त्यसभित्र यात्राकालीन विविध घटनाका संस्मरण पनि पर्दछन्, अर्थात यात्राकालमा लेखकले देखेका कुराहरू, लेखकलाई आइपरेका साह्रा-गाह्रा कुराहरू लेखकमा उब्जेका उल्लास र अनुभूतिहरू, स्थानीय मानिस वा आफ्ना यात्रु साथीहरूका बीच भएका रमाइला वा भावपूर्ण कुराकानीहरू तथा लेखकमा बोध भएका सौन्दर्यादिको अङ्कनका साथसाथै त्यसबाट लेखकमा उब्जेका मनोगत भावनाकै प्रधानता यात्रा वृत्तान्तमा हुने गर्छ" (प्रधान, २०४४ : ६०-६१) भनेका छन् ।

छ) पूर्ण प्रकाश नेपाल 'यात्री' ले "विभिन्न प्रकारका यात्रा हुन्छन् र यात्रा गर्दाका शब्द चित्र पनि उद्देश्य हेरी हुन्छन् । निबन्ध जस्तै नियात्रामा पनि आत्मपरक, वस्तुपरक, समन्वयात्मक, संवादात्मक, तथा मनोविनोदात्मक भेद हुन्छन् । तिनमा वस्तुपरकतालाई सर्वोत्तम मानिएको छ । नियात्राका पाठकले नियात्रा पढेर यात्रीका शिल्पपक्षको रसास्वादन गर्दै ऐतिहासिक तथ्य, स्थानीय परिवेशको सम्पन्नता-विपन्नता, विशेषता एवम् घटनाक्रमको सुपुष्ट परिचय पाउन चाहन्छ" (पोखरेल, २०६९ : ११) भनेका छन् ।

ज) मोहनराज शर्माले "यात्रालाई विषय बनाएर लेखिएको निबन्धलाई नियात्रा भनिन्छ । यो स्थानप्रधान (भौगोलिकता अर्थात बाह्य पर्यायवरण प्रधान) र समय प्रधान (तत्कालीन चेतना, संस्कृति अर्थात् आन्तरिक पर्यावरण प्रधान) हुन्छ" (शर्मा, २०५५ : ५१२) भनेका छन् ।

झ) राजेन्द्र सुवेदीले "यात्रामा प्रवृत हुने यात्रीले आफूले देखेका भोगेका र अनुभवमा समेटेका अनुभूतिपुञ्जमा पाइने तथ्यलाई निबन्धको रूपमा स्थापना गरेको छ भने त्यस्ता रचनालाई नियात्रा भनिन्छ" (पोखरेल, २०६९ : १०) भनेका छन् ।

ञ) तारानाथ शर्माले "नियात्रा भन्नाले यात्रावर्णनमा निजात्मक अनुभूतिको सफल समावेश भएको निबन्ध भन्ने बुझिन्छ" (पोखरेल, २०६९ : १०) भनेका छन् ।

ट) प्रमोद प्रधानले "यात्रा निबन्धलाई लेखनशैलीका दृष्टिकोणले विभिन्न वर्गमा बाँड्न सकिए पनि प्रमुखतः दुइ प्रमुख भेदहरूका रूपमा स्वीकार गर्न सकिन्छ । पहिलो,

यात्राको सामान्य वर्णनमा मात्र केन्द्रित यात्रानिबन्धलाई यात्रा वर्णनमा मात्र केन्द्रित यात्रानिबन्धलाई यात्रावर्णन, यात्राविवरण मा यात्रावृत्तान्त भन्न सक्छौ भने यात्रावर्णनमा लेखकले आफ्नो अनुभव र अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गरेमा त्यो यात्रानिबन्ध 'नियात्रा' कहलाउँछ" (प्रधान, २०६६ : २१८) भनेका छन् ।

उपर्युक्त विद्वान्हरूका दृष्टिकोणहरूका आधारमा अन्ततः के भन्न सकिन्छ भने कुनै सृजनशील यात्रीले यात्राका क्रममा देखे भोगेका विविध परिदृश्य, घटना-प्रसङ्ग र संगालेका अनुभवलाई निजात्मक रङ्गले रङ्गाएर भावना र कल्पनाको यथोचित समन्वयका साथ मनोहारी शैलीमा वस्तुपरक र आत्मपरक ढगबाट लिपिबद्ध गरेको यथार्थपरक गद्य कृति नै यात्रा साहित्य हो र नियात्रा चाहिँ यात्राकारको प्रगाढ आत्मरागरञ्जित र अनुभूति प्रवल यात्रा वर्णन हो । जसमा यात्रागत वस्तुतथ्य लेखकीय आत्मपरकतासित एकाकार भएको हुन्छ। यो निजात्मक अनुभूतिको प्रवाहले भरिएको उत्कृष्ट यात्रालेखनका तात्पर्यमा नव यात्रा साहित्यकारका बीच तथा पाठकहरूका बीच पनि लोकप्रिय छ ।

## २.३ नियात्राका तत्त्वहरू

साहित्य जीवन र जगत्को कलात्मक वा सौन्दर्यपरक अभिव्यक्ति हो । अतः यो देश, कालको सीमाभित्र नबाँधिने सार्वदेशिक, सार्वकालिक र सार्वजनीन अभिव्यक्ति हो, शाश्वत मूल्ययुक्त अभिव्यक्ति हो । साहित्य वाङ्मयको एक सुललित र स्वच्छन्द प्रकृतिको सृजनशील विधा हो । यसभित्र विभिन्न विधा उपविधाहरू मौलाउँदै र फस्टाउँदै गइरहेका छन् । यी विधाहरूलाई छुट्याउने यिनीहरूका छुट्टै तत्त्वहरू र केही संयुक्त छन् । यात्राको क्रममा यात्राकारले देखेका, भोगेका र अनुभव गरेका विविध पक्ष तथा घटना विवरणलाई ध्यानमा राखी कलात्मक तरिकाले विभिन्न शैलीहरू अपनाएर लेखिएको आत्मराग रञ्जित, सिर्जनात्मक रचनालाई नियात्रा भनिन्छ। यसलाई अन्य विधाबाट पृथकता प्रदान गर्ने विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

क) होमनाथ सुवेदीले आख्यान, पात्र, अवधि, उद्देश्य, उपकरण र शैलीलाई यसका तत्त्वका रूपमा अघि सारेका छन् (सुवेदी, २०३८ : १२-१४) ।

ख) वेदव्यास उपाध्यायले प्राथमिक तत्त्व, द्वितीयक तत्त्व र अन्य तत्त्व गरी तीन प्रकारका र यी तीन प्रकार भित्र प्राथमिकमा गतिशीलता, स्थानीयता र तथ्यात्मकता गरी तीन उपभेद, द्वितीयकमा निजात्मकता, अनुभूतिमयता, चिन्तनशिलता, अत्मीयता, कल्पनाप्रवणता, स्वच्छन्दता, रसात्मकता, रोचकता, चित्रात्मकता र कौतूहल गरी दश उपभेद र अन्यमा आख्यानात्मकता, पात्र, अवधि, समय-परिस्थिति र वातावरण-उद्देश्य र भाषाशैली गरी छ वटा उपभेद प्रस्तुत गरेका छन् (उपाध्याय, २०६६ : ५५-६६) ।

ग) वासुदेव त्रिपाठीले वर्ण्य विषयको निजी भोगको अनुभव र आत्मीयता दुई तत्त्वलाई प्रस्तुत गरेका छन् (पोखरेल, २०६९ :१४) ।

घ) भिक्टर प्रधानले स्पष्ट रूपमा नियात्राका वा यात्रा साहित्यका तत्त्वहरू उल्लेख नगरे तापनि आत्मपरकता, अनुभूतिमता, रोचकता, स्थानीयता, र गतिशीलता जस्ता कुरालाई सैद्धान्तिक र ऐतिहासिक चर्चाका क्रममा प्रस्तुत गरेका छन् (पोखरेल, २०६९ :१४) ।

ङ) तारानाथ शर्माले यात्रा स्थलको तथ्यात्मकता, यात्रीको भावना, अनुभूति र कल्पना प्रवणता जस्ता कुराहरूलाई यसका तत्त्वका रूपमा अघि सारेका छन् (पोखरेल, २०६९ :१४) ।

उपर्युक्त विभिन्न विद्वान्हरूका अभिमतका आधारमा निष्कर्षत : के भन्न सकिन्छ भने नियात्रा वा यात्रा साहित्य मूलतः निजात्मक निबन्धबाट विकसित लेखन भएको हुँदा निबन्धका अनेक तत्त्व यसका पनि तत्त्वका रूपमा रहेका देखिन्छन् । निबन्धका निम्ति आवश्यक नपर्ने र नियात्राका निम्ति नभई नहुने तत्त्व यात्रामयता वा गतिशीलता हो, जुन कुनै एक निश्चित स्थल वा प्रदेशदेखि अर्को एक वा अनेक निश्चित स्थल वा प्रदेशसम्म अखण्डित रहन्छ। उपर्युक्त अभिमतहरूका आधारमा नियात्राका तत्त्वहरूलाई यस अध्ययनमा वेदव्यास उपाध्यायको मत अनुसार निम्न लिखित रूपमा प्रस्तुत गरिएको छ ।

## २.३.१ गतिशीलता

गतिशीलता वा यात्रामयता नियात्राको प्रथम आधारभूत तत्त्व हो । नियात्रामा यात्रा अनिवार्य हुन्छ । यात्रा हिँडेर, उडेर, गुडेर जसरी भए पनि यात्रा गरेकै हुनु पर्दछ । यात्रा गतिशील साथै वास्तविक पनि हुन्छ । यात्राविना नियात्राको रचना गर्दा नियात्रा

अवास्तविक हुने भएकाले गतिशीलता वा यात्रामयताकै कारण हरेक पाठक नियात्राकारसँगै वास्तविक रूपमै यात्रा गरिरहेको महसुस गर्न सक्दछ ।

## २.३.२ स्थानीयता

कुनै पनि यात्रा कुनै कुनै स्थान र समयसित सम्बद्ध हुन्छ । जुन स्थानको यात्रा गरिएको हुन्छ त्यहाँको परिवेश वा स्थानीयतालाई नियात्राकारले नियात्राको विषयवस्तु बनाएको हुन्छ । स्थानीयता अन्तर्गत नियात्राकार यात्राविधि, यात्रारत स्थलहरू, समाज, भेषभूषा, संस्कृति, प्रकृति अदि सबै पर्दछन् । छोटकरीमा भन्दा यात्राको क्रममा आएका जीवन र जगत् सबै स्थानीयताभित्र पर्दछन् । जसको अभावमा नियात्रा सिर्जनाको कल्पनासम्म पनि गर्न सकिदैन । त्यसकारण स्थानीयतालाई नियात्राको अर्को आधारभूत तत्त्व मानिन्छ ।

## २.३.३ चित्रात्मकता

एक ठाउँबाट अर्को ठाउँमा जानु वा विचरण गर्नुलाई यात्रा भनिन्छ । यात्रा गतिमय वा गतिशील हुन्छ । यात्राका क्रममा हरेक स्थानमा विभिन्न नयाँ दृश्यहरू साक्षात्कार हुन्छन् । ती विभिन्न नयाँ सजीव दृश्यहरूका चित्रण गर्ने क्षमता नियात्राकारमा हुनुपर्छ । नियात्राकारमा निहित चित्रात्मकताकै कारण पाठकको मनलाई आकर्षित गर्न सक्दछन् र सो स्थानमा काल्पनिकताकै कारण पाठकहरू विचरण गर्न पाउँछन् । जसका कारण नियात्रा रसमय बन्दछ । त्यसैले हामी भन्न सक्छौ कि चित्रात्मकता नियात्राको अर्को महत्त्वपूर्ण र अत्यावश्यक तत्त्व हो ।

## २.३.४ कौतूहलता

मानव स्वभावले भ्रमणप्रिय हुन्छ । भ्रमणका निम्ति भ्रमण गर्ने व्यक्तिका मनभित्र प्रवल कौतूहल उत्पन्न भएको हुन्छ । यसले भ्रमणकारका मनमा भ्रमण गर्ने स्थानप्रति आकर्षण र उत्प्रेरणा सिर्जना गर्दछ । नियात्रा लेखन यात्रा वा भ्रमणविना सम्भव हुँदैन । यात्राका क्रममा एकपछि अर्को गर्दै विभिन्न स्थान, समाज, जनजीवन, रहनसहन, संस्कृति एवम् घटना प्रति यात्राकारको कौतूहल, यात्राको क्रमसँगै बढ्दै गएर यात्रावधिभर कायम

रही यात्राको समापनसँगै टुङ्गिन्छ। यसप्रकार यात्राकारको मनमा यात्राको सुरुदेखि अन्त्यसम्म कायम रहेर कृतिलाई सजीव रूपले अगाडि बढाएर पाठकका मनमा उत्प्रेरणा जगाउने भएकाले कौतूहललाई नियात्रा साहित्यको अनिवार्य तत्त्वका रूपमा लिनु पर्दछ।

### २.३.५ स्वच्छन्दता

नियात्रामा प्रत्येक नियात्राकारको निजी पहिचान स्थापना गराउनका लागि स्वच्छन्दता अत्यावश्यक मानिन्छ। यात्रा साहित्य अन्तर्गत पर्ने नियात्रा विधालाई पल्लवित र पुष्पित गराउनका लागि आफूले यात्राका क्रममा देखेका, भोगेका र अनुभव गरेका तथ्यहरूलाई स्वच्छन्द वा उन्मुक्त किसिमले प्रस्तुत गर्नु पर्दछ। नियात्रालाई निर्जीव हुनबाट जोगाउन तथा नियात्रालाई सरस र रसिलो बनाउनका लागि अपरिहार्य तत्त्वका रूपमा स्वच्छन्दतालाई लिइन्छ। त्यसकारण कुनै पनि साहित्य सफल हुनका लागि स्वच्छन्दता आवश्यक पर्दछ। त्यसमाथि यात्रा साहित्य वा नियात्राले पाठकको मन जित्न र लेखक तथा पाठकका बीचको दूरी कम गर्न पनि स्वच्छन्दता आवश्यक हुन्छ। यसबाट के प्रस्ट हुन्छ भने नियात्राको एक महत्त्वपूर्ण तत्त्व स्वच्छदन्ता हो।

### २.३.६ तथ्यात्मकता

नियात्राको अर्को महत्त्वपूर्ण तत्त्व तथ्यात्मकता हो। नियात्रा कोठाभित्र मात्रै बसेर लेख्ने विधा नभएकाले यसका लागि नियात्राकार निश्चित स्थानमा गएर वास्तविक तथ्यका बारेमा ज्ञानार्जन गर्नु नै पर्दछ। तसर्थ तथ्यमा आधारित नभइकन नियात्रा रचना गर्न असम्भव हुने भएकाले यसका लागि आवश्यक तथ्यको जानकारी हुनै पर्दछ। अनावश्यक तथ्य हटाएर आवश्यक तथ्य समावेश गरेमा त्यसले लेखक पाठक दुवैलाई फाइदा पुग्ने भएकाले तथ्यात्मकतालाई नियात्राको महत्त्वपूर्ण तत्त्व मानिन्छ।

### २.३.७ अनुभूतिमयता

यात्राका क्रममा देखेका र भोगेका भूपरिवेश, सामाज, प्रकृति, संस्कृति, सांस्कृतिक जनजीवन आदिका साक्षात्कारबाट नियात्राकारलाई प्राप्त हुने अनेकानेक अनुभूतिहरूले

महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् साहित्य सिर्जनामा अनुभूतिको अभावमा नियात्राको रचना गर्न नसकिने भएकाले अनुभूतिमयतालाई नियात्राको अत्यावश्यक तत्त्व मानिन्छ ।

### २.३.८ आत्मीयता

नियात्रा रचना गर्नका लागि विभिन्न स्थानको विचरण वा भ्रमण आवश्यक मानिन्छ । नियात्राकारले भ्रमण गरेका विभिन्न स्थान, देखेका पशुपक्षी, बनस्पति अथवा सजीव वा निर्जीव वस्तुसँग तादात्मीकरण वा आत्मीयताको अभावमा नव-नव रचना गर्न सम्भव नहुने भएकाले नियात्राको अर्को महत्त्वपूर्ण तत्त्वका रूपमा आत्मीयतालाई लिनु पर्दछ ।

### २.३.९ निजात्मकता

आत्मपरक लेखनका निम्ति ती आवश्यक तत्त्वका रूपमा निजात्मकतालाई लिइन्छ । हरेक प्राणीका स्वभावमा निजात्मकता भेटिन्छ । त्यसमाथि पनि साहित्य सिर्जनामा यसको अझ बढी महत्त्वपूर्ण स्थान हुन्छ । निजात्मकताका कारणले गर्दा नै एउटै शीर्षक र विधामा फरक फरक व्यक्तिको फरक फरकपन भेटिन्छ ।

### २.३.१० चिन्तनशीलता

कुनै पनि स्रष्टाले चिन्तनशीलताको अभावमा नव-नव साहित्यको सिर्जना गर्न सक्दैन । त्यसमा पनि नियात्रामा नियात्राकार यदि चिन्तनशील हुन नसकेमा बौद्धिकताको अभावमा नयाँ सिर्जना हुन सक्दैन । नियात्रा सिर्जना गर्न नियात्राकार विभिन्न स्थानमा पुग्नु पर्दछ, त्यहाँ उसले देखेका, भोगेका कुराहरूलाई चिन्तन गरेर जस्ताको तस्तै रूपमा प्रस्तुत गर्नु पर्ने भएकोले चिन्तनशीलतालाई नियात्राको अत्यावश्यक तत्त्व मान्नु पर्दछ ।

### २.३.११ उद्देश्य

साहित्यका अन्य विधाका तुलनामा नियात्राको उद्देश्य पृथक् हुन्छ । नियात्राकारको प्रमुख उद्देश्य यात्रा भएकाले सोदेश्यमूलक यात्राको अपेक्षा नियात्रामा गरिन्छ । निरुद्देश्य यात्रा वा स्वच्छन्द भ्रमणमा आनन्द प्राप्त भए तापनि नियात्रामा यसले कुनै महत्त्व

राख्दैन । त्यसकारण यात्रामा अनुभव गरेका नवीन अनुभूतिहरूलाई सरल र सहज भाषाका माध्यमद्वारा पाठकसामु प्रस्तुत गर्नु नियात्राकारको मुख्य उद्देश्य हुन्छ । त्यसकारण उद्देश्यलाई नियात्राको महत्त्वपूर्ण तत्त्वका रूपमा स्वीकार गर्नु पर्दछ ।

## २.४ नियात्राका निकटवर्ती उपविधाहरू

यात्राका क्रममा देखेका भोगेका र अनुभव गरेका वस्तु तथ्यलाई निजात्मक रङ्गले रङ्गाएर भावना र कल्पनाको यथोचित समन्वयको साथ मनोहरी शैलीमा आत्मपरक ढगबाट लिपिवद्ध गरेको यथार्थपरक आत्मराग रञ्जित प्रस्तुतिलाई नियात्रा भनिन्छ । नियात्राका लागि गतिशीलता, स्थानीयता, तथ्यात्मकता, निजात्मकता, अनूभूतिमयता, चिन्तशीलता, आत्मीयता, कल्पना प्रवणता, स्वच्छन्दता, रोचकता, चित्रात्मकता, कौतुहलता, उद्देश्य, भाषाशैली जस्ता तत्त्वहरू आवश्यक मानिन्छ । नियात्राका गुणहरूसँग निकट रहेका केही अन्य उपविधाहरू पनि रहेका छन् जसका बारेमा वेदव्यास उपाध्यायले “यात्राको प्रवाहसँगै संस्मरण लहराएको हुन्छ, दैनिकीले व्यापकता पाएको हुन्छ । पत्र साहित्यका सन्देश, हार्दिकता, मनोरञ्जन, वैयक्तिकरण जस्ता पक्षहरू तरङ्गित हुन्छन् । आत्मकथा यात्रासँग मिलेर ढुकढुक गरेको हुन्छ, शब्दचित्र यात्राकै क्रममा विभिन्न व्यक्ति, वस्तु स्थान आदि पक्षको कलात्मक तस्वीर खिच्न सक्रिय रहन्छ र विवरण यात्रासँग जोडिएका सत्यतथ्य सहितका विविध पक्षलाई साहित्यिक भावभूमि अभिव्यक्त गर्न अग्रसर भएको हुन्छ” (उपाध्याय, पूर्ववत, ७३-८०) भनेका छन् । यसरी उपाध्यायले प्रस्तुत गरे झैं नियात्राका निकटवर्ती उपविधाहरूलाई निम्नानुसार अध्ययन गरिएको छ ।

### क) निबन्ध

नियात्रा निबन्धको निजात्मक भेदबाट विकसित लेखन हो । नियात्राको सम्बन्ध निबन्धसँग पूर्वज आत्मीयता, भावुकता र हार्दिकता जस्ता निश्चल अनुभूतिका साथै स्वच्छन्दता, रसात्मकता, सजीवता, कल्पना प्रवणता, आत्मकपरकता वा निजात्मकता र चिन्तनशीलता जस्ता गुणहरू नियात्रामा पनि पाइने हुनाले नियात्राको अत्यन्त नजिकको उपविधाका रूपमा निबन्धलाई लिने गरिन्छ ।

## ख) संस्मरण

नियात्राको दोस्रो निकट उपविधाको रूपमा संस्मरणलाई लिने गरिन्छ । कुनै घटना, व्यक्ति महत्त्वपूर्ण अनुभव आदिलाई आत्मपरक शैलीमा लेखिने सङ्क्षिप्त आकार प्रकारको रचनालाई संस्मरण भनिन्छ ।

मोहनराज शर्माका अनुसार "वैयक्तिक अनुभव तथा स्मरणका आधारमा आफ्नो वा अरू कसैको जीवन वृत्तान्तलाई विषय बनाएर लेखिएको निबन्धलाई संस्मरण भनिन्छ" (शर्मा, २०५५ : ५१५) । अतः नियात्रामा पनि उपर्युक्त कुराहरू समावेश हुने भएकाले संस्मरणलाई नियात्राको निकटवर्ती उपविधा मानिन्छ ।

## ग) विवरण

निबन्धको एक भेदको रूपमा लिइने विवरणलाई प्रतिवेदन, घटनालेखन, जाहेरी, टिपोट आदिका नामले पनि चिनिन्छ । विवरणमा रमणीयपन तथा कलात्मकता केही मात्रामा भए तापनि बढी मात्रामा सत्य तथ्यको उपयोग गरिन्छ । विवरणमा प्राप्त वस्तुतथ्यको शृङ्खलाबद्ध प्रस्तुति हुने भएकोले यो ज्ञानबर्द्धक तथा सूचनामूलक हुन्छ । त्यसैले विवरणलाई पनि नियात्राको निकटवर्ती उपविधा मानिन्छ ।

## घ) दैनिकी

लेखकले बिहान आफू उठेदेखि बेलुका सुत्नु अघिसम्मका, देखे भोगेका आफू सम्बद्ध व्यक्तिगत तथा समाजका विभिन्न क्षेत्रसँग सम्बद्ध घटना तथा अनुभवहरूलाई सामान्य भूत कालमा लेख्ने एक प्रकारको लेखनलाई दैनिकी भनिन्छ । यो नितान्त व्यक्तिगत लेखन हो । यसमा लेखक स्वयम्‌को जीवनमा घटित नितान्त वैयक्तिक घटनादेखि लिएर समाजका विविध क्षेत्रसित सम्बद्ध घटना प्रसङ्ग यसका विषय बन्न सक्छन् । ती मध्ये साहित्यिक मूल्य प्राप्त गरेको दैनिकीलाई नै दैनिकी साहित्य भनिन्छ । साहित्यको मान्यताप्राप्त यस उपविधालाई नियात्राको निकटवर्ती रूपमा लिइन्छ ।

## ङ) रिपोर्ताज

सञ्चार तथा साहित्यको विकाससँगै जन्मन पुगेको गद्य साहित्यको नवीन लेखनलाई रिपोर्ताज भनिन्छ । यो पत्र पत्रिकाका सन्दर्भमा पत्रकारहरूले राष्ट्रिय महत्त्वको

खबर बन्न सक्ने समाज, देश, वा विदेशमा घटेका, अत्यन्त, समसामयिक र गम्भीर घटनाहरूको तथ्यात्मकतालाई प्रतिवेदन बनाउदै जाने क्रमको विकसित रूप हो । तथ्य र दृश्यकै आधारमा रचना गरिने हुनाले यसलाई पनि नियात्राको निकटवर्ती उपविधाकै रूपमा लिने गरिन्छ ।

### च) शब्दचित्र वा रेखाचित्र

चित्रकलामा रेखाका माध्यमबाट कुनै स्थान, प्रकृति, वस्तु र व्यक्तिको सजीव चित्र प्रस्तुत गरिए झैं साहित्यमा शब्दका माध्यमबाट त्यो काम दुरुस्त रूपमा गरिन्छ। बालकृष्ण पोखरेलले "प्रत्यक्ष देखेझैं गरी कुनै व्यक्ति वस्तु वा घटनाको वर्णन गरिने साहित्यिक लेखन वा शैली विशेषलाई शब्दचित्र भनिन्छ" (पोखरेल र अन्य (सम्पा.) : ११८२) भनेका छन् । यसप्रकार आफूले अनुभव गरेका दृश्यहरूलाई शब्दका माध्यमबाट सजीव रूपमा उतार्न सके मात्र नियात्राकार सफल मानिन्छ। नियात्राभित्र समाविष्ट तथ्यात्मकतालाई उजागर गर्न पनि शब्दचित्र आवश्यक हुन्छ। तसर्थ यी दुई विधा तथा उपविधावीच निकट सम्बन्ध भेटिन्छ ।

### छ) जीवनी

जीवनी पाठकका लागि सन्देश मूलक हुने गर्दछ। जीवनी विवरणात्मक र सूचनात्मक हुन्छ। जीवनी नितान्त रूपले व्यक्तिकेन्द्रित साहित्यिक लेखन हो। सत्यको उद्घाटन गर्नु नै जीवनीकारको एक मात्र लक्ष्य हुन्छ। यसरी जीवनी सत्य र तथ्यमा आधारित हुने हुनाले यसलाई पनि नियात्राको निकटवर्ती उपविधा मानिन्छ ।

## तेस्रो परिच्छेद

# नियात्राकार शारदा शर्मा र उनी पूर्वको नियात्रा विकास प्रक्रिया

## ३.१ नियात्राको विकास प्रक्रिया

### ३.१.१ पृष्ठभूमि

मानिसले सभ्यताको थालनीदेखि नै घुमफिर गर्न थाल्यो यही प्रवृत्तिले गर्दा मानिसलाई आजको वैज्ञानिक र विकसित युगसम्म ल्याइपुऱ्यायो । मानवको प्रगति, तथा परिमार्जन हुनमा भ्रमण/यात्रा प्रवृत्तिले भूमिका खेलेको पाइन्छ। प्रिया गौतमले "पुरातात्विक इतिहास, प्राकृतिक विचित्रताको इतिहास, सांस्कृतिक विविधका अतिरिक्त आज विज्ञानले ल्याएका आश्चर्यलाग्दा कुराहरूको अवलोकन, आस्वादन र तिनबाट प्राप्त अनुभूतिहरूलाई मानवले इतिहासको आदिकालदेखि नै मौलिक, लिखित, वा यस्तै अन्य माध्यमबाट यद्किञ्चित रूपमा अभिव्यक्त गर्दै आएको छ र यद्यपि यो परम्परा यथावत छ। यात्राबाट प्रेरित भएर लेखिने यात्रा साहित्यको विकासकाल उन्नाइसौं वा बीसौं शताब्दी मात्रै मान्न सकिए पनि यसको प्राचीनताको दृष्टिले चाहिँ मानवमा सौन्दर्य चेतना विकास भइसकेपछि नयाँ नयाँ ठाउँको अवलोकन गर्न थालेका प्रागैतिहासिक कालसम्म पुग्न सकिन्छ" (गौतम, २०५४ : २६) भनेकी छन् ।

सभ्यताको प्रारम्भमा मानिसले गास, बास र कपासकै लागि यात्रा गरे पनि मानवमा जब चेतनाको विकास भयो तबदेखि मनोरञ्जन, नयाँ संस्कृति, परिवेशको जानकारीका लागि, शैक्षिक ज्ञान अभिवृद्धिका लागि तथा धार्मिक उद्देश्यले आन्तरिक तथा बाह्य पर्यटनकै रूपमा भ्रमणलाई विकसित गराएको पाइन्छ । मानिसको यही विविध रुचिका कारणले गरिने यात्राको प्रभाव विश्वका हरेक साहित्यमा परेको पाइन्छ ।

पूर्वको सर्वप्राचीन ग्रन्थ ऋग्वेदलाई साहित्यिकको आदि ग्रन्थका रूपमा मानिन्छ । ऋग्वेदका उषः सूक्तहरूमा एक कुशल एवम् स्वच्छन्दतावादी कविले सुन्दर प्रकृतिमा यात्रा गर्दै यात्रा कविता (सूक्त) रचना गरेका छन् । वैदिक साहित्यपछि बाल्मीकिको 'रामायण' र कालिदासको 'महाभारत' जस्ता आर्ष महाकाव्यहरूमा पनि धेरै ठाउँका यात्राको सुन्दर

वर्णन पाइन्छ । यसै गरी कालिदासको 'मेधदूत', दण्डीको 'दशकुमारचरित' वाणभट्टको 'कादम्बरी' जस्ता कृतिहरूमा पनि सुन्दर र आकर्षक शैलीमा यात्रावर्णन गरिएको छ । चिनियाँ यात्रीहरू फायमान, ध्वेनसाङ आदिका यात्रा वर्णनहरू पनि उल्लेखनीय छन् ।

हालसम्म प्राप्त सर्वप्राचीन यात्रालेख 'राजा गगनिराजको यात्रा' नामक (वि.सं. १५५० तिर हो) अज्ञात लेखकको यात्रा वर्णन साथै सुवानन्ददासको कविता 'पृथ्वीनारायण शाह' लडाई गर्दाको यात्रावर्णन, अज्ञात लेखककै 'जङ्गबहादुरको बेलायत यात्रा' (वि.सं. १९१०) यात्रालेखन प्राप्त भएको छ । त्यसैगरी पाश्चात्य साहित्यमा पनि पसेनियसको 'हिलाडस पेरिजेसिर', रवर्ट लुई स्टिभेन्सको 'अ जर्नी विद अ डङ्की' (इ.सं. १७७२) स्यामुअल जोनसनको 'अ जर्नी टु द वेष्टर्न आइसेल्स अफ स्कटल्याण्ड' (इ.सं. १७७५), अल स्टेन्सिको 'अ सेन्टिमेन्टल जर्नी' (इ.सं. १८१०), रुडोल्फ रास्पको 'व्यानर मन्चसन' (इ.सं. १७८५) आदि यात्रा साहित्यका पृष्ठभूमि हुन् र यही नियात्राको पृष्ठभूमि हो (इन्साइक्लोपेडिया ब्रिटानिका, १९६८ : ६१७) ।

यसरी नियात्रा परम्पराको पृष्ठभूमि काल हेर्दा के प्रस्ट हुन्छ भने लामो रिक्ततालाई भर्दै नेपाली यात्रा साहित्य एवम् नियात्रा परम्परामा 'जङ्गबहादुरको बेलायत यात्रा' ले एक कोशेढुङ्गाको रूप लिन पुगेको छ र अज्ञात लेखकको कृतिबाट नेपाली साहित्यमा नियात्राको श्री गणेश भएको देखिन्छ ।

नेपाली यात्रा साहित्यको विकास प्रक्रियालाई विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाले विभाजन गरेका छन् । यसरी काल विभाजन गर्नेहरूमा प्रमुख रूपमा दायाराम श्रेष्ठ 'सम्भव' र मोहनराज शर्मा, होमनाथ सुवेदी, वेदव्यास उपाध्याय र प्रमोद प्रधान पर्दछन् । जुन निम्नानुसार छन् :

श्रेष्ठ र शर्माले नेपाली साहित्यको सङ्क्षिप्त इतिहास भन्ने आफ्नो पुस्तकमा दुई कालखण्डमा विभाजन गरेका छन् (श्रेष्ठ र शर्मा, पूर्ववत् : १८२) ।

क) निर्माण काल (२००७ को क्रान्तिपूर्व)

ख) विकास काल (२००७ को क्रान्ति पश्चात्)

त्यसरी नै होमनाथ सुवेदीले आफ्नो शोधपत्रमा नेपाली यात्रा साहित्यको कालक्रमिक स्वरूपलाई तीन भागमा विभाजन गरेका छन् (सुवेदी, पूर्ववत् : २६-४०) ।

क) नेपाली यात्रा साहित्यको प्राथमिक काल वि.सं. १९०६ देखि वि.सं. १९७० सम्म

ख) नेपाली यात्रा साहित्यको मध्यमिक काल वि.सं. १९७१ देखि वि.सं. १९९१ सम्म

ग)　नेपाली यात्रा साहित्यको आधुनिक काल वि.सं. १९९१ पश्चात् ।

त्यसरी नै वेदव्यास उपाध्यायले आफ्नो विद्यावारिधि शोधप्रबन्धमा नेपाली यात्रा साहित्यको विकास क्रमलाई तीन भागमा विभाजन गरेका छन् (उपाध्याय, पूर्ववत् : ९२) ।

क)　पृष्ठभूमि काल वि.सं. १५५० देखि वि.सं. १९६९ सम्म,

ख)　आरम्भ काल वि.सं. १९७० देखि वि.सं. १९९८ सम्म

ग)　आधुनिक काल वि.सं. १९९९ देखि वर्तमान सम्म

यसै क्रममा प्रमोद प्रधानले नेपाली निबन्धको इतिहास भन्ने आफ्नो पुस्तकमा नेपाली यात्रानिबन्ध : कालविभाजन भनी तीन चरणमा वर्गीकरण गरेका छन् (प्रधान, पूर्ववत् : २१९) ।

क)　प्रारम्भिक वा पहिलो चरण (वि.सं. १९१० भन्दा अघि)

ख)　विकासशील वा दोस्रो चरण (वि.सं. १९१० देखि वि.सं. २००९ सम्म)

ग)　आधुनिक वा तेस्रो चरण (वि.सं. २०१० देखि हालसम्म)

उपर्युक्त भिन्न भिन्न विद्वान्हरूले गरेका वर्गीकरणलाई आधार मानी यस अध्ययनमा वेदव्यास उपाध्यायले प्रस्तुत गरेझैं निम्नानुसारको वर्गीकरण गरी अध्ययन गरिएको छ ।

क)　पृष्ठभूमि काल (वि.सं. १५५० देखि वि.सं. १९६९ सम्म)

ख)　आरम्भ काल (वि.सं. १९७० देखि वि.सं. १९९८ सम्म)

ग)　आधुनिक काल (वि.सं. १९९९ देखि वर्तमान सम्म)

## ३.१.२ पृष्ठभूमि काल (वि.सं. १५५० देखि वि.सं. १९६९ सम्म)

नेपाली नियात्रा परम्पराको इतिहास निकै लामो रहेको छ । नियात्राको यस लामो चरणमा कतै निकै लामो रिक्तता छाएको छ भने कतै पूर्णता पनि पाएको छ । हालसम्मको खोज अनुसन्धानबाट प्राप्त भएको प्रमाण अनुसार 'राजा गगनिराजको यात्रा' ( वि.सं. १५५० तिर) नै सबै भन्दा जेठो नियात्रात्मक रचना हो । नेपाली साहित्यमा हालसम्म प्राप्त यात्रा साहित्य तथा नियात्राको प्राचीनतम लिखित रूप भने यही कृति नै हो । अतः 'राजा गगनिराजको यात्रा' को साहित्यिक महत्त्व त्यति नभए पनि नियात्राको इतिहासमा यसको निकै ठूलो महत्त्व रहेको छ । यसरी 'राजा गगनिराजको यात्रा' (वि.सं.

१५५० तिर) देखि हालसम्म नेपाली नियात्राले ५२२ वर्षको यात्रा पार गरिसकेको छ। 'जङ्गबहादुरको बेलायत यात्रा' (वि.सं. १९१०) देखि पनि नेपाली नियात्राले १६२ वर्षको यात्रा पूरा गरेको छ।

ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण अज्ञात लेखकद्वारा प्राचीन भाषामा लेखिएको 'राजा गगनिराजको यात्रा' कृतिसँगै यात्रा साहित्यको नियात्रा विधामा एउटा नयाँ परम्पराको थालनी भएको छ। वेदव्यास उपाध्यायले "यस कालका प्रमुख कृतिहरू बेनामी 'राजा गगनीराजको यात्रा' (र. वि.सं. १५५०), गदाधर पाध्यासुवेदीको 'अर्जीपत्र' वि.सं १८३१-३२) अन्तर्गत 'काशीयात्रा प्रसङ्ग' बेनामी । (सिद्धिमान सिंह भण्डारीको कृति भन्ने अनुमान गरिएको तर हालसम्म प्रमाणित भइ नसकेको 'जङ्गबहादुरको बेलायत यात्रा' (वि.सं. १९१०) बेनामी 'वत्तीस सालको रोजनाम्चा' (र.वि.सं. १९३२-३३) तथा शिखरनाथ सुवेदीद्वारा लिखित 'शिखरनाथ भाष्य' (वि.सं. १९५७)" (उपाध्याय, पूर्ववत् : ९२) भनेका छन्।

यसै क्रममा गदाधर पाध्या सुवेदीद्वारा रचित 'अर्जीपत्र' (र.वि.सं. १६०० तिर) रचनाकाल अनुल्लिखित कृति नेपाली यात्रा साहित्यको पृष्ठभूमिकालीन उपलब्ध सामग्रीहरूमध्ये उल्लेखनीय सामग्रीका रूपमा प्रस्तुत छ।

यसरी नै बेनामी 'श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी' अन्तर्गतको 'काशीयात्रा नामक ग्रन्थलाई बुद्धिसागर पराजुलीले सम्पादन एवम् दामोदर कोइरालाले संशोधन गरी तत्कालीन श्री ५ को सरकार वीर पुस्तकालयबाट वि.सं. २०२० सालमा प्रकाशित गरिएको छ। यसमा शाहको काशीयात्रा प्रसङ्ग समाविष्ट छ। यो जीवनी मूलक विधा भएकोले स्वतन्त्र यात्रा मूलक कृति नभए तापनि यात्रा साहित्यको पृष्ठभूमिकालीन कृतिमा समाविष्ट 'काशीयात्रा' उल्लेखनीय छ (पराजुली, २०२० : १-२१)।

पृष्ठभूमि कालिन अर्को कृति बेनामी (सिद्धिमान सिंह भण्डारीले लेखेको भन्ने अनुमान गरिएको तर हालसम्म प्रमाणित भइनसकेको) 'जङ्गबहादुरको बेलायत यात्रा' हो। लेखकाको नाम नखुलेको र वि.सं. १९१० तिरको कृति मानिएको उक्त पुस्तकको प्रथम प्रकाशन कमल दीक्षितका सम्पादनमा मदन पुरस्कार पुस्तकालयबाट वि.सं. २०१४ सालमा भएको हो। यसमा वि.सं. १९०३ मा नेपालका प्रधानमन्त्री बनेका राणाले वि.सं. १९०६ देखि १९०७ सम्म राजदूतका हैसियतले गरेको बेलायत यात्राको वृत्तान्त सरल र सहज भाषाशैलीमा गरिएको छ। त्यसरी नै यस कृतिमा साहित्यिक गुण तथा परकीय

यात्रावर्णन भएकाले नेपाली यात्रा साहित्यको पृष्ठभूमिकालीन महत्त्वपूर्ण कृति मानिन्छ ( दीक्षित, २०४७ : १२) ।

यसपछि बेनामी 'बत्तीस सालको रोजनाम्चा' अर्को उल्लेखनीय कृति हो । यो कृति जङ्गबहादुर राणा वि.सं. १९३२ सालमा पश्चिम नेपालको यात्रामा गएको र वि.सं. १९३३ मा फर्केको कुरा सरल र सहज भाषाशैलीमा दिनाङ्क उल्लेख गरी लेखिएको छ । मूलतः यो कृति यात्राकेन्द्री नभएर सिकारकेन्द्री छ, तापनि विषयवस्तु यात्रा नै भएकाले नेपाली यात्रा साहित्यको पृष्ठभूमि कालिन कृतिका रूपमा यसको महत्त्व छ (दीक्षित, २०२३ : ?) ।

यसरी 'राजा गगनराजको यात्रा' (वि.सं. १५५०) देखि सुरु भएको नेपाली नियात्राको पृष्ठभूमि कालमा अज्ञात लेखकका र लेखक थाहा भएका विभिन्न कृतिहरू प्रकाशित भएका थिए । यस क्रमको अन्त्यमा पद्यमा यात्रावर्णन गरिएको चिरञ्जीवी शर्मा पौड्यालको 'श्रीयुरोप यात्रा (वि.सं. १९६७) उल्लेख्य छ" (उपाध्याय, पूर्ववत् १०७-१११) यसप्रकार अज्ञात लेखकको 'राजा गगनिराजको यात्रा (वि.सं. १५५० तिरको) देखि 'श्री युरोपयात्रा' (वि.सं. १९६७) सम्मको समयावधिलाई नेपाली नियात्रा साहित्यको पृष्ठभूमिकाल मानिन्छ। यसपछिका दुई वर्षमा उल्लेखनीय कृतिहरू रचना भएको पाइँदैन ।

### ३.१.३ आरम्भ काल (वि.सं. १९७० देखि वि.सं. १९९८ सम्म)

पृष्ठभूमि तथा प्राथमिक कालमा असचेत रूपले वस्तुपरक शैलीमा परकीय यात्रावर्णनबाट आरम्भ भएको नेपाली यात्रा साहित्यक लेखन आत्मपरक शैलीको स्वकीय यात्रावर्णनबाट क्षीण आशा प्रस्तुत गर्दै पुनः वस्तुपरक शैली र परकीय यात्रावर्णन मै सीमित हुन पुगेको परिप्रेक्ष्यमा 'मेरो लन्दन राजतिलक यात्रा' शीर्षक ग्रन्थाकार यात्रासाहित्यिक कृति लिएर वि.सं.१९७० मा शेरसिंह रानाको आगमन हुन्छ । उनबाट सर्वथा सचेत रूपले आत्मपरक शैलीमा स्वकीय यात्रावर्णन गरिएको उक्त कृति नेपाली यात्रा साहित्यमा एउटा कोशेढुङ्गाको रूपमा उपस्थित देखिन्छ (पोखरेल, २०६९ : ३३) किन भने उक्त कृतिको प्रणयन प्रकाशनबाट नेपाली यात्रा साहित्यिक लेखनमा एक नवीन युगको आरम्भ हुन्छ, जसलाई नेपाली यात्रा साहित्यको आरम्भ वा प्रवर्तन काल मान्न सकिन्छ । भने नपाली साहित्यमा एक युगान्तकारी र नवयुग प्रर्वतक मानिने 'शारदा' ( वि.सं. १९९१) पत्रिकाको प्रकाशनसँगै कविता, कथा र निबन्ध विधाले आधुनिक स्वरूप

प्राप्त गरे जस्तै यसै पत्रिकामा प्रकाशित भवानी भिक्षुको 'सिमलासम्म' (वि.सं. १९९९) शीर्षक यात्रासाहित्यिक कृतिले नयाँ युगको प्रवर्तन स्पष्ट रूपमा गर्दछ । यो प्रवर्तन पूर्वको (वि.सं. १९७० देखि वि.सं. १९९८ सम्मको) अवधिलाई नियात्रा साहित्यको आरम्भ काल मान्नु उपयुक्त हुन्छ (उपाध्याय, पूर्ववत् : ११३) । यस कालमा नेपाली नियात्राले आधुनिक यात्रा साहित्यिक स्वरूप निर्माण गर्नका लागि सबल पूर्वाधार समेत प्राप्त गरेको पाइन्छ ।

यस कालमा निम्नानुसारका स्वकीय र परकीय यात्रावर्णनमा आधारित कृतिहरूको रचना भएको पाइन्छ । शेरसिंह रानाको 'मेरो लन्दन राजतिलक यात्रा' (वि.सं. १९७०), चिरञ्जीवी शर्मा पौड्यालको 'आफ्ना कथा' (र.वि.सं. १९७४, प्र.वि.सं. २०१४) अन्तर्गत 'काश्मीर यात्रा प्रसङ्ग', हरिनाथ प्याकुर्‍यालको 'तीर्थ जाँदाको वृत्तान्त' (वि.सं. १९७४), अज्ञात व्यक्तिद्वारा लिखित 'समुन्द्र यात्राको आनन्द' (गोरखापत्र .वि.सं. १९७८), गुरूप्रसाद मैनालीको 'श्री ५ मुमा वडामहारानीका तीन धाम सवारीको दैनिक विवरण' ( र.वि.सं. १९८१, प्र.वि.सं. २०५१, उन्नयन), काशीनाथ आचार्य दीक्षितको 'भएका कुरा' ( र.वि.सं. १९८८, प्र.वि.सं. २०३१), शमशेर बहादुर मल्लको 'छ मैन्हाको भ्रमण' (शारदा वर्ष १ अङ्क ८, (वि.सं. १९९२ असोज) सुवर्णमान सिंह कटुवालको 'वराहक्षेत्र दर्शन' ( शारदा वर्ष ४, अङ्क १२ (ख), वि.सं. १९९५-चैत्र), रणशर लिम्बुको 'वर्माको सम्झना' ( र.वि.सं. १९९६, प्र.वि.सं. २०१८) आदि रहेका छन् ।

यस प्रकार यस कालमा भिन्न लेखकका स्वतः स्फूर्त ढङ्गबाट वस्तुपरक प्रस्तुतिमा परकीय यात्रावर्णनका तुलनामा आत्मपरक पूर्णतः स्वकीय यात्रावृत्तान्त, यात्रागत वस्तुतथ्यमा आधारित धार्मिक विषय प्रसङ्गको वर्णन, संस्मरणात्मक, आत्मकथात्मक, शिकारकेन्द्री यात्रासित सम्बद्ध, तीर्थयात्राको चर्चा, विश्वयुद्धको चर्चासँग सम्बन्धित विषयवस्तु भएका कृतिहरू रचना भएको पाइन्छ । यसरी शेरसिंह रानाद्वारा लिखित 'मेरो लन्दन राजतिलक यात्रा (वि.सं. १९७०) देखि भवानी भिक्षुको 'सिमलासम्म' (वि.सं. १९९९) भन्दा अगाडिको कालावधिलाई नेपाली नियात्रा साहित्यको आरम्भ काल मानिन्छ ।

### ३.१.४ आधुनिक काल (वि.सं. १९९९ देखि वर्तमान सम्म)

नेपाली नियात्रा साहित्यको आरम्भकालपछिको समयलाई आधुनिक काल मानिन्छ । यसै सिलसिलामा वि.सं. १९९१ सालमा 'शरदा' पत्रिकाको प्रकाशन आरम्भ भयो । फलतः अन्य आधुनिक विधाको लेखनसँगै आधुनिक नेपाली यात्रा साहित्यको लेखनका निम्ति

उत्साहजनक वातावरणको सिर्जना भयो र विधा सिद्धान्त र मान्यताप्रति सचेत नयाँ-नयाँ आधुनिक यात्रा लेखक देखापर्दै जान थाले। यस कालको नियात्रा साहित्यलाई अग्रगति प्रदान गर्नमा शारदा, गोरखापत्र, उदय, प्रगति, धरती, जुद्धोदय पब्लिक हाई स्कुल पत्रिका रूपरेखा, रचना, हिमानी, मुकुट, रत्न श्री, भानु, आँखो, मोती, मधुपर्क, सम्झना, अभिव्यक्ति बगगाछी, युगज्ञान साप्ताहिक, मिर्मिरे, संसार, पारिजात, गरिमा, बगर, उन्नयन, आदि पत्रपत्रिका तथा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, जगदम्बा प्रकाशन, साझा प्रकाशन जस्ता थुप्रै प्रकाशन संस्थाहरूको महत्त्वपूर्ण योगदान रहेको छ। आधुनिक नियात्रा साहित्यलाई अध्ययनमा सहजताका लागि वेदव्यास उपाध्यायले झैँ गरी तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ।

क) प्रथम चरण (वि.सं. १९९९ देखि वि.सं. २००९ सम्म)

ख) द्वितीय चरण (वि.सं. २०१० देखि २०२२ सम्म)

ग) तृतीय चरण (वि.सं. २०२३ देखि वर्तमानसम्म)

## ३.१.४.१ प्रथम चरण (वि.सं. १९९९ देखि वि.सं. २००९ सम्म)

आधुनिक कालको प्रथम चरणको महत्त्वपूर्ण रचनाको रूपमा भवानी भिक्षुको 'सिमलासम्म' (वि.सं. १९९९) लाई लिइन्छ। उपेन्द्र पुरुष शर्माको 'मानसरोवर तथा कैलाको वर्णन' (वि.सं. १९९९) केशवराज पिडालीको 'त्रिशूलीको बाटो' (वि.सं. १९९९) फलेन्द्र विक्रम राणाको 'भेडावारी यात्राको एक झलक' (वि.सं. १९९९) लक्ष्मी प्रसाद देवकोटाको "गौरीशंकर यात्रा" (वि.सं. २०००), "पहाडी जीवन" (वि.सं. २०००), "मेरो पाल्पा तान्सेनतर्फको यात्रा" (वि.सं. २००५), मुक्तिनाथको 'पोखराको बजार (वि.सं. २००५) बाबुराम आचार्यको 'भगवान् पारसनाथ' (वि.सं. २००५), लैनसिंह वाङ्देलको 'डायरीको एक पृष्ठ' (वि.सं. २००९), आदि यस चरणका उल्लेख्य नियात्रा सङ्ग्रह हुन्। यस चरणमा पनि यात्रास्थलका वर्णन, यात्राको आनन्द, आख्यातात्मक, संस्मरणात्मक प्रस्तुति, प्रकृतिप्रेम भएका भेटिन्छन्।

यसरी नेपाली नियात्रा साहित्यको आधुनिक कालको प्रथम चरणमा विभिन्न यात्रा लेखक भए तापनि सशक्त यात्रालेखकका रूपमा भवानी भिक्षु, लक्ष्मीप्रसाद देवकोटा र भीमनिधि तिवारी देखा परेका छन्। यसकारण भवानी भिक्षुको 'सिमलासम्म' (वि.सं.

१९९९), देखि लैनसिंह वाङ्देलको 'डायरीको एक पृष्ठ' (वि.सं. २००९) सम्मको समयावधिलाई आधुनिक कालको प्रथम चरण मानिन्छ ।

### ३.१.४.२ द्वितीय चरण (वि.सं. २०१० देखि २०२२ सम्म)

नेपाली नियात्रा साहित्यको आधुनिक कालको द्वितीय चरणको आरम्भ वि.सं. २०१० मा नारायण बास्कोटाको सम्पादनमा काठमाडौंबाट प्रकाशित प्रगति द्वैमासिक पत्रिकाको वर्ष १ अङ्क ४ (वि.सं. २०१० कार्तिक-मङ्सिर) देखि क्रमशः वर्ष १ अङ्क ५, वर्ष ३, अङ्क १, पूर्णाङ्क १३ र वर्ष ३ अङ्क २, पूर्णाङ्क १४ मा गरी चारवटा अङ्कमा धाराबाहिक रूपले प्रकाशित एवम् पछि वि.सं. २०१४ मा उही शीर्षकमा ग्रन्थकार रूपले प्रकाशित लैनसिंह बाङ्देलको पत्रशैलीको यात्रा साहित्यिक कृति युरोपको चिठी (वि.सं. २०१४), बाट भएको देखिन्छ । त्यसपछि प्रगति लगायत काठमाडौबाट प्रकाशित हुने 'शारदा', 'गोरखापत्र', 'धरती', 'हिमाली' साथै भारतको बनारसबाट प्रकाशित 'उदय', दार्जीलिङ्बाट प्रकाशित हुने 'दियालो', आदि पत्रपत्रिकाहरूमा अनेक यात्रासाहित्यिक कृतिहरूको प्रकाशन भएको पाइन्छ ।

यस कालमा प्रकाशित केही उल्लेख्य कृतिहरूमा मनकुमारी थापाको 'मेरो स्कटल्याण्ड यात्रा' (भारती, वि.सं. २०१०), दौतलविक्रम विष्टको 'वायुयानमा पैतालिस मिनेट' (प्रगति, वि.सं. २०११), भवानी भिक्षुको 'मेरो काठमाडौं यात्रा' (शारदा, वि.सं. २०११), मधुमालती प्रधानको 'मेरो बनारस यात्रा' (भारती, विसं. २०१२), सुरेन्द्रराज शर्माको 'देश उभोतिर' (गोरखापत्र, २०१२), मुरारीकृष्ण शर्माको पुस्तककार कृति ' पश्चिम नेपालमा श्री ५ महेन्द्र' (वि.सं. २०१२), बालकृष्ण रूपावासीको 'सुङ्नामनेरको बास' (उदय, वि.सं. २०१३) सत्यमोहन जोशीको 'हाम्रो लोक संस्कृति' (वि.सं. २०१३), धर्मराज थापाको पुस्तकाकार कृति 'मेरो नेपाल भ्रमण' (जुद्धोदय पब्लिक हाई स्कुलको पत्रिका (वि.सं. २०१७), प्रेमराज शर्मा पौडेलको 'एउटा यात्रा' (नेपाली, वि.सं. २०१७), मदनसिंह मगरको पुस्तकाकार कृति 'श्री ५ महेन्द्रको पाकिस्तान यात्रा' (वि.सं. २०१८), डोर बहादुर विष्टको 'थाकखोलाको यात्रा' (गोरखापत्र, वि.सं. २०१९) विजयराज आचार्यको 'मूलबाटोमा मेला' (जुद्धोदय पब्लिक हाइ स्कुल पत्रिका, वि.सं. २०१९) मोहनमणि आ.दी को 'राष्ट्रसेवामा' (नेपाली, वि.सं. २०१९), लैनसिंह वाङ्देलको पुस्तकाकार कृति 'स्पेनकोसम्झना' (वि.सं. २०२०), पूर्ण प्रसाद ढुङ्गेलको पुस्तकाकार कृति 'श्री ५ महेन्द्रको

नारायणी यात्रा' (वि.सं. २०२०) भैरव अर्यालको 'पाकिस्तानमा हाम्रा केही दिन' ( गोरखापत्र, वि.सं. २०२१), र 'सकै दिनको कुरो' (गोरखापत्र, वि.सं. २०२१), लोकराज बरालको 'ताजमहल एउटा घुँइचो भित्रको कथा, (र.वि.सं. २०२१), केदारमणि आ.दी.को पुस्तकाकार कृति ' वेलायत जाँदा' (वि.सं. २०२२) आदि रहेका छन् ।

सारांशतः यस चरणमा स्वदेशी तथा विदेशी परिवेशकेन्द्री कृतिहरूको लेखन भएको पाइन्छ । साथै कतिपय नारी यात्राकारहरूले पनि यस क्षेत्रमा कलम चलाएको पाइन्छ । यस चरणका उल्लेख्य स्रष्टाहरूमा लैनसिंह बाङ्गदेल, धर्मराज थापा, केदारमणि आ.दी. देखिन्छन् । यस चरणमा संस्मरणात्मक शैलीमा, चोखो नेपालीपनात्मक भाषाशैली, यात्राअनुभव, धार्मिक तथा पर्यटकीय सूचना सम्प्रेषण, स्वकीय र परकीय यात्रावर्णनात्मक जस्ता विशेषता पाइन्छन् । यसरी नेपाली नियात्रा साहित्यको विकास क्रममा प्रथम चरणको तुलनामा द्वितीय चरणलाई सिर्जनात्मक उर्वरताका दृष्टिले महत्त्वपूर्ण मान्न सकिन्छ ।

### ३.१.४.३ तृतीय चरण (वि.सं. २०२३ देखि वर्तमानसम्म)

नेपाली नियात्रा साहित्यको आधुनिक कालको तृतीय चरणको आरम्भ तारानाथ शर्माको 'मेनाइ साँघुको मेला' रत्नश्री, द्वैमासिक साहित्यिक पत्रिकाको वर्ष, ४ अङ्क ३, ( वि.सं. २०२३) मा प्रकाशित भएपछि मानिन्छ । यस चरणमा प्रकाशित नियात्रात्मक कृतिहरूमा केदारमणि आ.दी.को 'बद्री केदारयात्रा तीस वर्ष अघिको' (वि.सं. २०२३), 'चारधामको यात्रा' (वि.सं. २०२५), 'यताउताका कुरा' (वि.सं. २०२५) 'एक फन्को' (वि.सं. २०२५), 'हिउँदमा बेलायत' (वि.सं. २०३७) 'यतै वरिपरि' (वि.सं. २०३९), 'तीनतिर' ( वि.सं. २०३९), 'यात्राका कुरा' (वि.सं. २०३९), 'रतनकोशीन जाँदा' (वि.सं. २०३३), 'यात्रा समुच्य' (वि.सं. २०४०), तारानाथ शर्माका 'जमर्काहरू' (वि.सं. २०२५), 'बेलायत तिर बारालिदा' (वि.सं. २०२६), 'जीवनका छाल' (वि.सं. २०३०), 'पाताल प्रवास' (वि.सं. २०४२), 'आँसु छचल्किदै जान्छ' (वि.सं २०५६), 'नसुनिएका ध्वनी' (वि.सं. २०६१) र 'चरी भरर' (वि.सं. २०६५), पूर्ण प्रकाश नेपाल यात्रीको 'मेरो मुक्तिनाथ यात्रा' (वि.सं. २०२६), 'सेतीको नालीवेली' (वि.सं. २०३४), 'काशीपुरी परिदर्शन' (वि.सं. २०३६), 'वदलिदो घाम छाया' (वि.सं. २०३७), 'नियात्राको नौलो सुसेली' (वि.सं. २०३६), 'राराको सौराई' (वि.सं. २०५७), धर्मराज थापाका 'मेरो नेपाल भ्रमण' (वि.सं. २०३२), 'गण्डकीको सुसेली' (

वि.सं.२०३४), 'चितवन दर्पण' (वि.सं. २०३५), 'तनहुँ फुलवारी' (वि.सं. २०३६), 'लोक संस्कृतिको घेरामा लमजुङ्' (वि.सं. २०३९), 'सगरमाथाको सेरोफोरो' (वि.सं. २०४४), योगी नरहरीनाथको 'हाम्रो देश दर्शन' (वि.सं. २०३२), रमेश विकलको 'सातसूर्य एक फन्को' (वि.सं. २०३४), 'निलगिरिको छायाँमा' (वि.सं. २०५०), घनश्याम राज कर्णिकारको 'विदेशको यात्रा स्वदेशको सम्झना' (वि.सं. २०३७), 'केही चिन्तन केही मन्थन' (वि.सं. २०३७), घटराज भट्टराईको 'डोल्पाकी छोरी' (वि.सं. २०३९), 'गोसाइँकुण्ड' (वि.सं. २०४६), 'तीन धाम यात्रा' (वि.सं. २०६५), पद्मराज जोशीको 'वर्तमान नेपाल यात्रा : एक परिचय' (वि.सं. २०४०), मदनमणि दीक्षितको 'वर्लिन डायरीको पाना' (वि.सं.२०४१) राममणि आ.दी.को 'अक्षरपछि अक्षर' (वि.सं. २०४१, भूपहरि पौडेलको 'थलैथलाका पाटाहरू' (वि.सं. २०४३), गङ्गाप्रसाद उप्रेतीका 'स्मृतिको छालमा इटाली (वि.सं. २०४४), निर्मोही व्यासको 'नौ पाइला' (वि.सं. २०४६), 'ठोरीको एल्बम' (वि.सं. २०४८), 'झलझली आँखामा' (वि.सं. २०५१), र 'सेरोफेरो सबै मेरो' (वि.सं. २०६१), भीष्म उप्रेतीको 'यात्राका केही थुँगा फुल' (वि.सं. २०४६), 'नीलो पानी र नीला भावनाहरू' ( वि.सं. २०५५), 'अक्षरका लहरहरू' (वि.सं. २०५८), 'तेहरान डायरीको एक साता' (वि.सं. २०६३), 'घर फर्कने दिन' (वि.सं. २०६६), आदि, सत्यमोहन जोशीको 'न्युजिल्याण्डमा पहिलो नेपाली' (वि.सं. २०४९), सुधा त्रिपाठीको 'बादल, धर्ती र आस्थाहरू' (वि.सं. २०५०), आदि, केशवप्रसाद उपाध्यायको 'प्रशान्ति निलयममा तीन दिन' (वि.सं. २०५४), राजेन्द्र सुवेदीको 'मेरो यात्रा मेरै परिवेशभित्र' (वि.सं. २०५४), चुडामणि रेग्मीको 'घुमेको कुरा' (वि.सं. २०५६), लैनसिंह वाङ्गदेलको 'रोमको एउटा फुल र प्यारिसको एउटा काँडा' (वि.सं. २०६७), रामप्रसाद अधिकारीको 'मेची काली' (वि.सं. २०५८), ज्ञानेन्द्र विवशका 'राराकी अप्सरा' (वि.सं. २०५८), रामप्रसाद पन्तको 'जापान भ्रमणका केही सम्झनाहरू' ( .वि.सं. २०५८), विनय रावलको 'ठूलदिदीको देश' (वि.सं.२०५८), कृष्णप्रसाद बस्यालको 'आफ्नै यात्रा आफ्नै अनुभूति' (वि.सं. २०५९), पृथ्वीबहादुर सिंहको 'डेनमार्क भ्रमणको डायरी' (वि.सं. २०५९), गोविन्दराज भट्टराईको 'एक्लै एक्लै एक्लै' (वि.सं. २०६०), 'गोधूलिका दश पाइला' (वि.सं. २०६५), प्रदीप नेपालको 'अमेरिकी बास : मातृभूमिको सम्झना' (वि.सं. २०६१), प्रतीक ढकालको 'हिमालपारी पुगेपछि' (वि.सं. २०६१), र 'सगरमाथाको आधारशिविरबाट' (वि.सं. २०६३), हेमराज पहारीको 'उत्तरी गोलार्द्धको एक फन्को' (वि.सं. २०६३), ध्रुव चन्द्र गौतमको 'घडीहरूको देशमा समय खोज्दै' (वि.सं.

२०६३), शारदा अधिकारीको 'जीवन जे जसरी पनि बग्दो रहेछ' (वि.सं. २०६३), राजेन्द्र प्रसाद अर्यालको 'फ्रान्सको भ्रमण मेरो संस्मरण (वि.सं. २०६३), नारायणदत्त शास्त्रीको, 'अमेरिका यात्रा र अनुभूति' (वि.सं. २०६४), केदारनाथ खनालको 'यात्राका स्पन्दनहरू' ( वि.सं. २०६५), विन्दु कोइरालाको भञ्ज्याङमा पुग्दा' (वि.सं. २०६४), कृष्ण प्रसाईको 'अनुभूतिका छालहरू' (वि.सं. २०६५), हरिहर खनालको 'चीनको डायरी' (वि.सं. २०६६), रवीन्द्र समीरको 'ग्रेटवालको ग्रेट अनुभूति' (वि.सं. २०६६), राम विनयको 'टापुमा तौरिँदा' (वि.सं. २०६६), उपमा आचार्यको 'स्मृतिको सङ्धारभित्र अमेरिका' (वि.सं. २०६६), जगदीश प्रसाद शर्माको 'अमेरिकामा महिना दिन' (वि.सं. २०६७), शारदा शर्माको 'भुइँफुलको देश' (वि.सं. २०६८), आदि रहेका छन् ।

पछिल्लो समयमा आएर नेपाली नियात्रा साहित्यको आधुनिक कालको तृतीय चरणमा ज्यादै सशक्त प्रतिभाका रूपमा देखापरेकी नारी स्रष्टाको 'भुइँफुलको देश' (वि.सं. २०६८), प्रकाशित भएको छ । यसमा स्वदेशका सुदूर पश्चिमदेखि सुदूर पूर्वसम्मका विभिन्न जिल्लाहरू घुमेर विविध अनुभूतिहरू सङ्गालेर यस नियात्रा सङ्ग्रहमा सङ्गृहीत गरिएको छ । जम्मा ८ वटा भिन्न-भिन्न ठाउँ र परिवेशका यात्रा संस्मरणहरू यसमा नियात्रा बनेर आएका छन् । विशेष गरी लेखक विभिन्न जिल्लाहरू घुमेर गरिएको यात्राको वर्णन यसमा गरिएको छ। यात्रा गरिएका ठाउँको राम्रा नराम्रा पक्षहरूको प्रस्तुतिका साथै यात्राका घटना वा विषयसँग नेपालका समसामयिक विविध पक्षको तुलना यस कृतिमा गरिएको छ । यात्राका क्रममा भेटिएका संस्कृति, जीवनपद्धति, हावापानी, भूगोल, आदि विविध पक्षको यथार्थ चित्र उतार्ने प्रयास यस नियात्रा सङ्ग्रहमा गरिएको छ ।

## ३.२ निष्कर्ष

यस परिच्छेदमा यात्रा साहित्यको सिद्धान्तसम्बन्धी अध्ययन प्रस्तुत गरिएको छ । यस अन्तर्गत नियात्राको सैद्धान्तिक परिचय, स्वरूप, परिभाषा सम्बन्धी विभिन्न विद्वान्हरूका मत दिई नेपाली साहित्यमा नियात्राको स्थान पहिचान गरिएको छ । नियात्राका निकटवर्ती उपविधा नेपाली नियात्राको विकासक्रम तथा नेपाली साहित्यमा लिखित तथा प्रकाशित नियात्राकारका नियात्रात्मक कृतिहरूको विवरण प्रस्तुत गरी साहित्यका अन्य विधा कथा, कविता, निब्न्ध, उपन्यास जस्तै यसको पनि विशिष्ट पहिचान छ । यसरी नियात्राको विकासक्रम विभाजन गर्दा पृष्ठभूमिकाल (वि.सं. १५५० देखि वि.सं.

१९६९ सम्म) आरम्भकाल (वि.सं. १९७० देखि वि.सं. १९९८ सम्म) आधुनिककाल (वि.सं. १९९९ देखि वर्तमान सम्म र आधुनिक काललाई पनि विभिन्न कृतिहरूको प्रकाशनका आधारमा-

प्रथम चरण (वि.सं. १९९९ देखि वि.सं. २००९ सम्म)

द्वितीय चरण (वि.सं. २०1० देखि वि.सं. २०२२ सम्म)

तृतीय चरण (वि.सं. २०२३ देखि वर्तमान सम्म) भनेर प्रस्तुत गरिएको छ ।

नेपाली गद्यविधाहरूमा यात्रा साहित्यलाई पनि निकै प्रौढ र विकसित मान्न सकिन्छ । इतिहास हेर्दा विभिन्न समयको राजनैतिक तथा सांस्कृतिक प्रभावलाई समाहित गर्दै यो विधा अघि बढेको देखिन्छ । प्रत्येक यात्रा संस्मरणहरूमा नेपाली मन मस्तिष्कका प्रतिबिम्बहरू पाइन्छन् । यात्रा संस्मरणमा पाइनुपर्ने विविध आशययुक्त विषयहरूको प्रस्तुति नेपाली यात्रा साहित्यमा पाइन्छ ।

# परिच्छेद चार
# नियात्रा सिद्धान्तको आधारमा 'भुइँफुलको देश' कृतिको अध्ययन विश्लेषण

## ४.१ नियात्राकार शारदा शर्माको सङ्क्षिप्त परिचय

नाम : शारदा शर्मा आचार्य

जन्म : वि.सं. २०१५, कार्तिक ३, स्याङ्जा

शिक्षा : बी.एस्सी, एम.ए.नेपाली

सेवा : नेपाल परिवार नियोजन संघ

भ्रमण : नेपाल, भारत, थाइल्याण्ड, बेलायत

विधा : कथा, कविता, निबन्ध, उपन्यास, समालोचना, नियात्रा आदि

साहित्यिक कृतिहरू :

- कविता/कविता सङ्ग्रह

  नहार्ने योद्धालाई मेरो बधाई (वि.सं. २०३९)

  सीमान्त अनुभूति (वि.सं. २०४४)

  युद्धोपरान्त (वि.सं. २०४९)

  स्वर्णसूत्र (वि.सं. २०५२)

- कथा सङ्ग्रह : आस्थाको भग्नावशेष (वि.सं. २०४८)
- समीक्षा ग्रन्थ : विश्वेश्वर प्रसाद कोइरालाका नारी पात्र (वि.सं. २०५३)
- निबन्ध सङ्ग्रह : अग्निस्पर्श (वि.सं. २०६३)
- नियात्रा सङ्ग्रह : भुइँफुलको देश (वि.सं. २०६८)
- उपन्यास : ताप (वि.सं. २०६९)
- मुक्त आलेख समयको तस्वीर (वि.सं. २०७०)
- यात्रा निबन्ध : अर्को भुइँफुल (वि.सं. २०७२)

अन्य सम्पादित, अनूदित कृतिहरू :

- संवत्सर : सम्पादन/प्रकाशन
- नियोजन डाइजेष्ट सम्पादन
- विभिन्न पत्रपत्रिकाहरूमा कथा, कविता लेख

सम्मान/पुरस्कार

- रंग नेपाल २०६८ को 'उत्कृष्ट वर्ष पुस्तक' राष्ट्रिय सम्मान घोषित,
- उत्तम शान्ति पुरस्कार : २०६८
- पद्मश्री पुरस्कार : २०७० (ताप उपन्यासमा, खेमकला प्रतिष्ठानद्वारा पुरस्कार राशि रु. २,००,०००।-

## ४.२ 'भुइँफुलको देश' कृतिको विश्लेषण

'भुइँफुलको देश' (यात्रा निबन्ध) २५६+ क-ङ पृष्ठमा विस्तारित छ। यस कृतिको वर्णका आकार १२ फन्टका छन्। यो नेपालका यात्रा योग्य केही महत्त्वपूर्ण ठाउँहरूको यात्रा वर्णनमा आधारित छ। नेपालको सुदूर पश्चिमको खप्तडबाट यात्रा थालनी गरेर क्रमशः पूर्वतर्फ पाथीभरा सम्म लगिएको छ। यसमा जम्मा ११ वटा यात्रासंस्मरणहरू रहेका छन् भने तिनलाई विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गर्दा (११ + ६४) रहेका छन्। यसमा नेपालको भूगोल, समाज, समुदाय, जाति, भाषा, संस्कृति, इतिहास, राजनीति, आदि स्पष्ट दृश्यात्मकताका साथ सफल रूपमा उतारिएको छ। यसमा मुख्य शीर्षकहरूको व्यवस्थापन निम्न अनुसार गरिएको छ।

१. खप्तडका फुलहरू,
२. कर्णालीको कथा,
३. फेरि कर्णालीकै कुरा,
४. मुक्तिनाथमा पहिलो पल्ट,
५. फेरि मुक्तिनाथमा,
६. घान्द्रुकमा पुग्दा,
७. घान्द्रुकमा बालसाहित्य,
८. पोखरा दर्शन,

९. शिवपुरीको शिखर,

१०. जिरीमा सुर्योदय,

११. पाथीभरामा दसैँ

उल्लिखित शीर्षकहरू मध्ये तेस्रो (फेरि कर्णालीकै कुरा) नियात्रा नभएर काठमाडौमा गुरुकुलले देखाएका नाटकहरूको विषयसँग सम्बन्धित छ। त्यसैगरी सातौँ शीर्षक (घान्द्रुकमा बालसाहित्य) पनि छैटौँ शीर्षक (घान्द्रुकमा पुग्दा) सँगै सम्बन्धित रहेको छ। त्यस्तै चौथो (मुक्तिनाथमा पहिलोपल्ट) को परिपूरकको रूपमा पाँचौँ (फेरि मुक्तिनाथमा) आएको छ, जसमा चौथोमा जोमसोमबाट मुक्तिनाथसम्मको भाग र पाँचौँमा पोखराबाट जोमसोमसम्मको यात्राको विषयलाई गाँसिएको छ। यसरी हेर्दा खप्तडका फुलहरू, कर्णालीको कथा, मुक्तिनाथमा पहिलोपल्ट, घान्द्रुकमा पुग्दा, पोखरा दर्शन, शिवपुरीको शिखर, जिरीमा सूर्योदय, पाथीभरामा दसैँ, जम्मा आठवटा शीर्षक यात्रा अनुभूतिसँग सम्बन्धित रहेका देखिन्छन्।

पुस्तकको नाम 'भुइँफुलको देश' राख्ने सन्दर्भमा भनिएको छ "पुस्तकको नाम 'भुइँफुलको देश' राख्न मन पराएँ। सोचेँ- भुइँफुल पृथ्वीका अनन्त सम्भावनाको प्रतीक हो। कठोरताभित्र जोगिएर बसेको कोमलतम जियालु सौन्दर्य हो भुइँफुल। यस देशसँग छोइएर हिँड्दा यहाँको माटो मुन्तिर भुइँफुलको अनन्त वीजहरू देखेकी हुँ, अनुभूत गरेकी हुँ। खप्तड क्षेत्रमा पदयात्रा गर्दा हिऊँ र तुषारोको कठोर ठिही मुन्तिरबाट घामको राप थाहा पाएर रङ्गीविरङ्गी बुट्टासरि फक्रेका भुइँफुलको गलैँचे पाटन देखेर अभिभूत भएकी थिएँ। कर्णाली क्षेत्रको भ्रमण गर्दा रारातालका किनार छोपिएको देखेकी हुँ भुइँफुलको अनेक समय र सन्दर्भमा मेरा स्पर्शमा आएको भूखण्डको नेपाल अनेक आयाममा भुइँफुल बनेर फुलेको छ यी निबन्धभरि यी फुलहरूलाई कति सुन्दर वा कति जीवन्त बनाएर फुलाउन सकेँ या सकिनँ, त्यो मेरो परीक्षा हो" (शर्मा, २०६८, भुइँफुलको देश, पृ. ङ)।

## ४.२.१ खप्तडका फुलहरू

खप्तडको ऐतिहासिकताका बारेमा भनिएको छ- एक शताब्दी अघि छ जना साधु एकै पल्ट भारतबाट नेपाल पसेका र ती मध्ये एकजना शिवनाथ भन्ने साधु रारामा गएर एघार वर्ष तपस्या गरेपछि खप्तडको लेकमा आएर अठ्चालिस वर्ष बिताएछन् र उनको नाम पनि खप्तड बाबा भएछ (पृ. ३)।

कृतिको यस खण्ड 'खप्तडका फुलहरू' अन्तर्गत रहेर यसभित्रका उपशीर्षकहरूमा रहेका विभिन्न यात्रा प्रसङ्गहरूलाई नियात्रा सम्बन्धी सैद्धान्तिक आधारबाट व्याख्या विश्लेषण गर्ने काम गरिन्छ ।

### क) वैचारिकता

यस खण्डमा एउटा महत्त्वपूर्ण पक्षका रूपमा वैचारिकता आएको छ । यहाँ आएको वैचारिकता कुनै सिद्धान्त वा दर्शनमा केन्द्रित नभएर प्रसङ्गवश वैचारिक टिप्पणीहरू आएका हुन् । जसमा मानिसको विवेकलाई तुलना गर्दै भनिएको छ- "सद्विचारदेखि निर्विचारसम्मको यात्रा तुलनात्मक रूपमा सजिलो पनि हुँदो हो सामान्य मान्छेलाई" (पृ. ३) ।

मानिसको बौद्धिकताको व्याख्या गर्ने क्रममा भनिएको छ- "विचारका परमाणु, पदार्थ र शक्तिका परमाणुभन्दा धेरै शक्तिशाली र तीव्र छन् । मनमा राम्रो विचार ल्याउन सके व्यक्तिको मात्र होइन, उसको सन्निध्यमा बस्ने सबैको कल्याण हुन्छ । राम्रो फल प्राप्त हुन्छ विचारको सही प्रयोगले जे पनि गर्न सकिन्छ, सद्विचारी मान्छे सदाचारी, इन्द्रियविजयी हुन्छ" (पृ. ३०) । यहाँ बौद्धिकताको शक्ति र त्यसले समग्र परिवार एवम् समाजमा पार्ने सकारात्मक प्रभावको चर्चा गरिएको छ । यसै क्रममा हाम्रो वैचारिकताको मूल्याङ्कन गर्ने क्रममा भनिएको छ- "हामी अरूका कारणले नभएर आफ्नै कमसल विचार र त्यसबाट उत्पन्न कमजोर आचरणका कारणले नै गरिब छौँ" (पृ. ३७) ।

### ख) दृश्यात्मकता

यात्रा साहित्यको अर्को यो महत्त्वपूर्ण पक्ष हो । नियात्राकार विभिन्न क्षेत्रमा पुग्ने क्रममा यात्रामा देखिएका भौगोलिक, प्राकृतिक, परिदृश्यहरूलाई यस खण्डमा विशेष महत्त्वका साथ प्रस्तुत गरिएको छ । जसमा यात्राको पहिलो दिन काठमाडौँबाट नारायणगढ हुँदै कोहलपुर जाने क्रममा दाउन्ने तिरको घुम्ती बाटोमा देखिएका यस्तो परिदृश्य "घुम्ती बाटो रातोमाटो माथि सालका रुख, गहिरा गल्छीको घुम्तीमा फुलेका घँगेरीका राता फुल, भीमसेनपातीजस्तो सेतै फुलेका तिल्काका बाक्ला रुख आदिले स्रष्टाको मन डुबाएको प्रसङ्ग यहाँ छ (पृ. ४) । त्यसैगरी दाङ जिल्ला लागेपछि मोटरको गतिसँगै पछाडि सर्दै गरेका बाटा छेउका बाक्ला जङ्गल, पहेलिँदै गरेका सालका पात,

सिसौको रुखको कलिलो ताजा हरियाली, छेउछाउ फुलेका प्याजी गन्धे झार, सिमलका हाँगामा फुलेका राता राम्रा फुल, आँपका बोटमा लागेका कलिला मुजुरा, (पृ. ४) । यसै गरी कोहलपुरबाट डोटी पुग्ने क्रममा बाटमा देखिएको ग्रामीण जनजीवनलाई सचित्र उतार्ने क्रममा यहाँ फुस र झिँगटीको छाना भएका, माटोले सफा गरी लिपेका घर, अघिल्तिर लिपेकै आँगन, डोरीका खटिया, नजिकैका गोठ, परालका टौवा, घर नजिकै केराका गाँज, पिँढी र आँगनतिर स्वास्नीमान्छेहरू कुचो लगाउँदै, धानचामल निस्केका जुनेलो मकै, पाकेको गहुँ (पृ. ५) ।

खप्तड जाने क्रममा 'बुकीझारको गलैचा' उपशीर्षकमा भनिएको छ- विशाल फराकिलो अर्को पाटन छ्याङ्ग खुलेको अघिल्तिर, उचाइमा पहाडहरूका बीच बीचमा पहेँला बुकिझारको गलैचा ओछ्याएजस्ता सुन्दर पाटनहरू, सानो खोलो कुलकुल बग्दै थियो फेदीमा (पृ. २२) । यसै गरी सहस्रलिङ्ग जाने बाटोमा रारा राष्ट्रिय निकुञ्जको बसाई पछि बिहान उठेर कोठाबाट बाहिर हेरेपछि भनिएको छ- निकुञ्ज अगाडिको चुच्चे थुम्को पुरै हिउँले छोपिएको, थुम्काको टुप्पोबाट कोही हिउँमा चिप्लेटी खेलेझैँ तलैसम्म लामो सोझो धर्को, पाटनका ढिस्का, कुइनेटा, खोल्साहरूमा जताततै हिउँ नै हिउँ, बुकीझारका केस्रा केस्रा तुषारोले सेतै भएका, पाटनको हरियालीमा चिनी छरेजस्तो हिउँ, पानीको दलदल पनि जमेर कक्रक्क परेको, पानीका कुलामा पानी जमेर सिसाजस्तो देखिएको (पृ. २७) ।

यसरी यहाँ एउटा सानो भूगोलको परिदृश्यमा अनेकौँ प्रकृति, सम्पत्ति, स्रोत, भएको र उचित साधनको प्रयोग गरी त्यसलाई हामीले हाम्रो अनुकूल प्रयोग गर्न सकेमा प्रकृतिमा यसरी खेर गइरहेको, भनौँ रहिरहेको अनन्त स्रोतको उपयोगद्वारा हामी समृद्ध हुने बाटोमा अगाडि बढ्ने प्रेरणा लिनु पर्ने देखिन्छ ।

### ग) भाषा/संस्कृति/भेषभूषा

भाषा/संस्कृति/भेष भनेका हाम्रा गहना हुन् । मानिस जतिसुकै विद्वान् नै किन नहोस्, जहाँ पुगोस् तर आफ्नो मातृभाषा उसको जिब्रोमा झुण्डिएको हुन्छ, तर आफ्नो ठाउँ, घर परिवार समाजभन्दा बाहिर ऊ स्तरीकृत भाषा बोल्ने प्रयास गर्दछ । तर पनि चिप्लिएर आफ्नै भाषा फुत्काइरहेको पाइन्छ । यसै क्रममा यहाँ बघलेकबाट झिक्रनासम्म

जाँदा बाटोमा वीरबहादुर खड्काको चिया पसलमा खड्का भन्दै थिए "केटाकेटी आमा जस्ता गोरा राम्रा भया मजस्ता काला भयानन्" (पृ. ११-१२) ।

यसै गरी बघलेकबाट उकालो लाग्दै गर्दा चारपाँच जना बैशालु केटीहरूसँग भेट भयो । रङ्गीचङ्गी बुट्टे धोती र चोलो लगाएका, कसैले डोको बोकेका थिए, कसैका हातमा नाम्लो मात्र थियो । चिरीबिरी कराउँदै फुर्फुर परेर हिँडिरहेथे ती । उनीहरूसँग नियात्राकार सोध्दै थिए "कता हिँडेको बैनीहरू डोको बोकेर ?" उनी मध्ये एउटीले आफ्नै भाषामा जवाफ दिइन् "ढुङ्गा बोक्न्या (बोक्न) हिँड्याको (हिँडेको), घर उठायाको (बनाउँदै गरेको) छ ।" (पृ. १२) ।

फेरि "नाम के हो नि तपाईहरूको ?" भनेर सोध्दा उनीहरू लाजले अक्मकाउँदै र हाँसोले खित्खिताउँदै बोले ती "भारो, पवी, दुर्गा, लक्ष्मी" फेरि "बिहे भयो त ?" भनेर सोध्दा उनीहरू सबै पन्ध्रदेखि सत्र वर्ष उमेर समूहका थिए तर सबैको विवाह भइसकेको रहेछ, यहाँ बाल विवाह एउटा सामाजिक संस्कार जस्तै रहेछ ।

विवाह भएपछिको महिलाहरूले लगाउने पहिरन स्पष्टै देखिन्थ्यो "कानमा सानो रिङ्ग र सिलिमुन्द्री नाकमा बुलाकी, बडेमाको सुनको बुट्टे फुली, घाँटीमा टपक्क हुने गरी पोतेको कण्ठी, मोटा लामा पोतेका थुप्पा गलामा झुण्डिरहेका थिए सबैका (पृ. १२) । स्थानीय जनजीवन दिनाचर्या यहाँ प्रष्ट आएको छ- पन्ध्र वर्षको उमेरमा स्कुले उमेर समूह छँदै विवाह गरी सकेको र मेलापात गरेको, यहाँ मानिसहरू शिक्षाप्रति उति सचेत भएको जस्तो देखिँदैन । अर्को कुरा यहाँ लेखक र उनीहरू बीचको वार्तालापले ग्रामीण जनजीवन कति सरल, सहज र आत्मीयता पूर्ण छ भन्ने कुरा प्रष्ट्याउँछ, किनभने गाउँमा जो सुकै नयाँ मान्छे किन नहोस् ऊ सँगको बोलिचाली, चिनजान सरह नै हुन्छ भन्ने प्रष्ट रूपमै देखिन्छ । नत्र भने के काठमाडौँमा मान्छे नभएर त होइन पाँच मिटरकै बाटोमा पनि ठोक्किँदै हिडिन्छ भीडले, तर अनुहार हेरेर बोल्न सकिँदैन ।

यसै गरी विहे भएपछि स्कुल जान नपाएको प्रसङ्ग छ "अहिले पनि स्कुल जानुहुन्छ तपाईहरू ?" भनेर सोध्दा सबैले एकै स्वरमा प्रतिकार गर्दै भन्छन् "पोइलो गयापछि (बिहे भएपछि) कहाँ जान्या इस्कुल ? घरमा काम गर्न्या (गर्ने) कि इस्कुल जान्या ? भैसी कल्ले (कसले) हेर्न्या (हेर्ने) ? पानी कल्ले बोक्न्या (बोक्ने) ?" (पृ. १२) ।

यसै प्रसङ्गमा लक्ष्मीले फुरुङ्ग पर्दै भन्छे "मेरो केटा (लोग्ने) तेर-चौध कक्षामा पढ्छ" (पृ. १२) यहाँ तेर-चौध कक्षामा भनेको स्नातक तह हुनुपर्छ तर कहाँ पढ्ने हो खुलाइएको छैन गाउँमा वा अन्यत्र कतै ।

यसरी यी विविध प्रसङ्गका माध्यमबाट लेखकले ग्रामीण जनजीवन, भाषा, रहन सहन, दिनचर्या, संस्कृति, भनौं बाल विवाह, शिक्षाप्रतिको कमजोर आकर्षण, सरल, ग्रामीण परिवेश, विवाहपछि स्कुल जान नपाउने, मेलापात, घरगोठ गर्नु पर्ने आदि प्रसङ्गलाई देखाउँदै सबैतिर समान शिक्षाको चेतनाको विकास हुन नसकेको समय क्रम अनुसार दुरदराजका ग्रामीण क्रियाकलापमा परिवर्तन आउन नसकेको प्रति लक्षित गरिएको छ ।

## घ) सामाजिक विकृति/विसङ्गति

नेपाली समाज पुरुष प्रधान छ । यहाँका पुरुषहरू प्रायः घर बाहिरका आर्थिक एवम् सामाजिक कार्यमा बढी खट्ने गर्छन् । घर, परिवार, समाज पनि उनीहरूकै नियन्त्रणमा रहेको हुन्छ । पुरुषहरूले अरूलाई नियन्त्रणमा राख्ने भएपछि आफूले जे गरे पनि हुने, नियम चाहीँ साना सदस्यहरू, आइमाई केटाकेटी माथि थोपरिदिने प्रवृत्ति हाम्रो समाज र राष्ट्रमा समेत देखिन्छ ।

यिनै समाजका विकृतिलाई उजागर गर्ने क्रममा यहाँ भनिएको छ- "दसैं, तिहार लगायत विभिन्न निहुँमा बाटो छेकेर पैसाको बार्गेनिङ गर्ने, तिहार सकिएको महिना दिनसम्म पनि सडकमा देउसीको मेलो नसकिने, बेनामी टिकट, चिठ्ठा छापेर जबरजस्ती भिडाउने, यसरी पैसा कसले, के उद्देश्यका लागि उठाएको हो उठाउन मिल्ने हो वा होइन राज्यको उपस्थिति कतै देखिएन, विचरा निर्दोष यात्रु/सर्वसाधारणहरू पनि वेकारको वादविवादमा अल्झिनु भन्दा पैसा जिम्मा लगाएर झमेलाबाट मुक्त हुने गरेको देखिन्छ" ( पृ. ६) ।

यसै गरी झिक्रानाबाट सिलगढीतिर जाँदै गर्दा डोटीमा टाइमपासमा भनिएको छ- "यो भेग निकै पुरुष प्रधान छ केटामान्छे अलि बढी रक्सी खान्छन्, जाडोको कारण रक्सी खाने हो भने त आइमाईले पनि खान पर्थ्यो होला नि, खुट्टा नटेक्ने गरी रक्सी खान्या प्रायः नेता नै हुन्छन्, रक्सी यतिबेला नेपालकै राष्ट्रिय चरित्रको समस्या बनेको छ, जिल्ला नेतादेखि केन्द्रीयसम्म कतिपय नेता धेरै बदनाम भइसकेका कारणले, बाटो देखाउने अगुवाहरूमाथि नै यस्तो अवस्था छ भने अरूलाई त के दोष" (पृ. ३२) । यसै गरी

"महिलाले दुःख गरी दाउरा बेचेको पैसा, घर खर्चको लागि राख्ने तर पुरुषहरू रक्सी खाएर सिध्याउने, उल्टै उनीहरूलई गाली गलौज गर्दै पिट्ने" (पृ. ३३) ।

रोजगारीको खोजीमा भारत तिर जानु पर्ने त्यहाँको बाध्यता नै रहेछ । गाउँमा रोजगारी छैन, खेती पाती गरेर खान पुग्दैन, यसरी आर्थिक अभावका कारण भारत विदेशिनु पर्ने बाध्यता सँगै कतिपय पुरुष एच.आइ.भी. ग्रस्त बनेर घर फर्कने अनि आफ्ना श्रीमतीलाई सारिदिने यो समस्या पनि यहाँ विकराल बन्दै गइरहेको रहेछ (पृ. ३३) ।

यसै गरी पुरुष प्रधान समाजको चरित्र प्रस्ट्याउने क्रममा यहाँ लेखिएको छ- तल झर्दै गर्दा एउटा घरको पेटीमा पुरुषहरू हातमा तास मिलाइरहेथे के गर्न लाग्नु भएको एकाबिहानै ? भनेर सोध्दा 'टाइम पास गर्‍याको' भन्ने उत्तर आउँछ (पृ. ३४) । एकातिर यहाँ पुरुषलाई टाइम बढी भएर पास गर्नु पर्ने थियो भने अर्को तर्फ महिलाहरूलाई भने यस्तो थियो- 'डोकामा बाबियोका कुचा, गोलभैंडा, कोइरालो लिएर बेच्न बजार झरेका, यहाँ महिलाहरूले भातभान्सा, केटाकेटी, सबै बन्दोबस्त मिलाएर हिँड्नु पर्ने भ्याई नभ्याई थियो तर लोग्ने मान्छेलाई टाइम बढी भएर पास गर्न समस्या थियो' (पृ. ३४) ।

यसरी हेर्दा समग्रमा यहाँ पुरुष प्रधान समाजको सचित्र बयान गर्दै सामाजिक विकृतिलाई रोक्न समयमै कसैले चासो नदिएको, यस समाजमा पुरुषलाई टाइम बढी भएर जुवा तास, खेल्नु परेको तर महिलालाई १८ घण्टासम्म पनि फुर्सद नभएको, साथै रोजगारीको क्रममा भारत जाँदा एच.आइ.भी. ग्रस्त भएर आएको र परिवार नै ग्रसित बनाएकाले चेतनाको कमी औँल्याइएको छ, यसरी लेखद्वारा यो नियात्राका माध्यमबाट सामाजिक विकृतिलाई प्रस्ट्याउँदै समयमै उचित व्यवस्थापनको आवश्यकता औँल्याइएको छ ।

### ङ) प्रकृति चित्रण

प्रकृति भनेको जस्तो सुकै मानिसलाई पनि लोभ्याउने, आनन्दित पार्ने शक्तिशाली चिज हो जहाँ साहित्यकार एवम् कलाकारले त त्यसलाई एउटा स्रोतको खानी नै मानेर व्याख्या गर्दछन्, विभिन्न उपमा जोड्दछन् । यसै क्रममा यहाँ लालिगुराँस फुलेको प्रसङ्गमा भनिएको छ- "जङ्गलमा बाटा तल माथि राता गुराँसले छोपिएको रहरलाग्दो हरियो बन देखेपछि निकै उत्साहित हुँदै गुनगुनाउँदै भन्न थालेछु हेर न हेर कान्छा

डाँडालाई फुलले ढाक्यो... टिपेर एउटै चुल्ठोमा गाँसिदेउ न ....." (पृ. ७)। यसै गरी रारा राष्ट्रिय निकुञ्ज जाने बाटोमा उकालोमा हरियाली सौन्दर्यताले मोहनी लगाएपछि भनिएको छ- "प्रकृतिको ऐकान्तिक सौन्दर्यको कुनै तुलना नै हुँदैन मान्छेले निर्माण गरेका सौन्दर्य प्रतीकहरूसँग" (पृ. १६)। सोही क्रममा निकुञ्ज घुमेर फर्कर आउँदाको प्रकृतिको वर्णन छ- "यहाँ देउलीका प्याजी फुलहरू पाटनमा बाक्लै फक्रेका देखिए, पहेँलो दुधिलो पनि फुलेको थियो कताकति। उदेक लागिरहेथ्यो मलाई बिहानको कठोर तुषारोमा यिनको कतै पत्तो थिएन। भूमिले तातो स्पर्श पाउने बित्तिकै कोपिला भरर्र खुल्दा रहेछन्। एक दुई सातापछि हिउँ पग्लने वित्तिकै पाटन पूरै हिउँले छोपिन्छ रे हिउँ र तुषारोको उग्र ठिही मुन्तिर कसरी जोगाएर राखे हुन् कुन्नि यिनले आफ्नो यो परम कोमलतालाई ? सही समयको प्रतीक्षा गरेर आफूलाई फुलाउन कसले सिकायो होला यिनलाई" (पृ. २८)।

यसरी यहाँ प्रकृतिलाई जीवन्त रूपमा चित्रण गरिएको छ। मानिसलाई प्रकृतिको अभिन्न अङ्गका रूपमा जोडिएको छ। मानिस जतिसुकै हतारोमा हिँडे पनि आखिर प्रकृतिको शक्तिले रोकिएको छ। प्रकृतिले आफ्ना सिर्जनालाई समय अनुसार आफै संरक्षण गरेको छ र मानिसलाई अचम्मित बनाएको छ। यहाँ प्रकृतिलाई र मानवीय जीवन पद्धतिलाई एक अर्काको परिपूरकका रूपमा चित्रण गरिएको छ।

### च) राजनैतिक एवम् सामाजिक समस्याको चित्रण

हाम्रो सामाजिक संरचना भिन्न भिन्न जात, धर्म, भाषा, वर्ग, समुदायको सम्मिश्रणमा बनेको हो। हाम्रो समाजमा धनी र गरिब बीचको खाडल एकदमै गहिरो छ, समाजमा जमिन हुनेको गरेर खाने मान्छे छैन, मान्छे हुनेको एक टुक्रा पनि जमिन छैन। सोही प्रसङ्गमा काठमाडौंबाट कोहलपुर हुँदै बर्दियाको चिसापानी पुगेपछि सुकुम्बासी बस्तीको अवस्था देख्दा भनिएको छ- "साधारण पुगिसरी आउने मान्छे यस्तो कन्तबिजोग गरेर जमिन ओगट्नैका लागि त कसरी बसे होलान् र यहाँ ? राज्यले आफ्ना यी विपन्न नागरिकका लागि कुनै न कुनै व्यवस्था त गर्नै पर्ने हुन्छ। यिनलाई खेदेर मात्रै समस्या कहाँ सुल्झिँदो हो र ?" (पृ. ५) सोही यात्रा प्रसङ्गमै आएको माओवादी शिविर देखेपछि 'बाहिर सडकमा र पसलमा निरुद्देश्य बरालिरहेका युवाहरूलाई देखेर लेखकको मन खिन्न भयो, "यी नेपाली ठिटाठिटीको ऊर्जा र सिपलाई मुलुकको हितमा प्रयोग गर्न सकेको भए कति राम्रो हुन्थ्यो" (पृ. ५) सोही यात्राक्रममै आएको विषय नेपाललाई संघीय प्रदेशमा

विभाजन गर्ने कुरा चलिरहेको बेला आ-आफ्नो क्षेत्रको माग एवम् अडानको बारेमा उनको भनाइ छ- यो विस्मयकारी भूबनोट संयोजन आफैमा सुन्दर छ, हरेक प्रदेशमा तिनै थरी भूखण्ड हुँदा आपत्ति के रैछ ? राज्य व्यवस्थामा न्यायोचित प्रतिनिधित्व पो महत्त्वपूर्ण कुरा हो, के मधेसलाई पहाडी वायु र हिमाली पानी चाहिँदैन ? यसरी मधेस प्रदेश बनाउनु मधेशी जनताको स्वार्थमा भए जस्तो लागेको छैन (पृ. ७)।

देशको सुकुम्बासी समस्यालाई चित्रित गर्दै सही समयमा सही व्यवस्थापन गर्न सुझाइएको छ। त्यस्तै माओवादी शिविरको प्रसङ्ग छ र साथै हाल आएर एउटा बहुचर्चित विषय जुन संघीय प्रदेशको विभाजनलाई पनि यहाँ उचित तर्कका साथ उठाइएको छ। उपर्युक्त प्रसङ्गका माध्यमबाट लेखकले हाम्रो राजनीतिक नेतृत्व र त्यसको कार्यकुशलताप्रति विशेष चासो राख्दै उचित व्यवस्थापनको खाँचो औँल्याइएको छ।

**छ) ऐतिहासिकता**

नियात्राका विविध आयाममध्ये इतिहासको प्रसङ्गको क्रममा भनिएको छ- राणाकालमा नेपालका चार गौडाहरूमध्ये डोटी पनि एक गौडा थियो। त्यतिखेरको नेपालमा पर्ने, कुमाउ, गडबाल, अलमोडासम्मको शासन डोटीबाटै हुने गर्थ्यो रे। २००४ सालमै डोटीमा हाई स्कुल स्थापना भएको रहेछ। पद्म पब्लिक हाइ स्कुल यतिखेर पनि थियो यहाँ, २०१७ सालमा कलेज स्थापना भएको रहेछ डोटीमा (पृ. १०)। यसरी तत्कालीन डोटीको राजनीतिक र शैक्षिक अवस्थाको वर्णन गरिएको छ।

**ज) नैतिक ह्रास/आर्थिक अनियमितता**

हाम्रो सामाजिक एवम् आर्थिक, नैतिकताको इमानदारिता र मानिसको क्षुद्र प्रवृत्तिले नेपालको जस्तो सुकै विकसित ठाउँ होस् वा विकट गाउँ कही पनि अछुतो रहन सकेको छैन। यसै प्रसङ्गमा भनिएको छ "खप्तड क्षेत्र पर्यटन विकास समितिले बनाउन सुरु गरेको अनियमितताको आरोपमा अख्तियार लागेर बीचैमा निर्माण रोकिएको गोलो आकारको गेष्ट हाउस थियो जस्ताले छाएको" (पृ. १९)। हामी सबैलाई लाग्छ यस्तो दुर्गममा पनि किन स्थानीय ढुङ्गा, काठ, माटो प्रयोग नगरेर सिमेन्ट, जस्ता, छड, जस्ता सामग्री हप्तौं लगाएर बोकेर ल्याएको होला ? सबैलाई सोच्नैपर्ने बाध्यता। यसै गरी

नैतिकता गुमाउँदै गएको मानवीयता प्रति लक्ष्य गर्दै भनिएको छ जेठ शुक्ल दशमीका दिन खप्तडको त्रिवेणीमा लाग्ने गङ्गा दसहराको मेलामा महिलाहरू गहनाले झरिझुप्पै भएर आउने गरेको, एउटैले चालिस पचास तोलासम्म सुन लगाएको तर पनि चोरीको डर थिएन रे पहिला आजभोलि त 'माओवादीद्वारा देउताको डरबाट मान्छेलाई पुरै मुक्त गरियो तर अचेल चोर बढेका छन्' (पृ. २३) । यस्तै अर्को प्रसङ्गमा भनिएको छ- "पहिला पहिला दूधमा पानी हालेर बेच्यो भने पाप लाग्छ भन्थे गाउँले अचेल पानी नहाल्याको दूध पाइँदैन दिदी । देउताको डर रहेन अब गाउँमा, मान्छे कै डर छ सबैलाई" (पृ. २३) ।

यो नियात्राका माध्यमबाट मानिसमा नैतिकता, इमानदारिता, जस्ता गुण हराउँदै र चोरी डकैती, भ्रष्टाचार, मौलाउँदै गएको, मानिस कुनै नियम, कानुनसँग डराउन छाडेको, जसले जे गरे पनि हुन्छ भन्ने प्रवृत्ति हाबी भएकोले समाज भ्रष्ट हुँदै गएको देखाइएको छ ।

### झ) धार्मिक आस्था र प्रतीक

खप्तडको लेकमा रहेको सहस्रलिङ्ग दर्शन गर्ने क्रममा भनिएको छ- "सहस्रलिङ्गको शीलाभन्दा उत्तरपट्टि अर्को अझ ठूलो आकारको ढुङ्गा थियो । ढुङ्गाको टुप्पातिर बीचमा मसिनो लाम्चो प्वाल रहेछ । सहस्रलिङ्गमा उभिएर फालेको सिक्का त्यस प्वालबाट छिराउने प्रयत्न गर्दा रहेछन् तीर्थयात्रीहरूले । छिऱ्यो भने राम्रो हुन्छ भन्ने विश्वास गरिदोरहेछ । म भने सोचिरहेथैं- धर्ममा यौनका प्रतीकहरूको प्रयोग हामीकहाँ व्यापक हुने कारण के हुँदो हो ? सृष्टि र सिर्जनाको महत्त्वको स्वीकारोक्ति हो कि यो ?" (पृ. २७) ।

## निष्कर्ष

खप्तडबाबाले विचार विज्ञानमा भन्नु भएको छ- हाम्रा विचारले नै हाम्रो भाग्य निर्धारण गर्छन् । हामी जस्तो सोच्छौँ त्यस्तै परिवेश बन्छ । यस नियात्राको पहिलो खण्ड अध्ययन, विश्लेषण पछि के निष्कर्ष निकाल्न सकिन्छ भने हाम्रो यो देश संसारलाई गरिबीको कथा सुनाएर हिँड्नु पर्ने अवस्थाको कहाँ हो र ? प्रकृतिले नदिएको हामीलाई केही छैन । हामी अरू कारणले गरिब नभएर आफ्नै कमसल विचार र त्यसबाट उत्पन्न कमजोर आचरणका कारणले गरिब छौँ । राजनीतिक भ्रष्टाचार, काम गर्ने जिम्मा

लिएकाहरूको खराब नियत, काम गर्ने ढङ्ग नपुगेको एकातिर छ भने अर्कोतिर हामी नागरिकहरू पनि आफ्नै गलत नियतका कारण थुप्रै ठाउँमा सुधारिनु पर्ने अवस्थामा छौँ ।

तर पनि विविध समस्याका बीचमा गाउँ गाउँमा विकासको डोरेठो कोरिएको छ । मोफसलबाट निस्कने पत्रपत्रिकाको बाक्लो उपस्थितिले कुना कुइनेटामा आधुनिकताको रस पसेको छ, गाउँका ससाना समस्याले पनि सबैको ध्यान तान्न सकेको छ । पछिल्लो पुस्तामा राजनीतिक चेतना र जानकारीको स्तर निकै फैलिएको छ । महिलाहरू नयाँ मान्छेसँग पनि निर्धक्क कुराकानी गर्न र समस्या राख्न सङ्कोच मानेनन् । यी सबै अन्धकारका बीचमा केही आशलाग्दा झिल्काहरू हुन्, झिल्काहरू सानै भए पनि अँध्यारोका निम्ति ठूलै चुनौती हुन् । तसर्थ स्रोत, साधनको अधिक र उचित प्रयोग हुन सकेको खण्डमा कुनै पनि भौगोलिक स्थान पछाडि पर्नु पर्ने अवस्था रहँदैन ।

### ४.२.२ कर्णालीको कथा

यहाँ नियात्राकार शर्माले कवि माधवप्रसाद घिमिरेका गीतको माध्यमबाट कर्णालीको नाम सुनेको, मामाले कर्णालीका बारेमा थुप्रै कथा सुनाउनु भएको, गलैँचाको नेपालको नक्साका माध्यमबाट कर्णालीसँग परिचय भएको, रारा तालको फोटो देखेको, २००७ सालको परिवर्तनको खबर जुम्लामा २००८ सालपछि मात्र थाहा भएको समाचार पढेको, हुम्ला, जुम्ला, रारा भन्ने ठाउँ प्रशस्त स्याउ फल्ने, हिँउ पर्ने, घोडा चढेर रमाइलो गर्ने कर्णालीको ठाउँको रूपमा लेखकको मनमा रहेको छाप जब २०६४ सालमा पैदल यात्रा गर्ने अवसर जुऱ्यो तब मात्र उनलाई लाग्यो कि कर्णाली के रहेछ ।

यी र यस्तै प्रश्नको जवाफ स्वरूप बृहत कर्णाली यात्राको वर्णन र त्यहाँको सम्पन्नता र विपन्नताका बारेमा वर्णन गर्दै लेखिएको यस यात्रा निबन्धलाई यहाँ विविध कोणबाट अध्ययन विश्लेषण गरिएको छ ।

**क) दृश्यात्मकता**

यात्रा साहित्यको यो महत्त्वपूर्ण पक्ष हो । जहाँ शर्मा नेपालगञ्जबाट जुम्ला जाँदा जहाजको झ्यालबाट नेपालको विस्मयकारी भू-बनोटलाई नियाल्दै भनिएको छ- “सुर्खेत जाने मोटरबाटोको वरिपरि बाक्लो हरियो जङ्गल, क्रमशः उचालिदै गइरहेको भू-धरातल, खुरिखण्ड पहाडका सानाठूला शृङ्खला, सर्पझैं बटारिदै पहाडको फेदीमा बगेको हरियो भेरी नदी” (पृ ४२) । यसैगरी सिंजा उपत्याकामा खाना खाएर चौथा भन्ने ठाउँतिर जाने

क्रममा देखिएको छ- "यति विस्मयकारी र अद्‌भूत यो थलो संसारकै एउटा दुर्लभ थलो हो । हुन पनि हिमाकर्णाली यस्तो चट्टाने भिरका छेउछेउ बगि रहेथ्यो, जुन एउटा कुशल कलाकारको अद्‌वितीय कलाकृतिजस्तो लाग्थ्यो । सबैका मनलाई एकैपल्ट स्थिर बनाउन सक्ने सामर्थ्य थियो त्यो सौन्दर्यमा । के भीर भन्नु त्यसलाई, सर्लक्क चक्कुले सीधा पारेर ताछेको केक जस्तो, चट्टानको उपल्लो टुप्पो हेर्न अनुहार पूरै आकाशतर्फ फर्काउनु पर्थ्यो । खोलै देखि टुप्पै सम्म पत्रैपत्र परेको खरानी रङको चट्टाने भीरमा काला खैरा रङ्हरू मिसिएका थिए र तिनले रचेका किसिमकिसिमका बाघबुट्टेले सिंगारिएको त्यो विचित्र देखिन्थ्यो" (पृ. ६०) । यस्तै धुच्चीको लेकमा पुग्दा खेरि देखिएको छ- 'लेकको पुरै टुप्पो गल्फ खेल्ने जस्तो सफा हरियो चौर, दूधेका पहेँला फुल र अरु थुप्रै रङ्गीचङ्गी भुइँफुलहरूले हरियो चौरलाई बडो सुन्दर बनाएका थिए । परीकथामा परीहरू खेल्ने फुलैफुलको स्वप्निल बगैँचा जस्तो, शिरमाथि नीलो आकाश मात्र थियो, छेल्ने केही थिएन । वरिपरि बडाबडा चट्टानहरू देखिन्थे, यही चौरको बीचमा सानो घर बनाउँदै थिए मानिसहरू' (पृ. ६६) । साथै रारातालको रहस्यमय प्रकृतिलाई चित्रित गर्दै भनिएको छ- "चारै तिर अग्ला हरिया पहाडहरूले घेरिएर बसेको यति ठूलो जल उपत्यका यो उचाईमा साँच्चिकै विस्मयकारी र रहस्यमय लाग्थ्यो । प्याजी, नीलो, हरियो र सेतो रङ्मा इन्द्रेणी किरणहरू छालमा खेलाएर जिस्किरहेका लहरहरूको कोरस जस्तो थियो मध्यदिनको रारा । रारालाई छोएर आएको हावाका शीतल तरङ्गहरूको स्पर्श काउकुतिजस्तो लागि रहेथ्यो । रारा माथि नीलो बाफ उडिरहेको थियो" (पृ. ७६) ।

यसरी यहाँ नेपालगञ्जदेखि जुम्ला हुँदै राराताल सम्मको यथार्थ दृश्यलाई चित्रात्मक शैलीमा प्रस्तुत गरिएको छ । वास्तवमा कर्णाली अञ्चलका ठाउँहरू जति विकट छन् त्यति नै सुन्दर, रहस्यमयी र अद्‌भुत प्राकृतिक खानी नै छन् । यहाँ लेखकलाई लागेको छ कसैले यो नियालुन् वा ननियालुन् प्रकृति त सधैँ बगिरहन्छ नै । यस ठाउँको भू-बनोट पहाड शृङ्खला, नदीनाला, बनजङ्गल, चौर पाटन, सुन्दर ताल तलैया आदि हाम्रा लागि प्रकृतिका देन हुन् तर हामी त्यसको कति उपयोग गर्न सक्छौँ त्यो त हाम्रो सामर्थ्यको कुरा हो, प्रकृतिको भण्डार असीमित छ ।

यस ठाउँको देश विदेशमा प्रचार प्रसार गरी, पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सके यस्तो सुन्दर प्रकृतिकै उचित सदुपयोग हुनुका साथै यस क्षेत्रका जनताको आर्थिक सामाजिक जीवनस्तर र समग्र देशकै आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिने थियो ।

## ख) वैचारिकता

यात्रा साहित्यको अर्को महत्त्वपूर्ण पक्ष वैचारिकता हो । यहाँ विचार, सिद्धान्तका रूपमा नभएर प्रसङ्गका रूपमा ठाउँ-ठाउँमा आएका छन् । यहाँ नेपालगञ्जबाट जुम्ला जानेक्रममा यहाँको सानो भू-धरातलमा नै विविध भिन्नताको महसुस गर्दै भनिएको छ- "कल्पनै गर्न नसकिने विविधताको यति सुन्दर संयोजन प्रकृतिले पृथ्वीमा सम्भवतः विरलै गरेको होला । यो पृथ्वीमा धेरै उग्र जलवायु भएका थुप्रै ठाउँहरू छन् जहाँ मान्छेले आफ्नो पुरुषार्थ प्रयोग गरेर विपरित स्थितिलाई पनि आफ्ना निम्ति अनुकूल बनाएर बसेका छन् । हामीलाई त प्रकृतिले कुनै कन्जुस्याइँ नगरीकन छेलोखेलो सबै थोक दिएको छ । यहाँ मान्छेले गर्नुपर्ने काम मात्रै बाँकी छन् जुन हामीले मिलाएर गर्न सकेका छैनौ । विकास र वृद्धिका निम्ति मान्छेको परिचालन गर्न नसक्नु हाम्रो राजनीतिको सबै भन्दा ठूलो असफलता भएको छ" (पृ ४३) । यसैगरी सिंजाबाट चौथा जाने क्रममा प्रकृतिको अद्भूत दृश्यलाई देखेपछि भनिएको छ - "धेरै द्वारा नचिनिने बित्तिकै अथवा बजारमा प्रस्तुत हुन नपाएकै कारणले यस्ता विशेष ठाउँ वा मान्छेकै जीवन व्यर्थ खेर गएको भन्न मिल्छ र ? के संसारका सबै विशेषहरू चिनिनै पर्छ हेरिनै पर्छ र ? के हो खेर जानु र नजानु भनेकै पनि ? अर्काको अनुमोदन पाउनु र नपाउनुले के फरक पार्छ यो पहाडलाई ? मान्छेलाई पार्छ होला । आफू विशेष ठानिएको कारणले केही अहङ्कार बढ्छ होला उसको" (पृ.६१) साथै वर्षको एक दिन मात्र फुल्ने फुल हेर्न आफू छुट्टी लिएर बसेको तर अरु परिवारका सदस्यलाई त्यसले खासै प्रभाव पार्न नसकेको प्रसङ्गमा भनिएको छ "एक दिन फुल्ने त्यो सुन्दर फुल हेरेर कोही आनन्दित हुन पाएन भने के महत्त्व भयो ? फुलको सौन्दर्य हेरेर प्राप्त हुने सन्तुष्टि टिप्पणी लेखेर वा कुनै तालिमको योजना बनाएर प्राप्त हुन सक्दैनथ्यो" (पृ. ६१) ।

हामी प्राकृतिक स्रोतबाट धनी छौँ तर हाम्रो साधन र सही परिचालनको कमीले हामी गरिब छौँ । हाम्रा धेरै प्राकृतिक स्रोतहरू जुन हाम्रो भौगोलिक विकटताले, केही हाम्रो राजनीतिक, मानवीय एवम् व्यवस्थापकीय कमजोरीका कारण खेर गइरहेको भन्ने कि प्रयोग गर्न नसकिएको अवस्था छ, यहाँ लेखकले खेर गएको भन्नुमा त्यति बढी जोड दिएको पाइन्न किनकि यी स्रोत सधैँ यसरी नै प्रकृतिमा रहिरहने छन् जसलाई हामीले उपयोग गर्न सकौँ वा नसकौँ, यी उपलब्ध स्रोतहरूको उचित सदुपयोग गरी विकट कर्णालीलाई निकट कर्णालीमा रूपान्तरण गर्नु पर्ने आवश्यकता देखिन्छ ।

## ग) ऐतिहासिकता

यात्रा गर्दै जाने क्रममा उद्घाटित हुने अर्को पक्ष हो ऐतिहासिकता पनि । यहाँ जुम्ला पुगेपछि चन्दननाथ मन्दिरको दर्शन सँगै यसको नामकरणका बारेमा भनिएको छ- “काश्मीरतिरबाट मानसरोवरको तीर्थ यात्रा गर्न आएका बाबा चन्दननाथका चरण पादुका राखी यहाँका बलिराजाले वि.सं. १४६१ मा स्थापना गरेको भन्थे यसलाई” (पृ.४४) । यसै गरी नेपाली भाषा, संस्कृतिको उद्गम स्थल सिंजाको बारेमा भनिएको छ- ‘नेपाली इतिहासकै सबैभन्दा ठूलो खस साम्राज्यको राजधनी सिंजा हुँदै जान्थ्यो । प्राचीनकालमा यो विशाल साम्राज्यले पश्चिम भारतमा पर्ने केदारखण्ड-कुमाउ-गढवाल, तिब्बतको खारी प्रदेश तथा नेपालका कर्णाली र गण्डकी प्रदेश समेत समेटेको थियो । हाम्रो नेपाली भाषा, संस्कृतिको उद्गमस्थल मानिने यो महत्त्वपूर्ण भूखण्डलाई स्पर्श गरेर हिँड्दा र सम्झँदा रोमाञ्चित भैरहेँ’ (पृ.४६) । साथै मुगुको गमगढी पुगेपछि त्यहाँको इतिहास सम्झँदै भनिएको छ- ‘गोर्खालीले खलङ्गामा आक्रमण गरेर राजालाई नियन्त्रणमा लिएपछि राजाको मुख्तियारी शासन चलाइरहेका उनका काकाले गमगढी आएर गोर्खालीका विरुद्ध विद्रोह गरेका थिए । पछि उनी हुम्लासम्म पुगेर गोर्खालीका विरुद्धको अभियानलाई जारी राखेको पनि कर्णाली बासीले त्यो क्षेत्रका अरु राज्यले भन्दा अलग रहेर गोर्खालीको अधिपत्यलाई सकेसम्म प्रतिरोध गरेको थाहा हुन्छ’ (पृ. ७२) ।

यस ऐतिहासिकताले हाम्रो विकासक्रम, हाम्रा ऐतहासिक एवम् धार्मिक स्थानको स्थापनाकाल र तिनको महत्त्व, तत्कालीन राज्यव्यवस्था, सिमाना, राज्य एकीकरणको अभियान आदि विविध पक्षलाई उजागर गरेको छ । हाम्रा यी पुरातात्विक सम्पदाहरू र ऐतिहासिकतालाई जोगाउँदै आउँदो पिढीका लागि पनि उपयोगको अवसर प्रदान गर्नु हामी सबैको दायित्व हुने छ ।

## घ) सामाजिक यथार्थता/विपन्नता

यात्रामा मानिसले राम्रा कुराहरू मात्र देख्ने भोग्ने भन्ने हुँदैन, अगाडि बढ्दै जाँदा समाज भूगोल हेर्दै जाँदा केही कुरा आफ्ना मनमा खड्किँदो रहेछ सोही क्रममा जुम्लाबाट नाग्मा जाने बाटोमा जुम्लाको फराकिलो फाँट देखेपछि उनको मनमा लागेको कुरा र भनिएको छ - “मोटरबाट दायाँ, बायाँका फराकिला, मलिला फाँटहरू देखेर लागि रहेथ्यो - यो पच्चीस किलोमिटर लम्बाइको मात्रै जमिनमा राम्ररी खेती गर्ने हो भने पनि सिङ्गै

कर्णालीलाई पुग्ने अन्नपात उब्जाउन सकिँदो हो" (पृ. ४५) सँगसँगै भनिएको छ - नदीको पानीले जहाँनेर पनि खेत पटाउन सकिन्थ्यो। तर जुम्लामा खाद्यान्नको अभाव छ, सरकारी चामल किन्न एयरपोर्टमा लाइन बस्नु पर्छ भनेको सुनेकी थिएँ। वास्तवमा जुम्लामा फल्ने रातो चामललाई जुम्लाबासीले त्यति महत्त्व नदिने रैछन्। फापर, कोदो प्रशस्त फल्ने भएर पनि त्यसको पोषण महत्त्व थाहा नपाउँदा त्यसको उपयोग राम्ररी गर्न सकेका थिएनन्। उनीहरूलाई त राम्रो खाद्यान्न भनेकै जहाजले ओसार्ने सेतो चामल मात्रै हो जस्तो लाग्ने रहेछ (पृ. ४५-४६)। गमगढी पुग्दा त यही सेतो चालम भीडभाडका साथ पाथी भर्दै बेच्दै गरेको देख्दा मनमनै सोचिरहें - जहाजले ओसार्ने सेतो चामल नै यहाँको दुर्भाग्य रहेछ क्यारे ! त्यही सेतो चामल पनि अधिकांश त रक्सी बनाउन प्रयोग हुने सुनेर बडो दुःख लाग्यो (पृ. ४६)। यसैगरी यहाँको गाउँमा छिर्दा अनुभव भएको छ - गाउँमा गाउँको आकर्षण थिएन, उराठलाग्दा रङ्रोगन नभएका घर गोठ थिए, मरन्च्यासे वस्तुभाउ थिए, न पिँढी, न आँगन लिपेका थिए, न कतै हरियाली थियो, (पृ. ४७) साथै चौथाकी कमला कहाँ खानाखाने बेलामा भनिएको छ - "छोरी सात कक्षामा पढ्दिरहिछ, गाउँमा आठ कक्षादेखि स्कुल नभएकाले अब पढ्न छुट्छ भनेर पीर गर्दै थिई। जुम्ला पठाएर छोरीलाई पढाउने सामर्थ्य परिवारको थिएन। त्यति टाढा एक्लै पढ्न बस्ने भनेको कुरा पनि हाम्रो सामाजिक परिवेशमा छोरीका निम्ति अप्ठेरै मानिन्छ। बरु हामी पढेका भनेकाहरू अविवाहित छोरीलाई एक्लै विदेश पठाउन अप्ठेरो मान्दैनौँ तर आफ्नै देशभित्र घरबाट स्वतन्त्र भएर बस्छौँ भनेमा आपत्तिजनक ठान्छौँ" (पृ.६४)।

यसरी जुम्ला अनेक सम्भावना र सम्पन्नता भएर पनि यहाँ खाद्यान्न अनिकाल हुने, स्थानीय जातको चामललाई वास्ता नगर्ने, राम्रो खेती योग्य जमिन भएर पनि उचित प्रविधि वा जाँगर नभएर हो कि बाँझै रहने, कोदो, फापरलाई पनि वास्ता नगर्ने केवल ठेक्का पट्टामा आएको सेतो चामल नै लोकप्रिय हुनुको कारण के हो ? त्यसैगरी छोरी पढ्नका लागि घर बाहिर बस्न नहुने तर विदेश जान सहजै अनुमति पाइने इत्यादि हाम्रा समाजका लागि सोचनीय विषय र समस्या बनेर यहाँ आएका छन्।

### ङ) राजनीतिक समस्या/पीडा

प्रस्तुत कृतिको यस खण्डमा वि.सं. २०६४ सालको समय रहेको छ। यही समय नेपालको राजनीतिले सही दिशा पहिल्याउन सकिरहेको छैन, त्यसकारण यहाँ लामो

द्वन्द्वकालीन समयमा देशमा छाएको आतङ्क र त्यस पछिको स्थिति र पीडा प्रस्तुत गरिएको छ। ठाउँ ठाउँमा भिन्न मत राख्ने राजनीतिक पार्टीका कार्यकर्ताहरूलाई माओवादीहरूले विभत्स ढंगले हत्या गर्ने, यातना दिने, घरबास कब्जा गरेर लखेटी दिने जस्ता प्रसङ्ग यहाँ आएका छन्। जस्तै यहाँ जुम्लाको बड्की गाउँमा स्थानीय कार्यकर्तासँग भेटघाटको क्रममा भनेका छन्- "वहाँ पहिला तरुण दलमा हुँदा माओवादीले दिएको कष्टको बयान गर्दा मेरो आङ नै सिरिङ्ग भयो। छपनी ढुङ्गाले थिचेर हातखुट्टा थिलो-थिलो पारी छाला काडेर छोडेका रहेछन्। औषधि गर्न सम्म जान दिएका थिएनन् रे" (पृ. ५०)। यसैगरी नराकोटको बास बस्ने ठाउँमा स्थानीय कार्यकर्तासँग कुराकानी गर्दै गर्दा यहाँका पीडा र दुःखका कहानी सुनाइरहेथे, देश यो हालतबाट मुक्त होस् भन्ने चाहन्थे, युवाका निम्ति केन्द्रीय सरकाले केही नगरेकोमा दुःख मनाउ गरिरहेथे भन्दै भनिएको छ - "स्थानीय टाठाबाठा जनप्रतिनिधिहरूले गरिबको शोषण गरेको, कर्णालीका आवश्यकता र छनौटको वास्तै नगरी काठमाडौंले पठाउने योजना र वर्षको अन्त्यमा आउने बजेटका बारेमा तीव्र गुनासो सुनेकी थिएँ" (पृ. ५२)। साथै जनताका लागि भनेर लडेका समूहहरूले जनताकै दैनिकी र जनजीवन अस्तव्यस्त हुने गरी विकासका संरचना भत्काएर कसको लागि राजनीति गरिएको हो कुन्नी ? यस प्रसङ्गमा गमगढीमा मुगुकर्णाली माथिको पुल माओवादीले ध्वस्त पारेपछि वारपार गर्न तुइन भन्दा अर्को विकल्प थिएन मान्छेसँग (पृ. ७३)। साथै सत्ताको केन्द्र नजिक हुने जुनसुकै जाति वा समुदायले मात्र राज्यको सुविधा उपभोग गरेका छन् भन्ने व्यवहारिक तथ्य प्रस्तुत गरिएको छ (पृ.४८)।

प्रस्तुत यस कर्णालीको कथामा तत्कालीन समसामयिक राजनीतिको यथार्थ चित्रण गर्दै देशलाई सही समयमै उचित राजनीतिक निकास दिनुपर्ने आवश्यकता देखाइएको छ। खस जातिको उद्गम स्थल यस ठाउँमा आएर वास्तविक खस समुदायको दुरावस्था देखेपछि वास्तवमा सत्ता र शक्तिको नजिक हुने, टाठोबाठो जुन सुकै जात जाति भए पनि राज्यको सुविधा हडप्ने गरेको देखेपछि राज्यको सुविधा न्यायोचित र समानुपातिक तवरले वितरण गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

## च) अनुभूतिमयता

यहाँ यात्राका क्रममा देखे भोगेका विषयलाई अनुभूतिमा रङ्ग्याएर नै प्रस्तुत गरिएको छ। अनुभूति भन्ने कुरा सानै विषय, प्रसङ्गले पनि ठूलो महत्त्व राख्दछ। यसै प्रसङ्गमा जेठ महिनाको प्रचण्ड गर्मी, उकालो बाटोमा गर्मीले बेसरी अत्याएको बेला कलकल बगिरहेको कञ्चन खोलो देख्दै पनि शीतल अनुभव भएको छ (पृ. ५५) यसैगरी सिंजामा कर्णबहादुर भण्डारीको घरमा खाना खाएर हिँड्ने बेलामा युवतीहरूलाई फोटो खिच्न, बोलाउँदा दगुरेर भित्र पसेकी एउटी युवती एकछिन पछि त तिलहरी लगाएर पो निस्किइन् त्यसपछि शर्माको मनमा अनुभूत भएको छ - "स्वास्नी मान्छेको सौन्दर्य सचेततालाई गहनासँग जोडिदिँदा व्यापार प्रबद्र्धनमा सघाउ पुगे पनि उनीहरूको ध्यानलाई आफ्नो अस्मिता, अस्तित्व, र आत्मविश्वासको मुल मुद्दामा केन्द्रित हुन यसले अप्रत्यक्ष तवरले बाधा पुऱ्याइरहेको अनुभव गर्दछु म घरीघरी" (पृ. ५७)। साथै जीवनमा आनन्दित हुन र आश्चर्य मान्न ठूलो कुरा नचाहिने रहेछ भन्दै भनिएको छ - "थाकेको शरीरले बेलैमा बास भेटेको सुखद अनुभूति यो दुर्गम उचाइमा दूध चियाको प्रतीक्षा गरेको समय यी तीन दिनमध्येको साह्रै सुन्दर समय थियो सम्भवतः त्यसअघि कहिल्यै खाएकी थिइन कि जस्तो भयो यति मिठो चिया" (पृ. ६३)। कर्णालीको यात्रा सकाएर जहाजबाट सुर्खेत ओर्ले पछि सुगमताको अनुभूति बारेमा भनिएको छ - "मुलुकको चार किल्ला भन्दा बाहिर परेको जस्तो, दुर्गम कर्णाली प्रदेशमा जन्मेको एउटा गरिब नेपालीलाई सुर्खेत आइपुग्नु भनेको नै सामान्य मान्छेलाई अमेरिका पुग्नु भन्दा कठिन रहेछ भन्ने अनुभव गर्दा मनभित्र ठेस लाग्यो" (पृ. ८०)।

निश्चय नै हो यति बेला कर्णाली पछाडि पारिएकै अनुभव चौतर्फी भएको छ। काठमाडौंका महङ्गा होटलमा रक्सीको चुस्कीमा कर्णालीका विकास योजना बनाइन्छ न त त्यहाँको भूगोलको, न त जनताको आवश्यकता ख्याल गरिन्छ, केवल कागजी राम्रा राम्रा योजना र बजेटले नै कर्णाली पछाडि परेको अनुभव भएकै छ। तसर्थ कर्णालीका बारेमा नीति तथा योजना निर्माण गर्दा त्यहाँको भूगोल, जनजीवन र आवश्यकता औँल्याएर मात्र योजना बनाउनुपर्ने देखिन्छ।

## छ) स्थानीयता

कुनै ठाउँ विशेषमा चलन चल्तीमा रहेका रीति, परम्परा, सामग्री, सामाजिक सद्भाव पूर्ण व्यवहार आदि सामाजिक क्रियाकलापलाई नै स्थानीयता भन्न सकिन्छ। यात्राका क्रममा एकै दिनको समयमा पनि यस्ता ठाउँ विशेषमा विविध स्थानीयपन भेटिन्छ, जस्तै फुलका मालाको सट्टामा स्थानीय रूपमा नै उपलब्ध जौका पात र भर्खरका चिचिला स्याउका हरिया माला ल्याएर लगाइदिए पछि शर्माको मनमा चाहिँ कतिवटा स्याउ खेर गए भनेर गन्न हतार भएको छ (पृ. ५६) सँगसँगै अर्को रमाइलो एवम् सामाजिक सद्भावपूर्ण व्यवहार त के देखियो भने - सबै एकछत्र छानामाथि ओछ्याइएको एउटै दरीमा बसिरहेथ्यौ, कसैलाई बेग्लै राखिएको थिएन। बाजा बनाउनेहरू र अरुले पनि एउटै पानी खाइरहेथे। लामो समयको विस्थापित जीवनपछि घर फर्केका घरमूली भण्डारी जी चरेसको ठूलो थाल भरी दहीले मुछेका अक्षता बोकेर प्रत्येकको अगाडि पुग्थे। दलितहरूसँग पनि यसरी नै अक्षता साटासाट गरेको देखेर म उदेक मानिरहेथेँ (पृ. ५६)। यस्तो दुर्गम ठाउँमा पनि जातीय सद्भावको यो उदाहरणीय व्यवहार देखेर शर्मा स्वयम् अच्चमित भएकी छन्। यसैगरी सिंजाबाट घोडामैला जाने क्रममा रोपाईं चलिरहेथ्यो, स्थानीय महिलाहरू रङ्गीन पहिरनमा सजिएर सकी नसकी लट्ठी टेक्दै हिँडेको हामीलाई देख्दा खित्खित् गर्दै हाँस्तै दौडिएको देखेर एकजना बूढा मान्छे टिठीहरूलाई लक्ष्य गर्दै भनिरहेथे जमाना साह्रै खराब भएको छ नानी, अचेल समानता चाइनी भन्छन्। आइमाईहरू छाडा भए लोग्नी छोरासँग समान हुन् भनेर कहीँ हुन्छन् ? न बडाको मानमनितो, न चोखो बिटुलो बर्बादै भयो अचेल (पृ. ५८)। यहाँ उक्त बृद्धले भन्न खोजेको के देखिन्छ भने सायद पढेलेखेका महिलाहरूले सामाजिक हकहितका, छुवाछुतका, छोइछिटोका, समानताका कुराहरू पक्कै गरेको हुनुपर्छ, महिलाहरू पक्कै पनि सचेत भइसकेको यहाँ देखिन्छ, तर पुरानो पुस्तालाई यो व्यवहार मन नपरेको हुन पनि सक्छ।

हाम्रो सामाजिक संस्कार यस्तै छ, यो परिवर्तन हुने क्रममा छ, मानिसको सोचाइ समयक्रम अनुसार खुला हुँदै आएको छ। दलितसँग छोइए छिटो हालेर मात्रै घर भित्र छिर्ने चलन भएको हाम्रो पुस्तान्तरणको चरण पछि निश्चय नै परिवर्तन भइरहेको छ र हुँदै जानेछ।

## ज)	नारी समस्या

नेपाली समाज पितृसत्ता प्रधान हुनु, स्वयम् नारीहरूको शैक्षिक अवस्था कमजोर रहनु र पुरुषहरूका हीनतर प्रवृत्तिले गर्दा नै नेपाली समाजमा प्रशस्त नारी समस्या देखिएका छन् । उक्त समस्याहरू यस खण्डमा प्रसङ्गवश प्रस्तुत गरिएको छ । विशेषतः हिमाली, पहाडी भेगमा भनौं यो देशभरि नै पनि अलिकति सचेत र शिक्षित समुदाय बाहेक अन्यत्र छोरीको सानै उमेरमा विवाह गरिदिने चलनका कारण समस्या रहेको देखिन्छ । बाटो घाटोमा गहनापात लगाएर हिँड्न नहुने, दिनभरिको मेलापात धाए पनि नुनखुर्सानीसँग सुख्खा रोटी खाएर छोराछोरीलाई छाती चुसाउनुपर्ने, खुलेर बोल्न नहुने, बोलेमा उत्ताउली भइने लोग्नेको पछि लागेर हिँड्नु पर्ने यी र यस्तै समस्याका बीच धुच्चीको लेकको ओरालो झर्ने क्रममा बाटोमा हिड्दा समेत खुट्टा धान्न गाह्रो हुने भीरमा महिलाहरू अडिएर गोडमेल गरेको दृश्य देखेपछि भनिएको छ - ती त्यहाँ कसरी जाँदा हुन् ? कसरी अडिदा हुन् र कुनबाटो फर्किदा हुन भन्ने प्रश्नको उत्तरमा शर्माले पाएको डरलाग्दो उत्तर छ  'लोग्नेहरूले बिहान डोकोमा हालेर तिनलाई भीरमा खसाइदिन्छन् र दिनभरी काम गरिसकेपछि फेरि डोको तल खसालेर डोकैमा तानेर माथि ल्याउछन्' ( पृ.६८) । यस्तो आङ नै सिरिङ्ग हुने नारी यथार्थ देखेर अर्को प्रश्न उब्जिएको छ - दिन भरी ती आइमाइहरूले काम गरुन्जेल तिनका लोग्नेहरूले चाँहि के गर्दा हुन् भनेर खसखस भैरहन्थ्यो मनमा (पृ. ६८) ।

यसैगरी गमगढी पुग्ने बेलामा एउटी अहेब भेटिइन् उनको पनि उही समस्या रहेछ भन्दै थिइन् - 'तेह्रथुमकी उनी दाङमा काम गर्दा गमगढी घर भएका स्वास्थ्यका कर्मचारीले सँगै काम गर्दा गर्दै घरमा पहिली श्रीमती भएको थाहै नदिई उनलाई बिहे गरेका रहेछन् । लोग्नेका तीन-चारवटी श्रीमती हुनु सामान्य हो रे यता । स्वास्नी मान्छेलाई त काम गर्न र बच्चा जन्माउन नै फुर्सद हुँदैन, प्रत्येकले पाँचसात वटा बच्चा जन्माउँछन् रे' । पाल्न गाह्रो हुँदैन भनेर सोध्दा भन्दै थिइन् - "आइमाइलाई पो त गाऱ्हो लोग्नेमान्छेलाई खुरुखुरु स्वास्नी ल्याउन के गाऱ्हो, खान दिन पर्ने होइन । उल्टो मरेर काम गरिरहेका भोका स्वास्नीलाई रक्सी खाएर कुट्नसम्म कुट्छन् तिनले" (पृ.७१) ।

शर्माले अनुभव गरेका नारी समस्याका यथार्थ दृष्टान्त हुन् यी । साँच्चै कर्णाली भूगोलले त विकट छ नै अझै त्यहाँको सामाजिक एवम् हीनतर पुरुषका प्रवृत्तिले अझै पिछडिएको छ । दिनभरि महिलाले मेलापात गर्दा पुरुषको उपस्थिति यहाँ शून्य छ, किन हो

यो कुरा कतै उद्घाटित छैन, या जागिर खान जान्छन् या अन्य काम गर्छन् कि, टाइम बढी भएर ताससँगै टाइमपास गर्छन्। अर्को कुरा एउटा सरकारी कर्मचारी जो घरमा श्रीमती हुँदा हुँदै पनि छलेर अर्की श्रीमती ल्याएका छन्, यहाँ त के शिक्षित, के अशिक्षित सबै समुदायको चरित्र एउटै हुँदो रहेछ। यसरी यहाँको नारी समस्या र धेरै सन्तानको चाहनामा रुमलिइरहेको समाजको यथार्थ चित्रले समयमै त्यस क्षेत्रका जनताको चेतनास्तरमा परिवर्तन गर्नु आवश्यक देखिन्छ।

**निष्कर्ष**

कर्णाली वास्तवमा दुर्गम, विकट, पिछडिएको भूगोलमा त पर्छ नै तर यति मात्रै यसको परिचय होइन। यहाँ अनेकौँ सम्भावनाका ढोका खुलै छन्, २५ औं किलोमिटर लामो फाँटमा आधुनिक प्रविधिसँगै खेती गरिएमा सिङ्गै जुम्लालाई पुग्ने खाद्यान्न उत्पादन हुन्छ। विविधताको सुन्दर संयोजन प्रकृतिले यहाँ गरिदिएको छ। प्रकृतिले छेलोखेलो सबै थोक दिएको छ, सही परिचालन गर्न नसक्नु हाम्रो असफलता भएको छ। थुप्रै धार्मिक, पर्यटकीय, ऐतिहासिक महत्त्वले भरिएका ठाउँ छन्। जातीय सद्भाव विकटै भए पनि राम्रै छ जौं र गहुँका कुन्यु लगाएर राखेको देख्दा केही, ठाउँमा बाहेक स्थानीय बाली राम्रै हुँदा पनि जहाजले बोक्ने सेतो चमलको मोह बढी नै रहेछ। वन, जङ्गल, जडिबुटीको धनी ठाउँ भएर पनि यातायातको असुविधा, साधन स्रोत परिचालनको कमीका कारण उचित सदुपयोग हुन सकिरहेको छैन, रसस्यमयी रारा तालको सौन्दर्य यो क्षेत्रकै अमूल्य सम्पत्तिको रूपमा रहेको छ।

विविध सम्भावनाको खानी रहेको यस कर्णाली क्षेत्रमा राज्य सञ्चालन संयन्त्रको उपस्थिति न्यून रहेको पाइन्छ। विकासका पूर्वाधारहरु खडा हुन सकिरहेका छैनन् सोही कारण स्थानीय स्रोत साधनको परिचालन हुन सकिरहेको छैन। शैक्षिक चेतना कमी भएकै कारण होला नारी समस्या एकदमै बढी रहेछ, बालविवाह, बहुविवाह, धेरै सन्तानको चाहना आदि यहाँका सामाजिक समस्या रहेछन्। द्वन्दकालीन राजनीतिक पीडाले मानिसहरू कोही विस्थापित कोही अङ्गभङ्ग भएका रहेछन्। सम्भावना, चुनौति र यस्तै यथार्थको चित्रण यस 'कर्णालीको कथा' शीर्षकमा गरिएको छ।

### ४.२.३ फेरि कर्णालीकै कुरा

यस खण्डमा शर्माले (वि.सं. २०६४) सालमा यात्रा गरेको कर्णाली पछि फेरि ( वि.सं. २०६७) सालमा गुरुकुलमा ‘सपना कर्णाली’ खस भाषाको नेपाली नाटक हेरेपछि सोही यात्राको घटनाक्रम दोहोरिएको छ। शर्माले केही वर्ष अघि गरेको पैदल भ्रमणको दृश्यलाई यहाँ मञ्चमा उतारिएको छ। शर्मालाई उही पुरानै यात्रा गरेको अनुभव भएको छ। यात्राको सचित्र दृश्य यहाँ उतारिएको छ। त्यहाँको प्राकृतिक स्रोत, अथाह जडीबुटीको भण्डार भएर पनि कर्णालीको सपना साकार हुन नसकेको कुरा गरिएको छ। यस खण्डमा अघिल्ला खण्ड जस्ता लामा र यात्रावर्णन नभएकोले सोही अनुसार विश्लेषण गर्न पनि सम्भव रहेन। शर्माले केवल यहाँ आफूले देखेको कर्णालीलाई मञ्चमा उतारिएको कर्णालीसँग तुलना गर्दा दुवैमा समानता भेटिएको पाइन्छ। सोही यात्रामा गरेको कर्णालीको वर्णन सार सङ्क्षेप जस्तो यस खण्डमा आएको छ। कतिपय विस्मयकारी भूवनोट र दृश्य संसारमै दुर्लभ छन् भन्दै असीमित सम्भावना र त्यहाँका मान्छेले भोगी रहेका कष्टप्रद जीन्दगीका बीचमा न्यूनतम तालमेल पनि नदेख्दा उनका मनमा उठेको थियो के यो थलो नेपाल राज्य भित्रै पर्छ ? (पृ. ८३)। यसैगरी नेपाल राज्य यस कर्णाली भूमिप्रति संवेदनशील नभएको, त्यहाँका जनतालाई आफ्नो माग राज्य सामु पऱ्याउने कुनै माध्यम नभएको प्रति लक्षित गर्दै भनिएको छ - “यति खेर मधेश आन्दोलन उत्कर्षमा थियो, राजमार्गहरू बन्द थिए उनीहरूले आफ्ना मागहरू राज्यसामु पुऱ्याउने हतियार राजमार्ग थिए तर कर्णालीका बासिन्दालाई छेक्न कुनै राजमार्ग थिएनन्। खस जातिले मुलुक भ्याइसक्यो भनेर देशमा उठेका चर्चाहरू सुन्दै गर्दा र यहाँ बस्ने खस जातिको दुर्दशा देख्दा भने भ्रम भएको थियो” (पृ. ८३)। सुर्खेत टेक्दा लाग्यो - अब जुनसुकै प्रयोजन निम्ति जहाँ पनि पुग्न सक्छु भन्ने अनुभव यहाँ आइपुगेपछि भएको छ। एउटा खुला, स्वतन्त्र, महसुस गरिएको छ। सबै कुरा पुरानै भएपनि नौलो अनुभव गरिएको छ। आफ्नै घर ठूलो, सफा, राम्रो भएको अनुभव छ यहाँ धेरै दिन पछिको सबै कुरा नौलो अनुभव भएको छ।

सोही समयमै गुरुकुलमै हेरेको अर्को नाटक ‘कर्णाली दखिखन बग्दो छ’ हेरेपछि भर्खरै टेकेर आएको कर्णाली पुनः ब्युँतेको छ। सिकिस्त बिरामीहरू कैयौं दिनदेखि जहाज कुर्दै धूलोमाथि सुत्नुपरेको, सेतो चामल भन्दा गतिलो खानेकुरा केही हुन्न भन्ने कर्णालीबासीको मानसिकता, स्कुलका केटाकेटी तुइनमा झुन्डिएर आवतजावत गर्दागर्दै

कर्णालीमा खसेर बगेका (पृ. ८४) । यसै गरी नाटकका पात्र पुन्नलालले गहिरो निद्रामा कर्णालीको चकाचक सपनामा मग्न भएको र सोही सपनाका माध्यमबाटै सम्पन्न कर्णालीको कल्पना गरिएको प्रसङ्ग यहाँ छ - नेपालकै पछाडि परेको यस प्रदेशले आफ्ना प्राकृतिक सम्पदाहरूको अधिकतम दोहन गरेर विश्वकै सम्पन्न प्रदेश बनेको कल्पना गरिएको रहेछ नाटकमा । इमान्दार, मेहनती, उर्जाशील नेतृत्वका कारण यस्तो सम्भव हुन सकेको देखाएर यतिखेरको नेपाललाई नेतृत्व गरिरहेकाहरूको पाखण्ड, भ्रष्टता, लोभलाई तीखो व्यङ्ग्य गरिएको रहेछ नाटकले (पृ.८४) यसरी भित्र रङ्गमञ्चमा जति राम्रा सपना देखिएपनि बाहिर यथार्थ परिवेशमा आउँदा हामी उस्तै छौँ । सम्पन्नता भन्ने कुरा कल्पना र भ्रममा मात्रै सीमित थियो । बाहिर निस्कँदा सहरको दुर्गन्ध ज्यूँका त्यूँ छ । खाल्टै खाल्टा भएका साँगुरा सडकमा ठेलमठेल गरी, नियम मिच्दै सवारी साधन गुडिरहेथे । पेटीहरूमा असरल्ल खुद्रा पसलहरू, थुप्रिएका फोहरका डङ्गुर र निर्माण सामग्री थिए ठाउँठाउँमा । यसरी नै जादै गर्दा गाडीको रेडियोमा खबर आइरहेको थियो । विशेष अधिवेशन रोक्न माओवादी सहमत भयो, नियमित अधिवेशन बोलाइयो । यस्तो राजनीति र जनताका समस्याप्रति तिब्र असन्तुष्टि पोख्दै भनिएको छ- “केका लागि बस्छन् यी अधिवेशन ? कसका लागि, चाहे ति विशेष हुन् वा नियमित के फरक पार्छ हाम्रो नियतिलाई ? हाम्रा सपनासँग तिनको के सरोकार छ ? जनता र जनताको समस्यासँग पूरै बेखबर बन्दै गएको राजनीतिसँग हामीले गर्न मिल्ने अपेक्षा नै के थियो र ?” (पृ. ८५) ।

सोही खण्डमा अर्को नाटक आन्द्रे र डेरिनाको नाटक प्रेम र करुणाले चुर्लुम्म भिजेको अन्तरङ्ग सम्बन्धको कथा रहेछ । सग्लै जीवनसँगै बिताएर जीवनका अन्तिम वर्षहरूमा पत्नीलाई सबै कुरा बिर्सने रोग लाग्दा त्यस परिवारमा आइपरेको भयङ्कर मनोवैज्ञानिक त्रासदीको सुन्दर अभिव्यक्ति हो यो नाटक । नाटक हेर्दै गर्दा आफ्नै कतिपय निकट सम्बन्ध र चिनजान भएका परिवारमा विस्मृतिको शिकार भएका प्रियजनले भोगिरहेको त्रासद अवस्थाको सम्झना गरेँ मैले त्यतिखेर लाग्यो आफ्ना नियन्त्रण नभएका कतिपय अवस्थामा हामी मान्छे कति असहाय हुने गर्छौं (पृ.८५) ।

**निष्कर्ष**

यो खण्ड यात्राका रूपमा नभई यात्रा गरेको ठाउँको पुनरावृत्ति गराउने नाटक सँगै आएको छ । यहाँ शर्माले यात्रामा भोगेको यथार्थ र कर्णालीको परिदृश्य यस

गुरुकुलको रङ्गमञ्चमा आएको छ र पुनः शर्माको मस्तिष्कलाई कर्णालीमै पुऱ्याइदिएको छ । कर्णालीका सपना वर्तमान समयको नेपालसँग सम्बन्धित छन् । प्रजातन्त्र आउनु र पछि नेताहरूले जनतालाई सम्पन्नताका थुप्रै सपना देखाएका थिए, चुनावताका पनि उस्तै सपना थिए । तिनै सपनाका पछि लागेर कतिले ज्यान गुमाए, अङ्गभङ्ग भए, जीवन अस्तव्यस्त भए । तर विडम्बना लोकतन्त्र आयो, चुनावहरू पनि भइरहे, तर जनताका सपना भने वेवारिसे बनिरहे । मुलुकको जिम्मेवारी लिएर बसेको हाम्रो नेतृत्वलाई सायद अल्जाइमरले गाँजेको छ, आफूले जनतालाई देखाएका सपनाहरूको सम्झना छैन । हामी भने कुन बाध्यताले हो अल्जाइमर ग्रस्त राजनीतिक नेतृत्वको पोल्टामा आफ्ना सपनाहरूको साँचो सुम्पेर तिनैका उल्टासुल्टा इसारामा अनौठो कालखण्ड बाँच्न अभिशप्त छौँ । जनताका लागि भनेर राजनीति गर्नेहरू पुस्तौसम्म पनि जनताका आधारभूत आवश्यकताहरूको सम्बोधन गर्न सक्ने अवस्थामा पुग्न नसकेको हाम्रो राजनीतिक दुरावस्था देखाइएको छ ।

### ४.२.४ मुक्तिनाथमा पहिलोपल्ट

शर्माको अर्को महत्त्वपूर्ण यात्रा वि.सं. २०५१ साल फागुन महिनाको अन्तिम साता काठमाडौंबाट पोखरा हुँदै जोमसोम, अनि मुक्तिनाथसम्म रहेको छ । यहाँ यस यात्राका क्रममा देखे भोगेका विविध पक्षलाई सविस्तार, सचित्र, आकर्षक शैलीमा प्रस्तुत गरिएको छ, यसै अन्तर्गत रहेर यस खण्ड 'मुक्तिनाथमा पहिलोपल्ट' लाई नियात्राका विविध कोणबाट अध्ययन विश्लेषण गरिन्छ ।

**क) वैचारिकता**

यहाँ यात्रा प्रसङ्गको सुरुवात चरणमै पोखराबाट जहाज चढेर जोमसोम जाने क्रममा जहाजबाटै देखिएको हाम्रो भूगोल र हामी मानवजातिको यो पृथ्वीमा उपस्थितिलाई वैचारिक दृष्टिबाट भनिएको छ- "यो विशाल बसुन्धरामा हामी मान्छेको अस्तित्व र उपस्थिति भुसुना बराबरको पनि छैन भन्दै सम्भवतः हाम्रो हुनु र नहुनुले केही भिन्नता हुँदैन पानीका फोका उठ्नु र फुट्नुजस्तो जीवन लिएर पनि हामी अनाहकमा आफूले दुःख पाँउछौ र अरुलाई पनि दुःख दिन उद्यत भैरहन्छौँ" (पृ. ९०) । यसैगरी जोमसोमबाट मुक्तिनाथ जाने क्रममा राति होटलमा बास बसेपछि सबै जनाले गफगाफ गर्दा त्यहाँको

बहुपतिप्रथाको बारेमा गहन छलफल पछि शर्माको मनमा परेको प्रभावलाई समाजका रीतिस्थितिका बारेमा विश्लेषण गर्दै भनिएको छ- "वास्तवमा सामाजिक रीतिस्थिति भनेका कुनै निश्चित स्थानको त्यस बखतको परिस्थिति र आवश्यकता अनुरूप निर्माण गरिने समय सापेक्ष नियमहरू हुन्। विचरणीय कुरा के हो भने समाजको प्रकृति परिवर्तित हुँदै जाँदा यी पद्धतिहरूमा पनि युगानुकूल सुधार हुनुपर्दछ। अन्यथा रुढ मिथक बनेर रहेका अमिल्दा थितिहरूले मान्छेलाई अनावश्यक दुःख दिने गर्दछन्" (पृ.९८)।

त्यस्तै लेक लागेर आफू विरामी भएपछि हुन थालेको पीडा बोध/मृत्यु चेतनामा भनिएको छ - "मेरो मृत्यु यहीँ हुनु छ भने त्यो हामीले टारेर टार्ने कुरा थिएन" (पृ. १०१)। यसैगरी लेक लागेर मुक्तिनाथ पुग्ने बेलामा विरामी भएपछि मनमा अनेकौं तरङ्गहरू खेलाउँदै छोरीहरूलाई सम्झँदै, अज्ञात देवतासँग प्रार्थना गरी रातभर ननिदाएको प्रसङ्गलाई भोलिपल्ट फर्केर जोमसोम आउँदै गर्दा भनिएको छ - "म हिजो राति नै समाप्त भएकी भए पनि यो बिहान त हुन्थ्यो नै, यी घर, बस्ती, मान्छे, चौँरीहरू सबै हुन्थे। कुनै पनि मान्छेका निम्ति आफ्नो जीवनभन्दा महत्त्वपूर्ण कुरा अर्को केही पनि हुँदैन। संसारसँग जोडिने माध्यम हाम्रो शरीरै त हो, अन्यथा के प्रयोजन यी अनुभूतिको, सुखको, सम्बन्धको के अर्थ" (पृ. १०५)।

यसरी शर्माले यस खण्डमा वैचारिकतालाई विविध कोणबाट प्रस्ट्याउने प्रयास गरेकी छन्। यहाँ हाम्रो जीवनलाई पानीको फोकासँगै तुलना गर्दै जीवनको रिक्ततालाई प्रस्ट्याइएको छ। साथै सामाजिक संस्कार समय अनुकूल परिवर्तन गर्दै र हुँदै जानुपर्नेमा जोड दिइएको छ। लेक लागेर मृत्युबोधको अवस्थामा पुग्दा देउतालाई पुकारेर परिवारसँग भेट्ने अन्तिम इच्छा मागिएको छ जहाँ दैवी शक्तिको महत्त्वलाई पनि दर्साइएको छ।

**ख) दृश्यात्मकता**

यात्रा साहित्यको महत्त्वपूर्ण पाटो हो दृश्यात्मकता वास्तवमा यात्रा गर्नुको मूल ध्येय नै दृश्यावलोकन हुन्छ। सोही क्रममा शर्माद्वारा यस खण्डमा यात्राको क्रममा भौगोलिक, मानवीय, धार्मिक तथा अन्य दृश्यहरूलाई यसप्रकार उल्लेख गरिएको छ- जोमसोम विमानस्थलबाट बजारतिर जाँदै गर्दा देखिएको छ। चिटिक्क परेको सानो बजार बडेमाको पहाडको भित्तो ताछेर बनाएजस्तो, बीचमा कालीगण्डकीको गेग्रान खाँदेर बनाएको जस्तो फराकिलो बाटो, चिठेका चौतारी, रक्सी, वियर र वाइवाइ चाउचाउको

बिगबिगी (पृ.९१)। यसैगरी जोमसोमबाट मुक्तिनाथ जाने बाटोमा ढुङ्गै ढुङ्गाको ककेरोबाट छिर्नेबाटो, तलतिर हेर्दा कहाली लाग्ने भीर, सोही भीरको डिलमा घोडा चढेर हिड्नुपर्ने, अलिकति मात्रै पनि घोडाका खुट्टा चिप्लिए भने सोभ्कै कालीको बगरमा (पृ.९४)। साथै मुक्तिनाथ पुगेपछि मन्दिरको बारेमा भनिएको छ - सानो सुन्दर प्यागोडा शैलीको सेतो मन्दिर, वरिपरि अरू पनि स-साना मन्दिर, एकसय आठवटा पानीका धाराबाट पानी आइरहेको ज्वालामाईको मन्दिर पनि रहेछ, अर्को विशेषता भनेको पृथ्वीबाट अखण्ड आगो निस्केर बलिरहँदो रहेछ (पृ. १००)।

यसरी लेखकद्वारा यस खण्डको दृश्यात्मकता मार्फत त्यस सुन्दर ठाउँको चित्र उतारिएको छ। यो ठाउँ पर्यटकीय महत्त्वले पनि अग्रणी रहेको छ। पहाडका डरलाग्दा अनकन्टार ठाउँको बाटो जहाँ मानिसहरू जोखिम मोलेर यात्रा गरिरहेका छन्। अन्त्यमा मुक्तिनाथ मन्दिरको दृश्यात्मक चित्र उतारेर सुन्दर एवम् आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ। यसका माध्यमबाट यो क्षेत्रको पर्यटकीय महत्त्वलाई उजागर गरेको पाइन्छ।

## ग) अनुभूतिमयता

नियात्राकारद्वारा यहाँ यात्राका क्रममा देखे भोगेका विषयलाई अनुभूतिमा रङ्ग्याएर नै प्रस्तुत गरिएको छ। यसै क्रममा हवाइयात्रा सकेर जोमसोमको मैदानमा उत्रिँदा निलगिरि हिमाल उभिएको देखेपछि भनिएको छ - “प्रकृतिको कति राम्रो र अद्‌भूत सिर्जना। पृथ्वीमाथि यति अग्लो ठाउँमा पाइला राखेको सम्भवतः पहिलो पटक थियो। जीवनमा मान्छेले पहिलोपल्ट साक्षात्कार गरेका अनुभूतिहरूको स्पर्श र सौन्दर्य अद्‌वितीय हुन्छ” (पृ.९०-९१)। सोही क्रममा जोमसोमबाट मुक्तिनाथ जाने बाटोमा अहिलेसम्म नदेखेको प्रकृति देखेर डराएको अनुभूति भएको छ। जहाँ कहिल्यै नदेखेको बेग्लै रूप थियो, पहाडहरू भनेका सधैँ रुखले छोपिनु पर्छ, हरियाली हुनुपर्छ, भन्ने थियो तर यहाँ त आाखाले भेटेसम्म भयङ्कर अग्ला, राता, कैला, फुस्रा माटाका थुप्राहरू थिए। यहाँ सौन्दर्य त थियो तर बेग्लै प्रकारको आनन्दित भन्दा पनि बढी आतङ्कित पार्ने सौन्दर्य, डरलाग्दो सौन्दर्य (पृ.९४)। सोही सिलसिलामा टाउका माथि हिउँ वर्षन थाले पछि सुरुमा कपास खसेको अनुभूति भयो र चिसा, हलुङ्गा सकुमार सेता डल्लाले रोमाञ्चित हुँदै हान्दै गर्दा यहाँ यस्तो अनुभूति भएको छ - हिउँजस्तो कठोर वस्तुलाई पनि प्रकृतिले कति सुकुमार तरिकाले पृथ्वीको वायुमण्डलमा प्रवेश गराउँदो रहेछ। आजकै दिनमा जीवनका यतिका

वर्षहरूमा अनुभव नगरेका पृथ्वीका यति धेरै विविधताहरू साक्षात्कार गर्न पाएँ मैले । मेरो मन चुलिएर पोखिइरहेको थियो (पृ.९४) । साथै लेक लागेर बिरामी परेको र मृत्युसँग छोइएर हिँड्दाको अनुभूति विचित्रको थियो, ढोकै सम्म पुगेर पनि दर्शन नपाएका अज्ञात देवतासँग करुण प्रार्थना गर्दै काठमाडौँमा साना छोरीहरू छोडेर आएको, यिनै अवोध बालिकाहरूका निम्ति मात्रै भए पनि फर्कन पाऊँ भनि आँखाबाट अविरल बगिरहेको आँसु झार्दै मृत्युसँग प्रार्थना गरेर रात बिताएको अनुभूति यहाँ आएको छ (पृ. १०२) ।

समग्रमा यहाँ अनुभूतिका माध्यमबाट विविध विषयलाई प्रस्ट्याइएको छ। जहाँ नीलगिरिको सौन्दर्य, हिउँ पर्दाको रमाइलो यात्रासँगै सोही प्रकृतिलाई नै उजाड र शून्य अनुभव गर्दै डराएको, हिउँको कोमलता सँगै पृथ्वीमा आइसकेपछिको कठोरता र मृत्युलाई अनुभूत गर्दै देवतासँग गरिएको प्रार्थना आदि अनुभूतिहरू आएका छन् । यहाँ शर्माका यात्राका क्रममा देखिएका सङ्कटग्रस्त परिस्थितिप्रति वैचारिक विश्लेषण पनि पाइन्छ । साथै रोमान्स र त्रास भन्ने कुरा एकै छिनमा आउने मनभित्रका लहरीजस्तै गरेर प्रस्तुत गरिएको छ ।

**घ) स्थानीयता/परम्परा/आस्था**

यात्रा गर्दा शर्माले यहाँ देखेका समाजका विविध पाटाहरूलाई उतार्ने क्रममा त्यस ठाउँको धार्मिक आस्था परम्परागत मान्यता र स्थानीय चालचलन पनि आएका छन् । जसमा हावापानी अनुसारका एकतले घर, माटोका छानामाथि टम्म राखेको दाउराको चाङ (पृ. ९१) । ठूला बडा सचेत एवम् राजनीतिक नेतृत्वकै मान्छे, सभापतिज्यूकै दुईवटा श्रीमती (पृ. ९२) । वास्तवमा धर्मकर्म भनेको बूढाबूढी दुवैले साथै गर्नु पर्छ भन्ने मान्यता (पृ. ९३) । मुक्तिनाथ पुग्नु भन्दा पहिला कागबेनीमा पितृको श्राद्ध गर्नु पर्ने (पृ. ९४) । पच्चीस वर्षकी महिलाका सातवटा छोराछोरी (पृ. ९६) । साथै यस ठाउँमा जति जना दाजुभाइ भएपनि एउटै पत्नी भएपछि सम्पत्ति भाग लगाउन नपर्ने फाइदाजनक प्रथा ( पृ.९८) । आदि यहाँका परम्परागत संस्कारहरू रहेका छन् ।

**निष्कर्ष**

यस खण्डमा शर्माले मानवजीवन र हाम्रो नियतिलाई राम्रोसँग प्रस्तुत गरेकी छन् । जीवनको क्षणिकतालाई हवाइजहाजको झ्यालबाट चियाइएको छ। प्रकृतिको अपूर्व,

सौन्दर्य र लीलालाई नजिकबाट नियालिएको छ। स्थानीय धार्मिक आस्था, परम्परा संस्कृतिलाई समयसापेक्ष बनाउन अनुरोध गरिएको छ। समयको परिवर्तनसँगै मानिसहरूमा प्रविधि र आधुनिकताको छनक आएको र मानिस सभ्य हुँदै आएको पाइएको छ। शर्माले घरिघरि त पाठकबाट निकै सहानुभूति प्राप्त गर्ने खालको कारुणिक अवस्था देखाएकी छन्। जति नै दुःख कष्ट आफूले पाएपनि मृत्युको मुखैमा पुग्दा समेत छोराछोरीको मायाले जीवन जीउने अभिलाषा दर्साइएको छ। यसरी यहाँ शर्माले मुस्ताङ र मुक्तिनाथको धार्मिक पर्यटकीय, स्थानीय चालचलन, रहसहन, आदि पक्षलाई प्रस्ट्याउँदै समयानुकूल सामाजिक संस्कार परिवर्तन गर्नुपर्ने आवश्यकता औंल्याएकी छन्।

### ४.२.५ फेरि मुक्तिनाथमा

शर्मा, २०५८ साल कार्तिक ४ गते यस पालिको दसैं घरबाहिर मनाउने इच्छाका साथ काठमाडौंबाट पोखरा, म्याग्दी हुँदै पैदल हिंडेर मुक्तिनाथ जाने योजनामा सपरिवार लाग्नुभयो। यो मुक्तिनाथ यात्रा दोस्रोपटक थियो। पहिलो यात्रा यसभन्दा ७ वर्ष अघि पनि पोखराबाट सिधैं जोमसोम अनि मुक्तिनाथसम्म थियो। उक्त यात्राको वर्णन अघिल्लो खण्डमा गरिसकिएको छ। यस खण्डमा लामो पैदल यात्राको वर्णन गरिएको छ। जहाँ शर्माले देखे, भोगेका, यथार्थ उतारिएको छ, यस खण्डलाई अनेक कोणबाट अध्ययन विश्लेषण गरिन्छ।

#### क) वैचारिकता

शर्मा यहाँ यात्राक्रममा आएका विविध घटना प्रसङ्गलाई वैचारिकताको माध्यमले पाठक सामु पस्कन सफल भएकी छन्। यो यात्रामा पोखरादेखि म्याग्दी जाँदा लुम्लेमा दसैंका लागि ल्याइएका च्याङ्ग्राको बथान देखेपछि भनिएको छ - आफ्नो यात्राको परिणतिको बोध नभएरै त होला, ठाउँ ठाउँमा हरियो घाँस देखे भने यी चर्न जान्थे अन्यथा आसन्न मृत्युका छायाँमा रहेर खाने रहर के बाँकी रहँदो हो (पृ. ११०)। यहाँ अबोध पशुलाई मानिसको स्वादका लागि प्रयोग गर्न लागिएको देखाइएको छ। यसैगरी तिप्लाङ्बाट दाना जाने क्रममा महभीर भन्ने ठाउँमा आइपुग्दा अघिल्तिर सुन्दर हिमाल देखेर आफूहरू गदगद भएको तर स्थानीय मान्छेलाई नाम पनि थाहा नभएको प्रति वैचारिक विश्लेषण छ - जीवनमा न्यूनतम आवश्यकताहरूकै निम्ति अत्यधिक परिश्रम र

चिन्ता गरिरहनु पर्ने अवस्थामा मान्छे भित्रको सौन्दर्यबोध सङ्कुचित भएर जाने हो ? (पृ. ११८) । अथवा हेर्दा हेर्दै उत्सुकता नै समाप्त भएर स्वतः निरपेक्षता पैदा हुने हो, यस कुरामा शर्मा अनभिज्ञ भएको पाइन्छ। यस्तै विचारबाट उत्पन्न निर्विचार, सामान्य मानिसलाई बढी सहज भएर पनि सचेत मानिसलाई त्यति सहज होइन भन्दै विचारलाई शून्य चिन्तनतिर तान्दै लगिएको पाइन्छ। महभीरबाट देखिएको सुन्दर हिमालको प्रसङ्गलाई सापेक्षित सौन्दर्यको तहमा अर्थ्याएपछि भनिएको छ - "आ-आफ्ना मापदण्ड अनुसार राम्रा भनिएका वस्तुलाई नजिकैबाट खोज्न, खोतल्न थाल्ने हो भने केही पनि भेटिदैन। प्रेम भनेको पनि सम्भवतः सौन्दर्य चेतनाकै निष्पत्ति हो। केटाकेटीमा मलाई मान्छे चिरेर हेऱ्यौं भने उसले अनुभव गर्ने सबै आनन्द, रमणीयता र देख्ने गरेका सबै सुन्दर सपनाहरू शरीरभित्र देख्न सकिन्छन् जस्तो लाग्थ्यो। तर यी केही देखिँदैनन् भन्ने थाहा पाएको दिन भने बडो निराश भएकी थिएँ म" (पृ.११८)। यसै गरी रुप्सेको छहरोबाट केही अगाडि भ्कोलुङ्गेपुलमा नेपाली ठिटा जो गाइड हुँदा हुन् उनीसँगै आएका दुईवटी टुरिष्ट ठिटीहरू र सँगै पुल तर्ने क्रममा ठिटाले पुलमाथि मच्चिएर सिङ्गै पुल हल्लाइरहेथे र ती ठिटीहरू डरले रोमाञ्चले खुसी हुँदै चिच्चाइरहेका थिए। त्यो देखेर शर्माले गरेको वैचारिकता यसरी आएको छ । सानोतिनो मौका पाउने बित्तिकै लोग्नेमान्छेले पुरुषार्थ देखाउने र स्वास्नी मान्छेले मान्यता प्रदान गरेको भ्रम पैदा गरी पुरुषलाई अहङ्कार आर्जन गर्न सघाउने प्रचलन सम्भवतः संसार भरिनै छ। लैङ्गिक दृष्टिकोणले अपमानको विषय बनाउन सकिएला तर दुःखै दुःखले भरिएको यस संसारमा मान्छेलाई क्षणभरकै निम्ति सही, आनन्दित हुनाका लागि स-साना अविचारित प्रसङ्गहरूले सघाउँछन् भने त्यसमा आपत्ति गरिरहनुपर्ने आवश्यकता हुँदैन (पृ.१२५) ।

यसैगरी मुक्तिनाथमा तीर्थयात्रीले साना ढुङ्गा जोडेर घर बनाएको देखेपछि त्यस प्रतिको विश्वासलाई व्याख्या गर्दै भनिएको छ "मानिसलाई यहाँ घर बनाए परलोकमा पाइने विश्वास रहेछ। परलोकको सुविधाको निम्ति यहाँ भ्रम सिर्जना गरिदै छ। यस्तो संस्कारमा हुर्केका हामीहरूले यसै लोकमा सात पुस्ताका लागी सङ्ग्रह गऱ्यौं, सातवटै घर बनाइयो भने पनि आश्चर्य मान्नु पर्ने कारण भएन। मृत्यु र मुक्तिका निम्ति माया मोहसँग गाँसिएका गतिविधि सङ्ग्रहहरू छोडेर जाने कुरा सहज कहाँ हो र ? तै पनि रमाइलो थियो यो प्रसङ्ग" (पृ. १५६)। साथै पोखराबाट हेलिकप्टरमा काठमाडौ जाँदा उक्त हेलिकप्टरको सानो सिसाबाट यो विराट पृथ्वीको एक बिन्दुलाई चिहाउँदा पनि

दृश्यवान् नरहने हामी मान्छेका महत्त्वाकाङ्क्षाका खेल देख्दा अच्चम मान्दै ट्वीन टावरमा जहाज ठोकिएर र नारायणहिटीमा भएको हत्याकाण्डलाई ठूला र ऐतिहासिक ठानिएका घटनाहरूको यो व्यापकतामा के अर्थ र सन्दर्भ छ ? के फरक पार्छ यो प्रकृतिमा ? भन्दै हामी आफैले पनि आँखाले नदेख्ने कीटपतङ्गको जीवनमा विध्वंस र आँधीहुरी ल्याएकै छौँ कमिला र बारुलाका गोला भत्काएकै छौँ । अनि हाम्रा घरमा आगो लाग्दा मात्र विशेष हुने नत्र अरु प्रकृतिलाई कुनै मतलब नराख्ने ? वास्तवमा मान्छे र यी जीवनका बीचमा जीवनको खास भेद छैन र आफूलाई केन्द्र विन्दुमा राखेर हेर्ने यो अंहकारले यो सत्य स्वीकार गर्न चाँहदैन (पृ. १६५) ।

शर्माले यस खण्डमा विविध घटना प्रसङ्गलाई जीवन जगतका अनेक आयामसँग जोड्दै मानव जीवन र त्यसको सार्थकताप्रति गहिरो दृष्टिकोण राखेको पाइन्छ । जुनसुकै प्राणीका लागि पनि आफ्नो जीवन सार्थक र गतिशील बनाइरहने चाहना देखाइएको छ । यस सृष्टिका अनेक रूप आफ्नै परिस्थति अनुसारमात्रै व्याख्या गर्न सहज रहेछन्, नत्र सबैका लागि प्रकृति एउटा खाली पाना जस्तै बनेको छ । हाम्रो जैविक स्वभाव भनेको सङ्ग्रह गर्ने र पुस्ताको लागि हस्तान्तरण गर्न आतुर हुने सोही प्रवृत्तिका कारण जीवनभर दुःख पाइरहने मानवीय कमजोरी रहेको देखाइएको छ । आफ्ना लागि मात्र सबै कुरा ठूलो ठान्ने र अन्य प्राणीको अस्तित्व आफू अनुकूल प्रयोग गरी खतम पारिदिने आदि मानवीय स्वभावलाई यहाँ प्रस्तुत गरिएको पाइन्छ ।

**ख) दृश्यात्मकता**

शर्माले यात्रा गरेको यो भूगोल नेपाल कै एउटा महत्त्वपूर्ण पर्यटकीय क्षेत्र हो । यस ठाउँका पहाड, नदीनाला, झरना, खोला, हिमाल, गल्छी, फाँट, धार्मिक स्थल आदि सबै दृश्य यहाँ आएका छन् । यी सबैलाई शर्माले आफ्नो कला, शिल्पले उतारेको पाइन्छ । पोखराबाट बेनी जाने क्रममा हेम्जाको केही अगाडि सुइखेतको दृश्यलाई यसरी उतारिएको छ - फाँटमा बाटोको दुवैतर्फ लहलह पाकेको धान, फाँटलाई दुवैतिर पहरा दिइरहेका हरिया रुखैरुखले ढाकिएका अग्ला पहाडे चट्टान, दायँतिर माछापुच्छे र अन्नपूर्ण हिमाल सफा गाढा, नीलो आकाश, कतैकतै खेलिरहेका सेता बादलका थुप्रा, आहा अनुभूति गर्दा मात्रै पनि कति रमाइलो दृश्य, सम्मोहक वातावरण (पृ.११०) । यसैगरी तातापानीबाट दाना जाने बाटोमा देखिएको प्रकृतिलाई यहाँ यसरी चित्रण गरिएको छ - गगनचुम्बी

हरिया शिखरहरूका बीचबाट दूधका जस्ता छाँगा, तिप्लाङ्गमाथि फराकिलो गण्डकीको बगर, बगरमा लडिरहेका बेपत्ता ठूला ढुङ्गा, पानीका तीब्र धारले बनाएको ढुङ्गामाथिको अद्भुत कालीगढी । वास्तवमा यो यति सुन्दर, आश्चर्य, विविधताले भरिपूर्ण रोमाञ्चकारी प्रकृतिको सिर्जना गर्ने शिल्पी को होला भन्दै कौतुहलताको भाव पनि प्रकट भएको छ ( पृ.१२२) । साथै हिमाली भेगको सुन्दरतालाई देखेर पृथ्वीकै बेग्लै खण्डको अनुभव गर्दै कलाकारले चित्र कोरेको भन्दा पनि सम्मोहक दृश्य देखेर भनिएको छ - सम्म परेको उच्च फराकिलो भू-भाग हिमालै जस्ता अग्ला, राता, खैरा, नाङ्गा पहाड, हिमनदीले काटेका ठूल्ठूला चिरा थिए । पहाडका फेदीतर्फ, होचोकदका धूपी सल्लाका बोटहरू, परपर हिउँले सेतै भएका अग्ला शिखर फराकिलो राजमार्ग जस्तो बाटो (पृ.१४०) । यस्तो प्रकृति र वातावरण रहेको हाम्रो हिमाली भाग निश्चय नै यस धर्तीका धेरै मानिसहरूको ध्यान तान्न सफल नै छ । साथै सोही क्रममा ढुङ्गाका छाना भएका सुन्दर घरहरू, फाँटमा पहेलै पाकेको धान, फापरका फुलहरूले भूखण्डलाई गुलाबी बनाएको थियो (पृ. १४०) । वास्तवमा शर्मालाई यो भू-खण्ड पत्याउनै गाह्रो भई आश्चर्य चकित भएकी छन् ।

साच्चै नै हो यो भू-खण्ड यस सृष्टिकै एक अद्भूत सिर्जना हो । यसले नेपालका मात्र नभई विश्वकै धेरै मानिसको ध्यान केन्द्रित गराउन सफल भएको छ । सानो छोटो भौगोलिक दूरी बीचमै निकै फरक फरक प्राकृतिक वातावरण अनुभव गर्न सकिन्छ । कतिपय ठाउँमा मुभी क्यामराले खिचेका तस्बिरजस्तै आकर्षक शब्द चित्र पनि भेटिन्छ । यही भएर नै होला यस भूगोललाई नजिकबाट नियाल्न र यहीँको प्रकृतिमा हराउन धेरै भन्दा धेरै स्वदेशी र विदेशीको घुँइचो लाग्ने गरेको ।

### ग) नारी समस्या

यात्रामा समाजका विविध पक्षको अवलोकन र चित्रण गर्दै जाँदा समाजका समस्या संस्कृति, चाडपर्व, रीतिरिवाज मान्ने क्रममा पुरुष र महिलालाई त्यसले पारेको फरक फरक प्रभावलाई यहाँ प्रस्तुत गरिएको छ - वास्तवमा चाडबाडमा लोग्ने मान्छेहरूले मोजमस्ती गर्ने, तास खेल्ने, रक्सी मासु खाने, तर विचरा महिलाहरू वर्षको एक पटक पनि मुस्किलले एकसरो कपडा फेर्न गाह्रो पर्ने, धर्म संस्कृति आइमाईले धान्ने, चाडबाडमा गाउँसहर जतातातै आइमाईहरूलाई चाहिँ कामकै चटारो पर्ने, के महिलाहरूको मनमा

घुमफिर गर्ने, रमाइलो गर्ने, इच्छा हुँदैन (पृ. ११४)। यसरी यहाँ मुस्ताङका महिलाको यथार्थ जीवन उतारिएको छ।

### घ) अनुभूतिमयता

शर्माले यात्राका क्रममा देखेका र भोगेका भूपरिवेश, समाज, संस्कृति, प्रकृतिलाई साक्षात्कार गर्दै उक्त परिवेशले फरक-फरक समय र सोचाइमा ल्याएको अनुभवलाई यहाँ अनुभूतिका माध्यमबाट रङ्ग्याएर प्रस्तुत गरिएको पाइन्छ। जसमा एउटै प्रकृतिको ध्वनि र वातावरण पनि आफ्नो परिस्थिति अनुसार कहिले डरलाग्दो हुने र कहिले मधुर सङ्गीत जस्तो लाग्ने अनुभव यहाँ गलेश्वर पुग्ने बेलामा, झमक्कै रात परेको अवस्थामा कालीगण्डकीको गर्जन गाढा सुनिन्थ्यो, झ्याउकिरीहरूको ध्वनि तिखो सुनिन्थ्यो। कारण थियो मनभित्र डर र अत्यास पैदा हुनु। यसरी एउटै ध्वनिले पनि भिन्न भिन्न प्रहरमा सोही अनुसारकै प्रभाव उत्पन्न गर्दो रहेछ। दिउँसो तिनै ध्वनिहरू आनन्दमय लागेका थिए तर त्यस अँध्यारो शून्यमा मनभित्र विचलन र भय पैदा गरिरहेथ्यो (पृ.११६)। यसैगरी कोप्चेपानीको उकालो चढ्दै गर्दा आफूलाई असाध्यै पीडाको महसूस गर्दै सम्भवतः आजाको बाटोको कठिन खण्ड यही होला भन्दै, आफू नहीडेका बाटाहरू जतिसुकै कठिन, दुर्गम भए पनि ती प्रतिको उत्सुकताका कारणले भने अघि बढ्ने प्रेरणा समाप्त हुँदो रहेनछ। हामी बाँचेको जीवन पनि यस्तै अज्ञानता र अनिश्चयमा सम्भावनाहरूका निम्ति ढोका खुलै रहने कारणले जीवन जिउने र प्रगतिको बाटामा लम्किने आशा रहिरहन्छ ( पृ.१२६)। यसरी जीवनका धेरै कालखण्डमा दुःख पीडा र भविष्यमा सुख सन्तोषको आशा अनुभव गर्दै अगाडि बढ्ने प्रेरणा मिलेको छ।

साथै मुक्तिनाथ जाने तीर्थ यात्रीहरूले घाँसामा खाना पकाइरहेको देखेर सोध्दा आफ्नै माइतीगाउँ स्याङ्जाका रहेछन् र अझै रमाइलो अनुभूति भएको छ, निश्चय नै हो माइती गाउँको त कुकुर पनि प्यारो हुन्छ भन्छन्। यो दृश्यसँगै शर्माको मनमा एउटा तरङ्गको अनुभव भएको छ जुन हो यदि मेरो बुबाले नपढेको भए अथवा मलाई नपढाएको भए म पनि आज स्याङ्जाको पाखापखेरामा यिनै दौतरीहरूसँग यतिखेर घाँस, दाउरा, पानी गरिरहेकी हुन्थेँ र सम्भवतः यसैगरी डोको बोकेर मुक्तिनाथ आइरहेकी हुन्थेँ ( पृ. १३१)। यसै गरी जोमसोम पुग्ने बेलामा शिरमाथि ओहोरदोहोर गरेका हवाइजहाज देखेर जीवनमा सुविधा प्राप्त नहुन्जेल मात्रै त्यो के के न हो जस्तो हुन्छ मान्छेलाई तर

तिनै सुविधाहरू आफ्ना पहुँचमा छन् र तिनको उपयोग जुन बेला जसरी पनि गर्न सकिन्छ भन्ने बोध भएछि भने मान्छेले सुविधामा रस अनुभव गर्दैन र असुविधातर्फ आकृष्ट हुन्छ । मन्छेको स्वभाव नै प्रयोगधर्मिता हो (पृ. १५२) । निश्चय नै हो मानिस जहिले पनि नभएको र अभावकै पछाडि दौडिरहेको हुन्छ, त्यसैलाई प्राप्त गर्ने चाहना राख्छ । यहाँ पनि शर्मा र उनको परिवार जहाज चढ्न नसकेर होइन कि यात्राको सुख दुःख अनुभव लिन पैदल यात्रा रहेको छ ।

वास्तवमा यात्राको अनुभूति बेग्लै हुने गर्छ । केही राम्रा कुरा नराम्रा र नराम्रा राम्रा बनेर अगाडि आइरहेका हुन्छन् । आफूले कस्तो परिवेशमा यात्रा गरिएको छ भन्ने कुरा पनि यसमा भर पर्दो रहेछ । दिउँसो रमाइलो अनुभव गरेको वातावरण राति एकान्तमा आफैलाई डरलाग्दो भएको छ । जीवनमा यथार्थ भन्दा पनि बरु रहस्यमय कुराले अगाडि बढ्ने प्रेरणा प्रदान गर्दा रहेछन् । सुख सुविधा भन्ने कुरा पनि अभावका आवश्यकता मात्र रहेछन् । पढाइले आफ्नो जीवनमा ल्याएको परिवर्तनका माध्यमबाट यहाँ शिक्षा प्रतिको महत्त्वलाई दर्साइएको छ । यसरी अनुभूतिका माध्यमबाट जीवनका विविध पक्षलाई प्रस्ट्याइएको छ ।

### ङ) राजनीतिका पीडा

यो समय लामो सशस्त्र युद्ध पछिको वार्ताको लागि भनेर गरिएको युद्धविरामको अवस्था थियो तर पनि युद्धका ताजा छापहरू समाजमा प्रशस्तै थिए यसै क्रममा भनिएको छ - “उपत्यका बाहिर सयौँ नेपालीहरूको विभत्स हत्या हुँदा बेखबर बनेको सरकार भने काठमाडौंमा प्रस्तावित आमसभाका लागि चन्दा प्रकरणले आतङ्कित भएको थियो । दर्जनौँ नागरिक र पुलिस मर्दा तातो नलागेको सकारकारलाई चौध जना सैनिकको मृत्युले बल्ल होसमा आएको छ। सम्भवतः जनतालाई बलियो बनाउने उद्देश्य माओवादीको होइन भन्नेहरू सही थिए कि ? अन्यथा लामो समयसम्म नेपाली भूमिमा पानीसरि बगेको जनताको रगतको मूल्य के थियो ? इतिहासका सामु यो प्रश्नको उत्तर प्रचण्ड र बाबुरामले मात्रै होइन माओवादीलाई निरन्तर हिंसाका निम्ति प्रोत्साहित गर्नेहरू लगायत मुलुकमा आफूलाई जनताका प्रति उत्तरदायी छु भन्नेहरू सबैले कुनै न कुनै दिन दिनैपर्नेछ” (पृ. १२९) । यसैगरी गाउँगाउँमा अशिक्षित, अल्लारे, बेरोजगार युवाहरूको हातमा बन्दुक पुऱ्याएर आफूखुसी लुट्न प्रेरित गर्ने, गरिब जनताका पक्षमा लड्छु भन्दै

तिनै जनतालाई मार्ने अङ्ग भङ्ग गर्ने यस्ता क्रियाकलापमा शर्माको विशेष चासो र निर्णायक तहमा रहेका नेताहरू प्रति तिखो व्याङ्ग्य र आक्रोश प्रकट भएको छ ।

यसरी लेखकले यहाँ तत्कालीन नेपालको राजनीतिक अवस्था र जनताका पीडालाई सफल चित्रण गरेकी छन् । साथै उक्त लामो द्वन्द्वको अवस्थामा सरकारपक्ष होस् वा विद्रोही दुवैले जनताको पक्षमा काम गर्न नसकेको केवल जनतालाई हतियारमात्र बनाएर आफू राजनीतिक नेतृत्वमा पुग्ने व्यक्तिगत, र पार्टीगत स्वार्थको लागि मात्रै राजनीति गर्नेहरूप्रति आक्रोश पोख्दै जिम्मेबार हुन आग्रह गरिएको छ ।

## च) अन्य

यस नियात्रा खण्डमा यात्राका बेला विविध विषयवस्तु, घटनाप्रसङ्ग आएका छन् यी सबैलाई विभिन्न कोणबाट अध्ययन गर्न सकिने भए पनि केही छोटा तर प्रासङ्गिक भनाइलाई यहाँ छुट्टै विश्लेषण गरिन्छ । जसमा गलेश्वर पुग्ने बेलामा आएको छ - वास्तवमा संसारमा मान्छेले निर्धारण गर्ने लक्ष्य आफैमा महत्त्वपूर्ण कुरा भने होइन, तर पुग्नै पर्ने पुग्न सकिने ठाउँ, मात्रै नभएर मान्छेको अग्रगतिलाई अनुप्राणित गर्ने बलवान् प्रेरणा पनि भएका कारणले नै जीवनमा मान्छेको लक्ष्य सधैं चुनौतीपूर्ण, महत्त्वकाङ्क्षी र उग्र आकर्षक हुनै पर्छ जस्तो मलाई लागिरहन्छ (पृ. ११३) । यहाँ मान्छेलाई लक्ष्यले नै अगाडि बढ्न प्रेरित गरेका र सफलताको विन्दुमा पुग्न सफल भएको देखाइएको छ । त्यसैगरी काँधमा गऱ्हुंगो खर्पन बोकेर काठमाडौंका किसान किन दौडिने गर्दा रहेछन् भन्ने रहस्य आज आएर शर्मालाई तिप्लाङको उकालोमा आफू छिटो हिँड्न नसक्दा आफ्नै झोलाले पछाडि तानेर झन् गऱ्हुंगो हुँदै गएपछि बल्ल खुलेको छ (पृ.११५) । साथै कोप्चेपानीको उकालोमा तिर्खाको अत्यासले बाटैमा थचक्क बस्दा नरहरिजीले धाराबाट अँजुलीमा पानी लिएर आउनु भयो तीनचार पटक ल्याउँदा पनि भयो नभनेपछि आफैले पुग्यो ? भनेर सोध्नुभयो । यथार्थमा न मलाई पुगेको थियो न उहाँलाई पुगेजस्तो लागेको थियो । अँजुलीमा ल्याउँदा आधा त चुहिएरै सकिन्थ्यो । मैले पनि उहाँले खोजेजस्तै उत्तर त दिएँ पुग्यो भनेर तर एक अर्काको मर्म अनुभव गरेर हामी निकै बेर हाँसिरह्यौं । यहाँ निकै आत्मीय भाव प्रकट भएको छ (पृ. १२५) । यसैगरी जीवन जिउनकै लागि आशा र

भ्रमको खेती गर्नै पर्ने अवस्थामा भनिएको छ - आशाका किरण देखा नपरेको अवस्थामा आफैले भ्रम सिर्जना गर्ने र त्यसैमा सम्भावनाहरू खोज्ने हाम्रो मानवीय यथार्थ हो। अन्यथा बारम्बार सङ्कटग्रस्ट भैरहने जीवनमा मान्छे कसरी बाँचिरहन सक्थ्यो होला र ? ( पृ. १२७) ।

**निष्कर्ष**

शर्माले २०५८ साल कार्तिकमा दसैं मनाउने योजना सहित पोखरा, जोमसोम हुँदै मुक्तिनाथसम्म गरेको यात्रा विवरण यहाँ आएको छ। यसमा केवल यात्रा विवरणमात्र नभएर हाम्रो नेपाली समाज, संस्कृति, जनजीवन, भूगोल, प्रकृति आदि समाजका विविध पक्षलाई जीवन्त बनाएर प्रस्तुत गरिएको छ। यहाँ शर्माले विषयवस्तुलाई वैचारिकतामा ढालेर सजीव चित्र उतारेकी छन् । यात्राका दृश्यहरूलाई हाम्रो संस्कृति, जनजीवनसँग जोडेर ल्याइएको छ, भौगोलिक वातावरणलाई मनमोहक दृश्यमा उतारिएको छ, उक्त ठाउँमा यात्रा गर्दाका अनुभूतिहरूलाई जीवनका अनुभवसँग गाँस्दै वैचारिक जीवन दर्शन प्रस्तुत गरिएको छ। समाजमा चाडबाडका नाममा हुने विकृति प्रति धृणा पैदा भएको छ। दैनिक जीवन धान्न मुस्किल पर्ने जनतालाई त्यहाँको प्राकृतिक सौन्दर्यले खासै प्रभाव पार्न सकेको छैन। जीवनका रहस्यहरू यथार्थमा परिणत हुँदा दुःखित भएको अनुभव छ। लामो सशस्त्र युद्ध केही समय रोकिएको भएपनि मानिसहरूमा त्यसको छाप ताजै भेटिएको छ। यात्रा, खपेर सङ्घर्ष गर्दै अगाडि बढ्ने प्रेरणा पनि हो भनेर देखाइएको छ। नेपालीको बानी जे कुरामा पनि पालो पर्खन नसक्ने, ठूला बडा भनाउँदाहरूको त झन शक्तिको आडमा बल मिच्याई गर्ने प्रवृत्ति यहाँ मुक्तिनाथ मन्दिरमा र जोमसोम विमानस्थलमा समेत देखिएको छ। यी आदि विविध पक्ष र विषय वस्तुलाई सरल एवम् आकर्षक शैलीमा यहाँ प्रस्तुत गरिएको छ।

### ४.२.६ घान्द्रुक पुग्दा

हिमचुली र अन्नपूर्ण हिमालको सुन्दर शृङ्खला पृष्ठभूमिमा भएको गण्डकी अञ्चलको एउटा सुन्दर गाउँको तस्बिरले शर्मालाई निकै लोभ्याएको थियो। उक्त तस्बिर

देखेबाट त्यहाँ जाने इच्छा पैदा भएको भए तापनि समय परिस्थितिले बल्ल २०५७ साल कार्तिकमा आएर साइत जुराइदियो । उक्त पर्यटकीय गाउँको पैदलयात्रामा शर्माले देखेका, अनुभव गरेका, त्यस क्षेत्रका विविध विषयवस्तुलाई आकर्षक शैलीमा प्रस्तुत गरिएको छ । जसलाई यहाँ अध्ययन विश्लेषण गरिन्छ ।

### क) वैचारिकता

वास्तवमा कठिन र सजिलो भन्ने स्थिति पनि आफ्नो शारीरिक क्षमता र मानसिक चेतनाको स्तरमा भर पर्ने कुरा रहेछ, आवश्यकता भन्ने कुरा पनि निरपेक्ष हुँदैन भन्दै वीरेठाँटीबाट घान्द्रुक जाने क्रममा भनिएको छ - "आफूले लगाएका न्याना लुगा पछि आँफैलाई बोझ भएर फुकाल्न थालेपछि वस्तुको उपयोगिता अवस्था अनुसार हुने आशय राख्दै परिस्थिति हेरेर एउटै वस्तु कहिले बहुमूल्य बन्छ र कहिले अर्थहीन बन्छ । कठिनता र सजिलो भन्ने स्थिति पनि आफ्नो शारीरिक क्षमता र मानसिक चेतनाको स्तरमा भरपर्ने कुरा रहेछ" (पृ. १७२) । सोही क्रममै बाटोमा हिँडेका स्थानीय बासिन्दाहरूलाई त्यहाँको सुन्दर प्राकृतिक वातावरणले कुनै प्रभाव नपारेको प्रति भनिएको छ - "लक्ष्य बनाएर हिँड्ने र नबनाई हिँड्नेहरू बीच भिन्नता हुँदो रहेछ । लक्ष्य बनाउनेहरू आफ्नो सम्पूर्ण उर्जा केन्द्रित गरेर एउटै दिशामा एकाग्र हुन्छन् तिनले जङ्गलमा फुलेका टाँकी कटुस केही देख्दैनन्, झ्याउकिरीको आवाजले अल्मल्याउँदैन, उकालोले छेक्दैन, प्रकृतिको छटा हेरेर आश्चर्य प्रकट गर्ने फुर्सद हुँदैन भन्दै लक्ष्य रहित हिँड्दा सामाजिक जीवन अस्तव्यस्त बन्छ" (पृ. १७३) । तर लक्ष्यमै पुगिसकेपछि पनि के हाम्रो लक्ष्य टुङ्गिन्छ र ? जबसम्म हामीमा शरीर, मन विचार हुन्छ तबसम्म हामी लखेटिइ रहेका हुन्छौँ । हाम्रै विचारले हामीलाई लखेट्छ । त्यसैले लक्ष्यको टुङ्गो व्यवहारिक जीवनमा कहिल्यै लाग्दैन (पृ. १७७) । यसैगरी असीम जीवनका सीमाहिन गन्तव्य बोध गराउने विचार व्यक्त भएका छन् । यतिखेर आफू निकै उचाइमा पुगेपनि आज यहाँ थकानको अनुभव थिएन, अझ उत्साहित हुँदै झन् उचाइमा पुग्न उत्साहित भएको अनुभव गर्दै घान्द्रुकको उकालो उक्लने क्रममा भनिएको छ - "वास्तवमा सांसारिक जीवन भनेको वासनाकै आगो त हो । यही आगोले मान्छेलाई शक्ति पनि दिन्छ ध्वस्त पनि पार्छ । जति इच्छाहरू बलशाली हुन्छन् तिनको परिपूर्ति गर्ने आकाङ्क्षामा हामी विवेक गुम्ने सीमासम्म निरन्तर सम्मोहित

हुने गर्छौं । मन नै जीवनमा शक्तिको स्रोत हो । त्यसैले होला मन सम्मिलित नभएका कोरा शारीरिक क्रियाकलापमा सौन्दर्य र शक्ति दुवै क्षीण हुने गर्दछ । मन समाप्त भएपछिको अवस्थामा भने मान्छेले हिँड्नुपर्ने कुनै यात्रा बाँकी रहँदैन" (पृ. १७७) । सोही क्रममा घान्द्रुकलाई लक्ष्य बनाएर लान्द्रुकलाई हेर्दै हिँडिरहेको अवस्थामा भनिएको छ - "यसै त गर्छौं नि हामी जीवनमा पनि प्रायः एकातिर हेरिरहेका हुन्छौं र अर्कातिर हिँडिरहेका हुन्छौं । कहिले चिताएको ठाउँमा पुग्छौं पनि, तर अधिकांशतः अन्त अन्तै भड्किदा भड्किँदै लक्ष्य एकातिर छुट्छ र जीवन अर्कोतिर बगेर जान्छ" (पृ. १७७) । त्यसैले हामीले सधैं लक्ष्य र दृष्टिकोण पनि एउटै बनाउनु पर्छ ।

नियात्राकारले यस खण्डमा देखेका विविध परिदृश्यलाई आफ्नो वैचारिकताको साथ दिएर गहन विचार प्रकट गरेकी छन् । हाम्रो दैनिक क्रियाकलाप साथै जनजीवनका सामान्य विषयवस्तुलाई पनि जीवन दर्शनका कोणबाट प्रस्तुत गरिएको छ । जीवनका आवश्यकता भन्ने कुरा परिस्थिति अनुसार फरक फरक छन् । एउटै प्राकृतिक वातावरणले कसैलाई मोहित पारेको छ, कसैले देखेकै छैन एउटै बाटो भएर पनि, यस्तै हेर्ने दृष्टिको फरकपन प्रस्तुत गरिएको छ । त्यसैगरी लक्ष्य भन्ने कुरा कहिल्यै नभेटिने, एउटा विन्दुमा पुगेपछि फेरि अर्को विन्दु खोज्ने हाम्रो प्रवृत्ति देखाइएको छ । वासनाको आगोलाई यहाँ शक्तिशाली रूपमा प्रस्तुत गरिएको छ । यिनै विषयवस्तुलाई यहाँ वैचारिक कोणबाट विश्लेषण गरिएको छ ।

### ख) दृश्यात्मकता

घान्द्रुक गाउँ वास्तवमा नेपालका प्रसिद्ध पर्यटकीट स्थलहरू मध्ये एक हो । यस ठाउँको सुन्दरताले आकर्षण गरेकै कारण शर्मा यहाँको भ्रमणको निम्ति आतुर भएको पाइन्छ । यसरी पोखरादेखि घान्द्रुकसम्मको यात्रामा देखिएका विविध दृश्यलाई यहाँ शर्माले आकर्षक शैलीमा उतारेको पाइन्छ, जसमध्ये केही आकर्षक दृश्यहरूको वर्णन निम्नानुसार गरिन्छ ।

स्याउले बजारबाट खाना खाएर घान्द्रुक तर्फको यात्रामा स्याउले बजार अगाडिको ग्रामीण सुन्दर प्रकृतिको वर्णन गर्दै भनिएको छ - "निकै अग्लो शिखर देखि छाँगो खसिरहेको थियो पानीको । गुन्द्री बिच्छाए जस्तो गरी काटेका धान सुकाइएको थियो । साथै परालका कुन्यू, बारीमा रहरलाग्दा कोदाका बाला र तिनबाट आएको एक प्रकारको

सुगन्ध, बाटा वरिपरि लटरम्म फुलेका अम्बा, सुन्तला, बाक्ला केराका घारी, नीलो गढ्गढाइरहेको मोदीखोला, अजङ्गको चट्टाने भीर र भीरको बाक्लो कालो ओसिलो जङ्गल" (पृ. १७४)। यसैगरी घान्द्रुकबाट बिहान खुलेको हिमाल देखेर मोहित हुँदै प्रकृतिको बयान गरिएको छ - वास्तवमा प्रकृतिले नै हो यस दुःख सुखको संसारमा सबैलाई भुलाउने र बिर्साउने पनि सोही प्रकृतिलाई यहाँ यसरी उतारिएको छ - साँच्चिकै नजिकै अग्लो माछापुच्छ्रे, आफैमाथि खस्ला झैँ गरी माछाकै दुई फक्लेटा जस्तो उभिरहेको, देब्रेतिर अग्लो अन्नपूर्ण सुनौला घामले सुनैको छाना जस्तो (पृ. १८०)। साथै गाउँको स्थानीय परिवेश कार्तिक महिनाको खेतीबाली थन्क्याउने बेलाको कार्तिक चहलपहलको सुन्दरता पनि कम छैन, साथै भर्खरै दसैंले छोडेर गएको गाउँको रङ्गी चङ्गी वातावरण पनि ताजै छ- जसमा ढुङ्गा छापेको बाटो, ढुङ्गाले छाएका घर, कमेरोले पोतेका, टल्केका घर, सर्लक्क लिपेको आँगन, कोदाका बाला विस्कुन सुकाउन हालेको, सबैको गोठमा भैँसी, बारीका कान्लामा हरियै डालेघाँसका बिरुवा (पृ. १८१)।

यसरी यो ठाउँको सुन्दर प्राकृतिक वर्णन गरिएको छ। निश्चय नै यही सुन्दरताले धेरै मानिसको ध्यान तान्न सफल भएकै कारण पर्यटकीय ठाउँको रूपमा परिचित पनि छ। यस्तै यात्रा वर्णनका माध्यमबाटै देश विदेशका पाठकहरूले आफ्नो भ्रमणको गन्तव्य पनि पक्कै बनाउन सक्ने छन्। अतः शर्माले यस कृतिका माध्यमबाट पर्यटकीय विकासमा पनि योगदान गरेको ठहर्छ।

### ग) अनुभूतिमयता

लेखकले यहाँ घान्द्रुकको राजनीतिक अवस्था बुझेपछि निकै अत्यासलाग्दो अनुभव गरेकी छन्। गाउँमा व्याप्त माओवादी समस्या र त्यसले समाजमा पारेको नकारात्मक प्रभाव यहाँ देखाइएको छ। आफूले गाउँमा हिड्दा सुनेका माओवादी क्रियाकलापको कारण रातभर निदाउन सकेकी छैनन् र गाउँका मान्छेको पीडा अनुभव गर्दै आफू राति सपनामा पटकपटक माओवादीहरू देखेर झस्केको अनुभव गर्दै भनिएको छ - "मलाई आश्चर्य लाग्यो, गाउँमा मान्छे कसरी निदाउँछन् ? र उनलाई भन्न मन लागेको छ - आफ्ना नागरिक माथिको आफ्नो दायित्वप्रति यति विधि उदासीन र असंवेदनशील रहेर राजधानीका मान्छे कसरी निदाउँछन् ?" (पृ. १८०)। यसैगरी हराउँदै गएको मानवीय संवेदनशीलता, भाईचारा, आत्मीयता, र मैलाउँदै गएको स्वार्थीपन, लोभी प्रवृत्ति, ह्रास हुँदै

गएको नैतिकताप्रति भनिएको छ - "अचेल मान्छे आफ्नो क्षमतामा त्यति विश्वास गर्दैन, परिश्रम र धैर्य गर्ने स्वभाव हराउँदै गएको छ। सबैलाई तत्काल पैसा कमाउनु छ, लुटेर, छलेर, धम्क्याएर, भएपनि चामत्कारिक रूपमा धनी हुनु छ। आन्तरिक रूपमा कमजोर भएपनि हतियार द्वारा बलियो हुनु परेको छ। महलभित्र बस्ने कति असुरक्षित छन् भन्ने कुरा तिनका हातामा लागेका काँडे पर्खाल र उचाइ हेरे हुन्छ" (पृ. १७०)।

शर्माले यहाँ देशको विविध समस्यालाई नजिकबाट अनुभूत गर्दै गहन विचार प्रकट गरेकीछन्। तत्कालीन देशमा व्याप्त माओवादी सशस्त्र विद्रोह र त्यसका लागि जनताले पाएको पीडा र त्रासको अनुभूति जनतासँगै आएको छ। यसबारे बेखबर जस्तै बनेको सरकारप्रति उनको आक्रोश छ। मानिस आजकल स्वार्थी, नैतिक रूपमा पतन हुँदै गएको देखाइएको छ। यी विविध दृष्टिकोणको माध्यमबाट शर्माको मानवीय सङ्कटग्रस्त परिस्थितिप्रति वैचारिक विश्लेषण छ।

### घ) राजनीतिक अवस्था

शर्माका प्राय : जसो नियात्रामा राजनीतिक अवस्थाबारे उल्लेख गरिएकै हुन्छ। हुन त यात्रा भनेकै देखे भोगेका विषयको वर्णन नै हो। उसैमा पनि शर्मा एक केन्द्रीय स्तरको नेताकी श्रीमती र यात्राक्रम पनि उहाँसँगै भएको कारणले पनि हुनसक्छ। यस खण्डमा नरहरिजीसँग भएको कार्यकर्ताको भेटघाट र त्यहाँको छलफल र अवस्थाका बारेमा भनिएको छ - "मानिसको खुट्टा काटिदिने, गरिब, निहत्था, निरपराध नागरिकको जघन्य हत्या गर्ने, कांग्रेस भनेर आफूलाई चिनाउँदा काटिनु, पिटिनु पर्ने, यस्ता भयावह क्रियाकलाप सुन्दा शर्मा स्वयम् स्तब्ध भएकी छन्" (पृ. १७९)। यहाँ यसरी फरक विचार राख्ने प्रति माओवादीले गरेको व्यवहार र ल्याउने भनिएको आमूल परिवर्तनको कुरा बुझ्न सकिएको छैन। यसैगरी घान्द्रुककी हजुरआमाले गरेको चिन्ता स्वरूप यहाँ भनिएको छ- "अचेल कांग्रेसलाई देखिसक्दैन। आफ्नो मान्छेलाई जोगाएर लैजान नानी माओवादीले कांग्रेस देखे काट्छ" (पृ.१८४)। गाउँमा राजनीतिक अवस्था अत्यास लाग्दो थियो, कार्यकर्ताहरू खुकुरीको धारमा हिडिरहेका थिए। तर नेतृत्व वर्ग भनौं देशको जिम्मा लिएका हर्ताकर्ताहरूको अवस्था भने काठमाडौंमा भिन्नै थियो जहाँ भनिएको छ - दुरदराजका गाउँघरमा निहत्था नेपाली नागरिकहरू मारिँदा, काटिँदा, कुटिँदा, पिटिँदा, तिनका दुःखमा राजधानीमा कुनै उत्सव, भोज भतेर रोकिएन, कुनै मानवअधिकारवादीको

चित्त दुखेन । सत्ताका लागि लुछाचुडी रोकिएन, स्वार्थका खेलहरू चलिरहे, भ्रष्टाचार भइरह्यो, उल्टै माओवादी समस्यालाई भऱ्याङ बनाएर राजनीति गर्न खेल प्रारम्भ भयो । सलामी, भाषण, गोष्ठी, विदेशयात्रा, नाइट क्लब सबै यथावत् चले । एक छाक भात छोडेन कसैले, कुनै रात रक्सीको खपत बन्द भएन (पृ. १८५) ।

यसरी तत्कालीन राजनीतिक यथार्थ र नेतृत्व वर्गको लाचारीपन यहाँ प्रष्ट पारिएको छ । गाउँमा माओवादी राज्य आतङ्क थियो भने सहरमा राजनीतिक खेल चलिरहन्थ्यो । वास्तवमा आफै सत्तामा रहँदा र आफ्नै कार्यकर्ता काटिँदा समेत नेतृत्व यहाँ उदासीएको देखाइएको छ । राज्य एवम् राज्यका नेतृत्वकर्ता आफ्नै सुरमा राजनीतिक दाउपेचमा र स्वार्थी खेलमा मस्त छन् गरिब निमुखा जनताको कुनै मतलब छैन । यसरी यहाँ गाउँका कार्यकर्ताहरूको पीडायुक्त राजनीतिक अवस्था र नेतृत्व वर्गको वेवास्तापन र स्वार्थी प्रवृत्ति देखिएको छ ।

**निष्कर्ष**

शर्माले यँहा गण्डकी अञ्चलको सुन्दर पर्यटकीय गाउँको सुन्दर चित्र उतार्न सफल भएकी छन् । यसमा यो गाउँ जति प्राकृतिक रूपमा सुन्दर छ, यहाँका मान्छे र उनीहरूको व्यवहार पनि उति नै सुन्दर छ तर यस सुन्दर गाउँको राजनीतिक अवस्थाले सबैलाई बेचैन बनाएको छ । हाम्रो राजनीतिक नेतृत्वप्रति उहाँको आक्रोश छ । यस्तै विभिन्न ठाउँमा शर्माले विचार विज्ञानका माध्यमबाट यस गाउँको सुन्दरतामा कला भरेकी छन् । आपसमा जनता त सकेसम्म मिलेकै छन तर नेतृत्व वर्गप्रति वितृष्णा पैदा भएको छ ।

सुन्दर गाउँको पर्यटकीय वर्णनले यस ठाउँको मात्र नभई समग्र देशकै पर्यटकीय विकासमा योगदान गरेको छ । ठाउँठाउँमा शर्माले मानवीय ह्रासप्रति तीब्र असन्तोष प्रकट गरेकी छन्, ठाउँठाउँमा सामाजिक विकृति विसङ्गतिले अड्डा जमाएको छ । स्वयम् शर्मालाई मुक्तिनाथ जाँदा कालीगण्डकीको आवाज र अध्याँरोका झ्याउँकिरी डरलाग्दा भएका थिए तर यहाँ फरक परिवेशमा उही वातावरण सङ्गीतमय र सम्मोहक लागेको छ । स्थानीय भेषभूषा कछाड, घलेक, कमिज, पाइन्ट ज्याकेट, टोपी आदि घान्द्रुक गाउँका

परिचायक बनेका छन् । विविध परिदृश्यलाई यहाँ सरल र आकर्षक, भाषामा प्रस्तुत गरिएको छ ।

### ४.२.७ घान्द्रुकमा बाल साहित्य

शर्मा २०६६ सालको फागुनमा सङ्गीत र मनोरञ्जन दुवै विषय लिएर घान्द्रुक उक्लिएकी छन् । आफ्ना साहित्यिक सहकर्मीसँगै हिँड्दा उनलाई यतिबेला घान्द्रुकको उकालोमा पहिलो पटकको जस्तो पीडा अनुभव भएको छैन । साच्चै पीडा नभएर हो वा साथीहरूसँगको यात्राले भुलाइ दिएको हो उल्लेख छैन । पक्कै पनि दोस्रो पटकको यो यात्रा सहज अनुभव नै होला आफ्ना दौतरीहरूको साथमा । अहिले यस उकालोमा गीत र गजलले अनि डा. सुमन ताम्राकारले बनाएर दिएको जीवनजलले उकालोको चर्को घाममा पनि चिसो बतास बनेर छोइरहेको छ ।

यस अघि २०५७ सालको जस्तो त्रास गाउँमा थिएन यतिबेला शान्त भइसकेका थिए गाउँघरहरू । उतिबेला भेटिएकी घान्द्रुककी हजुरआमा स्वर्गीय भई सकेकी रहिछन् ( पृ. १९०) । यसैगरी उकालो लाग्दै गर्दा गाउँको सुन्दरतामा पहिले र अहिले केही फरक थिएन उस्तै थिए । सफा छपनी चिठेका बाटा, गोबर र रातो माटोले लिपेका आँगन, घरका छाना र पर्खाल पनि ढुङ्गाकै थिए, आँगनका डिलमा असर्फी र भ्यागुते फुल लटरम्म फुलिरहेको थियो, चौबीसै घण्टा बिजुली र पानी उपलब्ध थियो (पृ. १९०) ।

साथै आफू सम्पन्न भएर पनि छोरा नातिहरूले पोखरा ल्याएर राखेका बूढाबूढी सहरको यस गुम्सिदो वातावरणमा समायोजन हुन नसकी आफ्नै गाँउमा मर्ने भन्दै गाउँ फर्केकी बूढी आमा भन्दै थिइन् - “यहाँ न मोटरले किचेर मार्छ भन्ने पीर न कतै हराइएला, चोर लाग्ला भन्ने डर, जहाँ गए पनि आफ्नो स्वतन्त्र छ नानी । कतै जान कसैलाई सोध्न पनि पर्दैन, लिन आउँ भन्न पनि पर्दैन, म त पोखरा बस्न नसकेर फर्केर आँए यही मर्ने हो अब” (पृ. १९०) । साँच्चै नै गाउँको स्वतन्त्रता र स्वच्छन्दताको यो उदाहरण नै हो । यसै क्रममा उनै हजुरआमाको बुढ्यौलीपन र त्यसको आकृतिले शर्मालाई लागेको छ असङ्ख्य मुजाहरूभित्र तिनले बिताएको समयका कति पत्रछायाँ हुँदा हुन् (पृ. १९१) । तिनले लगाएका मोटा सिलमुन्द्री लत्रिएका कानले थेग्न सकिरहेका थिएनन् सुनका बाला, घाँटीमा सुन, मुगा र मूँका सक्कली माला थिए (पृ. १९१) यहाँ शर्माले साँच्चै नै गाउँको यथार्थ भेषभूषा उतारेकी छन् । बजारमा मान्छे रौँ जस्तो सिक्री लगाएर हिड्न

डराउनु पर्ने अवस्थामा गाउँमा यो उमेरका आमाहरू स्वतन्त्र रूपले सजिएर बसेका छन् । यो समग्र गाउँको प्रतिनिधि दृश्य हो । शर्मालाई यहाँ अनुभूत भएको छ घान्द्रुकका हजुरआमामात्रै होइन - संसारका सबै हजुरआमा उस्तै हुन् ।

शर्मा लगायत सबै सहकर्मीहरूको उद्देश्य अनुसार नेपाल बाल साहित्य समाजका अध्यक्ष रामबाबु सुवेदीले यसपल्ट ८० जना पाका बालसाहित्य प्रेमीलाई घान्द्रुकको उकालो ओरालो गराएर काठमाडौ र पोखराका मान्छेको भेला बसाए । गाउँका अभिभावकले सुन्न र देख्न पाउने गरेर तिनका केटाकेटीको विकास र वृद्धिका बारेमा महत्त्वपूर्ण कुरा भए । घान्द्रुक घोषणापत्र पारित गरियो । विद्यालयलाई उपहार दिएका बाल पुस्तकहरू हातमा लिएर निकै रमाए केटाकेटीहरू । पढ्न नजान्नेले पनि हातले छोए, हेरे र खुसी भए (पृ. १९२) । यसरी यो ग्रामीण ठाउँमा विद्यालय र बालबालिकाको लागि यो राम्रो पहल भएको छ। नेपालका धेरै दुर्गम विद्यालयहरूमा यसरी नै राम्रा कार्यक्रमहरू लैजान सके सबैको भलो हुने थियो । तर यस्ता कार्यक्रमहरू पनि नाम नसुनेका दुर्गम विकट गाउँमा भन्दा अलि बढी प्रचलित ठाउँमा नै हुने गरेका पाइन्छन् ।

फेरि एकपटक शर्माले हिमाल हेरेर सौन्दर्यका प्रतीकहरूसँग तुलना गर्दै भनेकी छन् - “जतिपल्ट हिमाल हेर्थें मलाई शलभको लोभ लाग्दो उचाइ, उज्वल सेतो शास्त्रीय जुल्फी, लिन्डाको मोहक मुस्कान र किसमको जीवन्तता एकमुष्ट याद आउँथ्यो” (पृ. १९२) । साच्चै हो हिमाल हेरेर अघाउने यो संसारमा कोही पनि नहोला, जसले जसरी हेरे पनि यसको कुनै नाम छैन, जे नामले हेरे पनि र जस्तो आँखाले हेरे पनि सबैलाई आँखाको रूपमै तयार भैदिन्छ हाम्रो हिमाली सुन्दरता ।

**निष्कर्ष**

शर्माको यस बेलाको यात्रा एउटा निश्चित कार्यक्रमको लागि केन्द्रित थियो । त्यसकारण पनि होला अघिल्लो यात्रामा जस्तो प्राकृतिक, साँस्कृतिक, राजनीतिक, जनजीवनको चित्रण यहाँ आएको छैन । शर्माले आफ्ना साहित्यिक सहकर्मीसँग गरेको यात्रा र बालसाहित्यिक कार्यक्रम नै यहाँ मुख्य विषयवस्तु बनेर आएको छ । घान्द्रुककी हजुरआमासँगको छोटो कुराकानीमा सहरको र गाउँको वातावरणको भिन्नता, पाका मानिसको गाउँकेन्द्रित मनोभावना र गाउँप्रतिको आकर्षणलाई प्रस्ट्याइएको छ । यसपटक

गाउँमा शान्तिको सन्देश फैलिएको छ । पहिला जस्तो युद्धको त्रास गाउँमा आजभोलि नभएकोले गाउँमा यसपटक शान्ति छाएको छ ।

### ४.२.८ पोखरा दर्शन

यस खण्डमा शर्माले कुन प्रसङ्गबाट कहिले र कुन उद्देश्यका लागि यात्रा गरेको हो भन्ने किटान भएको छैन । यसको पहिलो खण्ड पोखरा वरपरका विभिन्न स्थानहरू घुमफिर गरेको र सोही अनुसारको यात्रावर्णन गरिएको छ । दोस्रो खण्डमा भने बाल्यकालको सम्झना गर्दै लेखिएको यात्रा अनुभूति रहेको छ । यस खण्डलाई नियात्राका आधारभूत मान्यता भित्र रहेर निम्न अनुसार अध्ययन विश्लेषण गरिन्छ ।

#### क) दृश्यात्मकता

यात्रा साहित्यको महत्त्वपूर्ण पाटो दृश्यात्मकता नै हो । सोही अनुसार अनदु डाँडाको टुप्पाबाट देखिएको पोखरा वरपरको दृश्य र हिमालको सौन्दर्यलाई समग्रमा यस्तै हुनु पर्छ स्वर्ग भन्दै स्वर्गको टुक्रासँग दाँज्दै भनिएको छ - "बाक्लो जङ्गलको हरियाली माथि कलिलो घाममा टल्केको बिहानको निख्खर सेतो विश्वशान्ति स्तूपको आँगनबाट उत्तरतिर देखिएका धवल हिमशृङ्खला र त्यस मुनिको विशाल फेवाताल लाग्दै थियो स्वर्ग यस्तै हुनुपर्छ" (पृ. १९५) । सोही क्रममा शान्ति स्तूपाबाट तल झर्दै गर्दा शान्ति स्तूप निर्माणका सूत्रधार मीन बहादुर गुरुङको घरमा पसेपछि गाउँको तस्बिर झल्किने गरी आएको दृश्य छ । निश्चय नै यस्तो यस्तो आधुनिकताले सम्पन्न ठाउँमा पनि पुरानो घर र सोही अनुसारको परिवेश जोगाइ राखिएको रहेछ, यी हाम्रा अमूल्य सम्पत्ति, पहिचान र सभ्यताका स्रोत हुन् जसलाई शर्माले शब्द तस्बिरमा यसरी उतारेकी छन् - तगारो खोलेर भित्र पस्यौं सेतो कमेरो पोतेका, काला झ्यालढोका भएका, ढुङ्गाले छाएका पुराना घरहरू, आँगन चोक जताततै ढुङ्गा छापेको सर्लक्क सफा, आँगनको डिलमा फुलेको लालुपाते, लटरम्म फलेका सुन्तला, अघिल्तिर हिमालको सुन्दर शृङ्खला, वरपर बाक्लो हरियो जङ्गल, तलतिर कत्लाकत्ला छालमा टल्किरहेको गाढा हरियो ताल र त्यहाँ बगेका स-साना डुङ्गा (पृ. १९६) । हेर्दा स्वप्न जस्तो लाग्छ, साँच्चिनै अद्भूत छ यो प्रकृति भन्ने चिज दुनिया संसारलाई स्वप्नको भ्रममा पारिदिने ।

यहाँ पोखरा वरपरको सौन्दर्य वर्णन गर्ने क्रममा दोबिल्लामा बन्दै गरेको ओशो उपवनको बेन्चिमा बसेर अगाडी पट्टि सेतीनदीले काटेर बनाएका अद्भूत दृश्यलाई वर्णन गर्दै भनिएको छ- "वेपत्ता अग्ला, बालुवा र गेग्रानका बाबियो र सिरुले छोपेका नाङ्गा ढिस्का नदीले काटेका । उत्तर-पश्चिम दिशामा हल्का नीलो आकाशको पृष्ठभूमिमा डुब्न लागेको पहेलो घाममा पाटापाटा रङ्गिएका मायावीजस्ता लाग्ने माछापुच्छ्रे, अन्नपूर्ण र धवलागिरि पोखरा खाल्टोमाथि चुपचाप टोलाइरहेछन्" (पृ. १९७) ।

यहाँ पोखरा वरपरका सुन्दर भौगोलिक वातावरण, यहाँको जनजीवन, पर्यटकीय स्थलहरूको वर्णन गरिएको छ । यसले देशभित्र एवम् बाहिरका पाठकहरूलाई पोखरा र यस वरपर लोभ्याउने निश्चित छ । ग्रामीण जीवनको अनुभूतिदेखि सहरी एवम् पर्यटकीय स्थलहरूको सविस्तार वर्णन गरिएको छ ।

### ख) वैचारिकता

यात्राका विभिन्न गन्तव्य सँगै ठाउँ-ठाउँका घटना परिवेशले र लेखकको बौद्धिकताको मिश्रणले यात्रा साहित्यमा वैचारिकता प्रकट भएको हुन्छ । सोही क्रममा शर्मा दोबिल्लाको परिचयलाई वैचारिकताको माध्यमले शुक्ला गण्डकीको पानीको बेग र हाम्रा जीवनको दौडाइलाई समान रूपमा समायोजन गर्दै जसरी पानी कहीँ कसैलाई कुनै समय अभाव बिनै आफूलाई छेक्न आउने ढुङ्गा माटोलाई पनि तान्दै द्रुत गतिमा साँच्चिकै हतार भए झैं गरेर दौडिएको छ त्यसरी नै हाम्रो दैनिक जीवनको दौडाइ पनि सोही अनुसारको नै त ? आखिर निश्चित गन्तव्य शून्य नै त हो भन्दै यहाँ भनिएको छ - "कतै हरियो नीलो गहिराइमा शान्त हुँदै, कतै ढुङ्गाको आघातमा सेतो फिँज निकाल्दै हानिएर दक्षिणतिर बग्दै गरेको अनवरत एकनास यात्रा, अचम्म छ यो पानी कहिल्यै सकिँदैन, कतै पुग्न कसैलाई भेट्न हतार भए झैं दौडिरहेछ ओरालो, ओरालो (पृ. १९७) । निश्चय नै हाम्रो जीवनको दौडाइ पनि यस्तै शुक्लागण्डकीको जस्तै रहेको छ ।

### ग) अनुभूतिमयता

यसमा लेखकले पोखराको पृथ्वीचोकमा रहेका तिब्बती शरणार्थीका मन दुख्ने अनुभूतिलाई शब्दचित्रका माध्यमबाट उतारेकी छन् । हुन त शरणार्थी बन्नुपर्ने अवस्था राजनीतिक कारण होला तर यहाँ उनीहरूका दुःखका अनुभूति सुन्दा शर्मालाई आँफू

नेपाली नागरिकता लिन पाउने भाग्यमानी नै सम्झेकी छन्। अनागरिक भएर अर्काको देशमा डर, त्रास, घरबार विहीन भई राज्यका अवसरहरूबाट वञ्चितीकरण हुनु पर्दाको पीडा अनुभव गर्दै यहाँ भनिएको छ - तालछेउमा रुखमुनि पसलथापेर जीवन धानिरहेकी महिला भावुक भएर भन्दै थिइन् - "यही रुख हो मेरो घर, यही रुख, जङ्गल र चराको माया लाग्छ। अर्की भन्दै थिइन् परिचय नै छैन, बाहिर निस्कदा डर लाग्छ, यस्तो अवस्थामा सन्तान जन्माएर तिनलाई समेत यही दुःखमा पार्नु कसरी, चश्मा निकालेर आँशु पुछ्दै भनेकी थिइन् स्वास्नी मान्छेले परिस्थितिसँग हारेर आमा नबन्ने सम्झौता गर्नु सजिलो कहाँ हुँदो हो र ?" साँच्चै यो संसारमा कति प्रकारका समस्याले ग्रस्त छ मान्छे ? मन दुखाउनु पर्ने समस्या कति छन् यहाँ, घर पुगेपछि आफ्नो नागरिकताको कागज खोजेर निकैबेर सुम्सुम्याएकी थिएँ र लागेको थियो शरणार्थीको कोखबाट जन्मेकी भए मैले पनि यस्तै असुरक्षाको सामना गर्नु पर्ने थियो होला (पृ. १९७)।

यसैगरी शर्माले यहाँ आएर आफू पाँच वर्षको हुँदा फिर्केखोला वरिपरि साथीसँग खेल्दै गरेको सम्झना गरिएको छ जसमा आएको छ - टोमे साथीले चरा मार्न हानेको ढुङ्गा टाउकोमा लागेपछि आफू बेसरी रोएको, टोमेले रगत पखालिदिएको, रगतले भिजेको जामा फुकालेर घाममा सुकाएको, धेरै रोए फेरि भोलि देखि खेल्न नआउने भनी छप्काएको, चरा मारेर पोलेर खाएको, उखु चोरेको, बाघ कराउँदा हात समाएर वेपत्ता दौडिएको, बयर, ऐसेलु, चुत्रो टिपेर खाएको, फिर्के खोलामा नुहाउँदा टोमेको कपडा बाँदरले चोरेर लगेपछि दिनभरि यसै बरालिएर साँझतिर नाङ्गै घर फर्केको (पृ. २००)।

यसैगरी बाल्यकालको सम्झना आएको प्रसङ्ग छ - विन्ध्यवासिनी मन्दिरको परिसरमा बेच्न राखिएका किताब देखेर ती किताबहरू सात-आठ कक्षामा पढ्दा स्कुलमा किताबको बीचमा राखेर ध्यान दिएर पढिन्थ्यो, यो बेला नै कौतुहलको बेला हो। बालबालिकाहरूको लागि उक्त बेलाका पुस्तकहरूमा मायापिर्तीका कुरा प्रशस्त थिए, राजारानीका कथा थिए, एउटै राजाका धेरै सुन्दरी पत्नीहरू थिए (पृ. २०२)। यसै सिलसिलामा त्यतिखेर पढ्ने विद्यालयको अवस्थाको बारेमा यसरी सम्झँदै चित्रण गरिएको छ - बोरा वा मकैका भुत्लाका चकटी, ब्ल्याकबोर्ड रुखमा अड्याएको, गोलो घेरा बनाएर धुलोमाथि चकटीमा बस्ने, एकखुट्टे  खेल्ने, रुद्राक्षको गुच्चा खेल्ने, पानी परे स्कुल छुट्टी हुन्थ्यो, हेडसर जाँड गन्हाउँदै आउँथे, पाठ नबुझाउने केटाहरूलाई बोरामा हालेर

बाहिरबाट लठ्ठीले हिर्काउँथे (पृ. २०२-३) बाल्यकालका यस्ता सम्झना अहिले प्रसङ्गवश अनुभूतिमा आइरहेका छन् ।

**निष्कर्ष**

यस खण्डको छोटो वर्णन नियात्राकारद्वारा केही विगतका अनुभूति र केही वर्तमानका दृश्यहरू मिलाएर आकर्षक शैलीमा प्रस्तुत गरिएको छ । देश विदेशमा चर्चा कमाए जसरी नै सुन्दर फेवाताल र शान्ति स्तुपाको मनमोहक शैलीमा वर्णन गरिएको छ । उत्तरमा चाँदीको पर्खाल स्वरूप उभिएका, माछापुच्छ्रे, अन्नपूर्ण, हिमचुलीका हिउँ शृङ्खलाले निकै शोभायमान बनाएका छन् । त्यसैगरी मानिसको जीवन जस्तो अनुभूत गर्दै सेती नदीको दौडाइ र जीवनको दौडाइमा समानता देखाइएको छ । मान्छे आफ्नै त्रास र दोषले लखेटिएको छ, कतै अनागरिक हुनुको पीडा छ । कतै केही नहुनुको पीडा छ भने कतै सबै थोक हुनुको पीडा छ । लोभ, द्वेष र रागको आगोमा मान्छेले न त माछापुच्छ्रेको सौन्दर्य देख्छ, न तालको, न गङ्गाको । यी विविध परिदृश्यको माध्यमबाट यहाँको भौगोलिक, पर्यटकीय, राजनीतिक आस्था र जीवन प्रतिको अनवरत यात्रा जहाँ गन्तव्यको कुनै ठेगान छैन तर पनि सधैँ मान्छे गण्डकीको पानी जस्तै निरन्तर दौडिरहेर निस्सार जीवनको यथार्थ भोग्न बाध्य बन्ने छ ।

### ४.२.९ शिवपुरीको शिखर

सधैँ आँखामा ठोक्किइरहेको शिवपुरीडाँडाको शिखरमा पुग्ने संयोग शर्मालाई २०५९ साल चैत महिनामा जुर्‍यो, सोही अनुसार उहाँ लगायत अन्य नरहरिजी, ध्रुव, पुरञ्जन, रामचन्द्र पाँच जना पैदल यात्री शिखरको टुप्पोलाई लक्ष्य बनाएर बूढानीलकण्ठको सैनिक पोष्टबाट प्रवेश गर्नु भयो । एक दिनको यात्रा वर्णन गरिएको यस खण्डमा शर्माले काठमाडौंबाट यति नजिकै पनि यस्तो अनकन्टार ठाउँ र डरलाग्दो जङ्गली वातावरणले उहाँलाई निकै सताएको अत्याएको छ । अनुभवका ती अङ्गहरू समावेश गरेर विश्लेषण गर्न सकिने अवस्था रहेको छैन तसर्थ यहाँ यात्रामा आएका विविध प्रसङ्गहरूलाई विषय प्रसङ्ग अनुसार विश्लेषण गरिन्छ ।

बूढानीलकण्ठको सैनिक पोष्टबाट भित्र छिरेपछि यात्रा सुरु भएको छ । पाँच जना पैदलयात्री सबै जना नयाँ ठाउँमा जादै छन्, बाटो कसैलाई थाहा छैन । वनको बाटो

विराएर हिड्दा दन्त्य कथाको वर्णन जस्तो मान्छे नभएको सुन्दर बस्ती जस्तो, बादलले ढाकेको, चारैतर्फ सुनसान (पृ. २०८)। वनमा गुराँस फुलिरहेको छ सोही गुराँसलाई एक जोडी युवक युवतीले मायाको चिनो स्वरूप उपहार लिए दिए यो अनकन्टार जङ्गलमा युवतीको अनुहारमा कलिलो उत्सुक भाव देखेर शर्माको मनभित्र पनि आनन्दका लहरहरू सल्बलाए र लाग्यो साँचै प्रेम भन्दा राम्रो वस्तु संसारमा अर्को के छ ? (पृ. २०८-९)। जङ्गलमा बाटो विराएर अर्को ठाउँमा पुगेपछि फेरी दुई किलोमिटर जति फर्केर मूल बाटोमा आउँदा आनन्द, ढुक्क लागेको छ। साँच्चै नै जीवनमा पनि यस्तै हुने गर्दछ। सही गोरेटो पहिल्याउन नसकेर भौतारिरहेको अवस्थामा गन्तव्यमा पुग्ने गोरेटो भेटेको अवस्थामात्रै पनि बडो आनन्दमयी हुन्छ।

सोही बाटोमा गुम्बा देखियो एउटा, जुन आकर्षक रूपमा सिंगारिएको थियो, त्यहाँ विभिन्न उमेरका नारीपुरुष थिए। त्यही अर्को गुम्बा पनि रहेछ, एउटामा तरुणी भिक्षुणी बस्थे र अर्कोमा केटीहरूलाई गुफा राख्ने रहेछ, गुफा बसेकाहरू तीन वर्ष सम्म बोल्न, बाहिर निस्कन हुँदैन रे। एउटी सोह्र सत्र वर्षकी ठिटी भिक्षुणी भएकोमा खुसी थिइनन् भन्ने भाव उनको अनुहार र बोलीमा थियो। बजारमा घर भएको भए त किन यहाँ आउनु पर्थ्यो र लेकमा भएर पो त (पृ.२०९)। हुन पनि हो यस्तो किशोरी अवस्थामा, स्कुल जाने, साथीभाईसँग रमाइलो गर्ने बेलामा सामाजिक संस्कारहरूले बाँधेर राख्दा कसको मन खुसी होला र त्यही पनि गाउँमा घर भएर झन पीडा अनुभव गरेकी छिन ती किशोरीले।

यसैगरी उकालो हिड्न नसकेर ध्रुवजी बीचबाटै फर्केपछि जीवनसँग जोड्दै वैचारिक दृष्टि राखिएको छ यहाँ - जीवनमा घटनाक्रमहरू यसरी नै त आउने गर्छन्, कठिन स्थितिहरूमा पनि धैर्य नगुमाइकन एक्कै छिन बढी अडिन सकियो भने यस्ता उकालाहरू कुनै विन्दुमा सकिन्छन् र नै एउटा सहज टुङ्गो आइपुग्छ। तर प्रायः जसो हामी धेरैको धैर्यले साथ दिँदैन र विचलित भएर परिस्थितिसँग सम्झौता गरेर ओर्लन तयार भए पनि सधैं जोगिने कहाँ हो र ? आखिर माथि चढ्ने अघि बढ्ने प्रयत्न मात्रै त हो मान्छेको (पृ. २१०)। साँच्चिकै जीवन यही हो यस्तै छ। उकालो ओरालो, गन्तव्य तय गर्न सके पुग्ने, नसके बीचमै फर्किने सफलता असफलताको निर्णय दिने यिनै छन् हाम्रा जीवनका नियतिहरू।

यसैगरी सोही उकालोमा चढ्दै गर्दा बाटो यही नै हो भन्ने पक्का थिएन, मनमनै अन्तै पो पुगिने हो कि भन्ने भय थियो । यस्तै हुन्छ जीवन पनि बाटो नपहिल्याएसम्म अगाडि त बढिन्छ तर कहाँ पुगिन्छ थाहा हुँदैन । त्रास, अन्योलका बीच अगाडि बढिन्छ सोही प्रसङ्गमा डर, त्रास र अन्योलको अनुभूतिसँगै अगाडि बढ्दै गर्दा भनिएको छ- "उकालोको घना जङ्गल, आकाश पटक्कै नदेखिने, उभिएका ढलेका सबै रुख, डाँठ, हाँगाबिगा, पात हरियो बाक्लो झ्याउले ढपक्क ढाकिएका, स्वागत द्‍वारझैं जतातते । पूरा हरियो, अजीव, अद्‍भूत जङ्गलका बीच चकित हुँदै चार जना लस्करै हिँड्दै थियौं । सन्नटा थियो जतातते हामी बाहेक चरोमुसो केही थिएन वरिपरि । यस्तो लागि रहेथ्यो - यो पृथ्वी होइन र हामी स्वप्न देखिरहेछौं" (पृ. २११) । यही शून्यताको बीचमा अगाडि बढ्दै जाँदा हरियो वन रातो गुराँसले ढकमक्क थियो, ऐसेलुका झ्याङ्गहरू थिए, सुरुमा त म दङ्ग परेर ऐसेलु र गुराँस टिप्दै अघि अघि हिडिरहेकी थिएँ तर बढ्दै जाँदा घना जङ्गलमा चारजनाको उपस्थिति गौण भए जस्तो अनुभव गरेपछि भने मनभित्र चिसो हुने गरी त्रास पस्यो (पृ. २१२) ।

यसरी डर, त्रास, शून्यता र आशाको बादल मनभित्र मडारिँदा मडारिँदै एकाएक आकाश देखियो भनेर रामचन्द्रजी चिच्याउनु भयो, हराएको बालकले आमा भेटेझैं सबै पुलकित भयौं, बोली फुट्यो तल भेटिएका तीन जना मान्छे ओर्लिदै रहेछन्, मान्छे समेत भेट्दा खुसीको सीमा रहेन । अब शिखर पुग्न आधा मिनेट मात्र बाँकी छ भनेर तिनले भन्दा आफू भित्र अनुभव गरिरहेको तीव्र असुरक्षा हठात् विलीन भएको पाएँ । लाग्यो स्वर्ग भेट्टाएको अनुभव यस्तै हुन्छ होला (पृ. २१४) । साँच्चै नै अब शिवपुरीको डाँडो स्वर्ग जस्तै लाग्यो, बडोमोहक ठाउँ थियो, आँखाले भेटेसम्म हरियो बाक्लो वन, बादलहरू, गुराँसले छोपिएका पाखादेखि बाहेक हिमाल पहाडका शृङ्खला, केही देख्न सकिएन । जङ्गल चाहिँ यस्तै विस्मयकारी स्वप्न लोक जस्तो थियो, हरियो झ्याउले सम्पूर्ण वृक्ष, लहराहरू सर्लक्कै छोपिएको वन, अझ काठमाडौंको यति नजिक यस्तो ठाउँ पनि छ भनेर कल्पनै गर्न सकिन्नथ्यो (पृ. २१४) ।

अन्त्यमा शर्मालाई लागेको छ 'हरेक पल्ट जब म कुनै यात्राबाट फर्कन्छु, आफैलाई सोध्ने गर्छु - के पाएँ मैले ?' हुन त शर्माले देशका यी अनकण्टार भौगोलिक धरातल

छिचोलेर भौतिक रूपमा त केही हात लागेको देखिदैन । तर  अनूभूति प्रत्येक पल्ट फरक छ अलिकति उचाइमा पुगिएको छ, बढी उज्यालोपन आफूभित्र अनुभव भएको छ । जीवनमा आफ्नो औचित्यलाई सावित गर्ने आयाम खुलेको छ, अझै पनि उचाइ चाहार्ने भोक ज्यूँका त्यूँ छ । लागेको छ कुन शिखरमा पुगेपछि यो तिर्खा मेटिने होला । कुन्नि ? सम्भवतः मै भित्रको उचाइ पो हो कि नभेटेको, नपुगेको (पृ. २१६) ।

**निष्कर्ष**

शर्मालाई आफ्नै अगाडि आँखामा ठोक्किइरहने शिवपुरी शिखर पुग्ने संयोग खोज्दा बल्ल आएर २०५९ सालमा मिलेको रहेछ, यो भन्दा छिटो पुगेका कर्णाली र मुक्तिनाथ नजिक लागेर त होइन होला तर पनि समय परिस्थिति यस्तै नै हो । यो यात्रावर्णन एक दिनमा सीमित छ जसमा सैनिक पोष्टको बाटो भित्र छिरेपछि बेलुका सोही बाटो फर्केर आएसम्मको यात्रा अनुभवलाई दृश्य, भूगोल, प्रकृति, अनुभूति, आदि समावेश गरी विचारका माध्यमबाट रङ्ग्याएर सजाइएको छ । ठाउँठाउँमा छोटो बाटो रोज्ने कि लामो बाटो भन्ने प्रसङ्गमा दन्त्यकथाका मिथक आएका छन् । पाण्डव र द्रौपदीको कथाको प्रसङ्ग, जङ्गलमा बाटो पहिल्याउन नसकेर अलपत्र जस्तै अवस्था आएको छ । मन नलागे पनि गुम्बामा वस्नु परेको नमिठो यथार्थ किशोरीको छ । जीवनका घटनाक्रमहरूमा धैर्य नगुमाइकन परिस्थितिहरूसँग सम्झौता गर्दै जाँदा निश्चित टुङ्गोमा पुगिन्छ । नत्र भने ध्रुवजी फर्कदा झैँ बीचबाटै फर्कनु पर्ने पनि हुन सक्छ । प्रकृति भनेको आफ्नो परिस्थिति अनुसारको अनुभवका आधारमा चिन्ने र अनुभूत गर्ने कुरा हो भन्ने प्रसङ्ग यहाँ देखाइएको छ । यदि मनमा डर, त्रास, पीडा, छैन भने जुन कुनै अनकन्टार ठाउँ समेत स्वर्गीय आनन्द जस्तो लाग्छ यदि त्यस्तो छैन भने सोही प्रकृति शून्य, निरस र डरलाग्दो आतङ्क बनेर आउँछ भन्ने कुरा यस जङ्गलको यात्रामा देखाइएको छ ।

### ४.२.१० जिरीमा सूर्योदय

गुराँस फुलेका बखत दोलखा पुगेका साथीहरूले त्यहाँको सौन्दर्य वर्णन गरेको सुन्दा शर्मालाई त्यस भेकमा जाने भित्री इच्छा छँदै थियो सोही अनुसार २०५७ साल श्रावण ६ गते बिहानै त्यस तर्फको यात्रा सुरु भयो । शर्माले यस छोटो यात्राका क्रममा

काठमाडौंबाट जिरी सम्म र त्यहाँबाट फर्कदा देखे भोगेका विविध भौगोलिक सामाजिक, धार्मिक परिदृश्यहरूलाई उतारिएका साहित्यिक तस्विरहरूको विभिन्न कोणबाट यहाँ अध्ययन विश्लेषण गरिन्छ ।

**क) दृयात्मकता**

महाराजगञ्जबाट सुरु भएको यात्रा भक्तपुर बनेपा धुलिखेल, पाँचखाल, दोललघाट हुँदै अगाडि बढेको छ । सुनकोशी बगरमा विशाल रुख ठूलो ढुङ्गामाथि झाँगिएको रहेछ र त्यसले सबैको ध्यान तानेको छ । मान्छेका प्रयत्नहरू कसरी खेर जान्छन् र कसरी बिना प्रयत्न प्रकृतिले चमत्कार देखाउँछ भन्ने कुरा यस रुखले सावित गरिदिएको छ । प्रकृतिले चाह्यो भने ढुङ्गा माथि पनि जीवनले जरा हालेर मौलाउन सक्छ अन्यथा जति नै मलजल गरेर माटोमा रोपेको विरुवा पनि मर्छ (पृ.२२०) । साँच्चै हो प्रकृतिको शक्ति अद्भूत चामत्कारिक छ, मानवीय शक्ति प्रकृतिको अगाडि निरर्थक छ भन्ने देखाइएको छ । यसरी अगाडि बढ्दै जाँदा जताततै हरियाली छ । बाटो वरिपरि रहरलाग्दो गरी मकै फलेका थिए, डोकाभरि मकै बोकेर स्वास्नीमान्छे हिँडेका थिए, गाउँका घर प्रायः छपनी ढुङ्गाले छाएका, चिटिक्क परेका थिए (पृ. २२०) । यसैगरी चरिकोट बजार छोडेर फर्केपछि ग्रामीण दृश्यले आकर्षित गरिरहेको छ, जसमा बाक्लो जङ्गलै जङ्गल, धूपी सल्लाका मोहक रुखहरू, पाहारिलो पाखो, बाटोका छेउ मुजुरहरू, कोदोका वियाडहरू, मकै फलिरहेको बारी, लेकहरूले कुइरोको घुम्टो ओडिरहेका थिए, (पृ. २२३) ।

ग्रामीण वातावरण निश्चयनै मनमोहक छ। सबै स्रोतको खानी नै हो गाउँ, प्राकृतिक रूपमा अनेक छटा यहाँ देख्न पाइन्छ। सोझो, सरल, स्वच्छन्द दिनचर्या बिताउँछन् ग्रामीण जनहरू । यिनै भौगोलिक दृश्यहरूसँग ग्रामीण पर्यटन आजकाल निकै फस्टाउँदै गएको पनि छ। सहरको धुलो र धुवाँको पुञ्जभित्रबाट मानिस अत्तालिएर यिनै ग्रामीण स्वच्छ वातावरणतर्फ आकर्षित हुँदै गइरहेका पाइन्छन्। ग्रामीण जीवन प्रतिको मोह यहाँ प्रकट भएको छ ।

**ख) वैचारिकता**

लेखकद्वारा यात्राका दृश्यहरूलाई विभिन्न अनुभूति विचार, दर्शन र सिद्धान्तले रङ्गाई प्रस्तुत गरिएको छ । ठाँउठाउँमा प्रासाङ्गिक वैचारिक टिप्पणीका साथ प्रस्तुत

गरिएको छ। जसमा खाडीचौरको बजारबाट अगाडि भोटेकोशीको पुल तरेपछि उकालो बाटो गाउँका स्थानीय परिदृश्य कुइरोले लेकलाई ढाकेको घुम्टो, अनि पछाडिपट्टि फर्केर हेर्दा सर्प जस्तो नागवेली सुनकोशी बग्दै थियो। गुडेर आएको बाटो किरिङ्मिरिङ धर्का जस्तो मात्रै देखिन्थ्यो। यही दृश्य सँगै यहाँ भनिएको छ - मान्छेले आफ्नो गन्तव्यसम्म पुग्नलाई जीवनमा यस्तै उचाइ, भीर, पाखा, भञ्ज्याङ, खोँच, खोल्सा, घुम्ति जहाँ सुकै पनि त पुग्नुपर्छ। घरि विपत्तिका बादलभित्र पस्नुपर्छ, घरी सङ्कटको कुहिरोमा रुमल्लिनुपर्छ। बाटैमा झलमल घाम लाग्छ र छायाँ पनि पर्छ। यात्राको स्थिति र जीवनको गतिमा खास भिन्नता छैन (पृ. २२१)। वास्तविक जीवन भोगाइ यही नै हो। सधैँ सिधा बाटो मात्र हिँड्न पाइँदैन, सधैँ उज्यालो घाम पनि लागिरहँदैन। जसरी यात्राको बाटोमा अनेक आयाम भेटिन्छन्। त्यसरी नै जीवन पनि चलिरहन्छ।

यसरी यहाँ प्रकतिका माध्यमबाट जीवन प्रतिको यथार्थ वैचारिक दृष्टिकोण प्रकट भएको छ। जसरी यात्रा गर्ने बाटोमा अनेक मोड र घुम्ती आउँछन् त्यसरी नै जीवनको यात्रा हुन्छ, उकालो, ओरालो घुम्ती, मोड, उज्यालो, अध्याँरो आदिले सजिएको हुन्छ।

## ग) अनुभूतिमयता

लेखकद्वारा जीवनजगत र यात्राका विविध परिदृश्यलाई लेखकीय माध्यमबाट अनुभूतिमा रङ्ग्याएर प्रस्तुत गरिन्छ। यहाँ सुनकोशीको किनारमा अगाडि बढ्दै गर्दा भीम बहादुरजीले रोपेका फुलहरूलाई भाइरसले सखाप पारेको र माटो मुनि गाडेको प्रसङ्गमा शर्मालाई लागेको छ - संसार भनेको जीव, निर्जीव, र त्यसलाई नष्ट गर्ने तत्त्वहरूको सक्रियता मात्रै हो। हामीले यतिखेर आफू उभिएको ठाउँमा आँखा चिम्लेर पचास वर्ष पछिको यसै स्थानको कल्पना गर्‍यौँ भने आश्चर्यमा पर्ने छौँ। सम्भवतः पुराना धेरै कुरा नष्ट भइसकेका हुनेछन्, नयाँ कुराले ठाउँ लिइसकेका हुनेछन् र हामी आफै पनि नष्ट हुँदै जाने तत्त्वहरूको पङ्क्तिमा आफ्नो पालो कुरिरहेका हुनेछौँ अथवा समाप्त भइसकेका हुनेछौँ (पृ. २२०)।

साथै खरीढुङ्गा जाने बाटोमा अगाडि बढ्दै गर्दा त्यहाँका जुका, सौन्दर्यता, देखेर अनुभूतिमा हराउँदै र तुलना गर्दै भनिएको छ - 'गुडिरहेको मोटरभित्र बसेर हेर्दा मलाई रमणीय र आनन्ददायिक अनुभव भएको यो ठाउँमा, यदि म पैदल हिडिरहेकी भए अथवा यहाँ बसेर जीवन व्यतीत गर्नु पर्ने अवस्था भए यो सौन्दर्यको रूप बेग्लै हुने थियो।

सौन्दर्यको ठाउँमा सुःख, दुःख रमाइलो, नरमाइलो भन्ने कुरा सबै हामीले अनुभव गरिरहेको सत्य सधैँ नै हामीले यसलाई हेर्ने कोण र स्थितिमा निर्भर गर्दछ। संसारका सबै सत्य सापेक्षिक सत्य नै हुन्।

**निष्कर्ष**

यस नियात्रा खण्डमा शर्माले विविध परिदृश्यलाई साहित्यिक भाषा र रङ्गले रङ्ग्याएर आकर्षक शैलीमा प्रस्तुत गरेकी छन्। यात्रा गरिएका ठाउँको वातावरण सम्भदै यहाँ काठमाडौंलाई धुवाँको पुञ्ज भित्रको बसाइ भनिएको छ। प्राकृतिक शक्तिलाई ढुङ्गाको काप फोरेर निकालिएको छ। संसारका सबै सजीव निर्जीव पदार्थलाई क्षणिकताको सापेक्षमा मूल्याङ्कन गरिएको छ। गाउँको उकालो - ओरालो बाटो लाई जीवनको बाटोसँग तुलना गरिएको छ। आफू गाडिभित्र रहेर बाहिरको ग्रामीण दिन चर्यालाई देख्दा आनन्द लागेको र सोही गाउँमा यथार्थ रूपमा खटिनुपर्ने अवस्थामा भने दुःखको अनुभूति भएको छ। अन्त्यमा दोलखाको भीमेश्वर मन्दिरमा पूजा गरी काठमाडौं फर्किएकोले धार्मिक आस्था र विश्वास देखाइएको छ।

**४.२.११ पाथीभरामा दसैँ**

शर्माको वि.सं. २०६६ सालको दसैँ ताप्लेजुङ्को पाथीभरामा मनाउने कार्यक्रम रहेछ र सोही अनुसार उनी र नरहरिजी लगायत अन्य साथीहरूसँगै त्यसतर्फ लाग्नु भएको रहेछ। गाउँ, घर, बाटो, पर्वत, पहाड, खोला नाला समग्रमा भनौँ प्रकृति र जनजीवन यात्राका क्रममा तपाई हामी सबैले देखिरहेकै हुन्छौँ तर पनि हामी त्यस दृश्यलाई सुन्दर तथा आकर्षक शैलीमा उतार्ने र पाठक माझ ल्याउने काम साहित्यकार एवम् कलाकारको कौशलबाट मात्रै सम्भव रहन्छ। यसरी नै यहाँ पनि शर्माले ताप्लेजुङ्को यात्रामा देखे भोगेका विविध परिदृश्यलाई साहित्यिक विधाका माध्यमबाट उतारिएको छ। यिनै विविध यात्रा दृश्यलाई यहाँ भिन्न भिन्न कोणबाट अध्ययन विश्लेषण गरिन्छ।

**क) स्थानीयता**

यात्रा कुनै न कुनै रूपमा स्थान र समयसँग सम्बद्ध हुन्छ, यस अन्तर्गत यात्रारत स्थल, समाज, भेषभूषा संस्कृति, प्रकृति आदि सबै पर्दछन्। यी सबै यात्रा दृश्यलाई यहाँ

आकर्षक शैलीमा उतारिएको छ। स्थानीय बजारका, गाउँघरका विविध परिवेश यहाँ आएका छन्, जसमा, इस्कुसका झालले वनै छोपेको र छ महिनाको खर्च धान्न सकिने रहेछ, पाखाभरि अदुवा, मूला र अलैँचीको खेती थियो, कन्याम चियावगान, श्रीअन्तु डाँडो, बीचबीचमा आउने सल्लाका वन, फिक्कल बजारमा बाक्लो छुर्पीका लौरा, बाघखोर बजारमा दुध चिस्याउने ठाउँ, फिदिमको सुम्निमा टोलमा काँचो कागज बनाउने कारखाना रहेछ, लोकताका झाडी बाक्लै देखिन्थ्यो (पृ.२३० - ३१)। यसैगरी दसैको बेलामा स्वास्नी मान्छेहरू मज्जाले तोम्बा खाएर बाझेका थिए, फावाखोलाको बाक्लो ओसिलो जङ्गलमा जापानी नोट बनाउने वनस्पति अर्गेली प्रसस्तै रहेछ, यो सङ्कलन गरेर जापान लैजाने प्रबन्ध पनि रहेछ (पृ. २६८)। थेचम्बूका घनश्याम र दुईजना ठिटाहरूले मास्टर्स पास गरेका रहेछन् तर गतिलो जागिर नपाएपछि यहीँ आएर होटल खोलेका र लेकमा गाईपालन पनि रहेछ (पृ. २४०)।

यतिखेर पाथीभराको दर्शन गर्न एउटा समूह हुलै बाधेर आएको रहेछ। पाथीभराको फेदीमा कान्छी पाथीभरा नजिकै होटलमा शर्मा र उनीहरूको बास एकै ठाउँमा भयो, त्यो रात उनीहरूको हल्लाखल्ला खानपिन, नुवाई धुवाईले सम्भवत नदिदाइकनै उज्यालो भयो। सबै जना उकालो लागेपछि उहाँहरूको पालो आयो र पाथीभराको दर्शनको लागि उकालो लाग्दै गर्दा इन्द्रले भगवतीका बारेमा किंवदन्ती सुनाए - “गोठालाहरूले भेडा लेक बेंसी गराउने क्रममा पाथीभरामा बास बसेछन्, बिहान उठ्दा सबै भेडा हराएछन्, राति सपनामा भगवतीले एटा भेडाको बली दिनु भनेपछि सोही अनुसार गरिसक्दा सबै भेडा फेरि सकुशल त्यहीँ देखिए, यसरी पूजा गर्ने र बलि दिने चलन चलेको रहेछ” (पृ. २४२)। अर्को पाथीभरा देवीप्रति गहिरो आस्थाका रूपमा किंवदन्ती सुनाए - “यहाँ दर्शन गरेपछि निः सन्तानका सन्तान जन्मेका, विरामी निको भएका र त्रासका कुरा पनि गरे परस्त्रीसँग लसपस भएका, रजस्वला भएका महिला मन्दिरमा जाँदा ती माथि दिउँसै चट्याङ् परेको सुनाए” (पृ. २४२)। अर्को अनौठो चलन के रहेछ भने सक्कली पाथीभरा जान नसक्नेहरूका लागि ठाउँठाउँमा पाथीभरा मन्दिर स्थापना गरिदो रहेछ तर नयाँ मन्दिर बनाएको ठाउँबाट मूल पाथीभराको डाँडो चाहि देखिनुपर्ने रहेछ (पृ. २४६)।

यसरी यात्राका क्रममा पूर्वी नेपालको आर्थिक सामाजिक एवम् धार्मिक अवस्थाको बारेमा यहाँ शब्ददृश्यका माध्यमबाट पाठकलाई यात्राकै अनुभूति दिलाइएको छ। यसमा स्थानीय परिवेशका दिनचर्या, खेतीप्रणाली, नगदेवाली, दुधविक्रीको आधुनिकीकरण, स्थानीय

उत्पादनको विदेश निर्यात, पढेर पनि राम्रो जागिर नपाएका युवाको पीडा, साथै यस क्षेत्रकै गहिरो आस्था एवम् विश्वासको केन्द्र धार्मिक स्थल पाथीभराप्रतिको स्थानीयको विश्वास, स्थापनाकालको किंवदन्ती र मासिहरूलाई आचरणमा बस्न बाध्य बनाउने त्रास एवम् विश्वासका घटनाहरू यहाँ देखाइएको छ। यसका माध्यमबाट त्यस क्षेत्रको सामाजिक आर्थिक र पर्यटकीय विकासमा महत्त्वपूर्ण योगदान गरेको छ।

**ख) दृश्यात्मकता**

यात्रा साहित्यको अर्को महत्त्वूर्ण पक्ष हो दृश्यात्मकता नियात्राकारले काठमाडौंदेखि पूर्वी नेपालका विभिन्न भागहरू हुँदै पवित्र धार्मिक एवम् पर्यटकीय स्थल पाथीभरा र इलाम, झापाको यात्रामा देखे भोगेका विविध दृश्यलाई साहित्यक भाषा एवम् आकर्षक शैलीमा प्रस्तुत गरिएको छ। यस भित्रका भौगोलिक, प्राकृतिक, परिदृश्यहरूलाई विशेष महत्त्वका साथ उतारिएको छ। जसमा फुङ्लिङ बजारबाट अगाडि बढेपछि गाउँघरमा दसैंको रौनकता देखिएको छ, बाटामा घरघरका आँगनमा लटरम्म सयपत्री र लाहुरे फुल फुलेको देखिन्छ दसैंलाई लिपपोत गरी रङ्ग्याएका चिटिक्क परेका घर, लिपेको आँगन, थोत्रा जर्किन र प्लाष्टिकका बाल्टीहरू समेतमा फुल रोपेर कौसी सजाएको (पृ. २३६)। साँच्चै नै दसैंको माहोलमा त गाउँघरले त रूप नै फेरेर मनमोहक बनेको हुन्छ। गाउँमा हिड्दा आफैले भोग्न नपरेको अवस्थामा अरुले काम गरेको देखेर आनन्द चाहिँ आउँदो रहेछ। जसमा हंसिया डोको बोकेर घाँस काट्न आएकी हातमा स्काइ मोबाइल फोन बोकेकी गोरी, साधारण कुर्ता सुरुवाल चप्पल लगाएकी, मङ्गलको मन चाँहि त्यतै अल्झिरहेको लाग्यो, निकै बेर पछाडि फर्की फर्की हेरि रहेथे (पृ. २३८)। यसैगरी कान्छी पाथीभरा जानेबाटाको वरपर पाखै भरी बुकी फुलेको थियो सेतै, सुनथाङ्गने लहरा, अङ्गेरी, असारे, चिमल, मालिङ्गो, ऐंसेलु, सोतर गुराँसका अनेका प्रजातिका रुखहरू थिए (पृ. २३९)। साथै पाथीभरा पुगेपछिको मनमोहक दृश्यलाई वर्णन गर्दै भनिएको छ - "उकालोमा होटल नभएकाले ठाउँठाउँमा पाटीहरू थिए, सपना जस्तो थियो ठाउँ, आँखाकै उचाइमा हिमालहरू छर्लङ्ग खुलेका थिए, सगरमाथा, कञ्चनजङ्घा, कुम्भकर्ण आदि हिमशिखरहरू वरपर देखिन्थे, चारैतिर हरिया पहाडहरू तरेली  परेका थिए, हिमालबाट झर्दै गरेका हिमनदी देखिरहेथे। दृश्यहरू यति सुन्दर थिए के हेर्ने, के नहेर्ने भनेर अल्मलिइरहेको अवस्था थियो" (पृ. २४३)। यसैगरी कावेलीदेखि इलामसम्मको बसयात्राको

दृश्य त  यहाँ निकै मन छोइरहने खालको छ। हुन त चाडबाडको बेलामा सबै जसो ठाउँको यात्राको नियति यही नै थियो तर यहाँ शर्माले उतारेको दृश्यचित्र यस्तो छ - करिब २५ वर्ष पछिको सार्वजनिक बसको यात्रा रहेछ शर्माको । हरेक स्टपमा गनिनसक्नु मान्छे हुन्थे, सबैलाई गन्तव्यमा पुग्नुपर्ने थियो । बसको छतमा, दायँबाँया झुण्डि रहेका थिए यात्रुहरू, भित्र बस्नेहरू उसिनिएका थिए, बाबु आमा केटाकेटी कोहीसँगै थिएनन्, महिला कन्डक्टर थिइन् बसमा निकै झगडा पर्ने गर्थ्यो, कोही भित्रै निस्सासिएर मुर्च्छा पर्थे, भीड भएको बस नरोकौँ भने पनि मान्छेले बेस्सरी हकार्थे, र उनै मान्छे भित्र आएर कति सारो मान्छे कोचेको भन्थे, बस भित्र उल्टी गरेर सँगैका मानिसलाई निथ्रुक्कै भिजाइदिन्थे, भित्रबाट अमिलो हरकसँग नाक ठोक्किदा टाउको दुखेको थियो, बस भित्र भन्दा, बसमाथि धेरै मान्छे थिए (पृ. २५१) ।

यात्रा भनेको यस्तै नै हो जहाँ अनेक कुरा देख्न भोग्न पाइन्छ। कहींको दृश्यले आनन्द मिल्छ भने कहीँ दुःखी बनाउँछ। प्रकृतिक सौन्दर्यले धेरैको मन तानिरहेको नै हुन्छ यहाँ पनि दसैँका बेलाको गाउँघरको दृश्य निकै लोभ लाग्दो छ। गाउँमा उकालो ओरालो हरियाली वातावरण विभिन्न प्रजातिका फुलहरू ढकमक्क फुलेर मोहक बनेको छ। आँखाले देखेसम्म हरिया पहाड, अझै पारी चाँदीका पर्खाल जस्ता देखिने हिमशृङ्खला जसले स्वदेशी विदेशी पर्यटक सबैलाई उत्तिकै आकर्षण गरिरहेको छ। यसले देशको पर्यटकीय विकासमा पनि राम्रो योगदान गरेको छ। चाडपर्वको बेला सार्वजनिक यातायातको अवस्था भने पीडादायी छ। जसले गर्दा नागरिकहरू असुरक्षित यात्रा गर्न बाध्य छन्।

**ग) राजनीतिक अवस्था**

लगभग दुई दशक भन्दा लामो समय नेपालको राजनीतिले सही दिशा पैल्याउन नसकेको पीडा यहाँ विभिन्न ठाउँमा आएका छन् जसमा नेपाल भित्रको पनि लिम्बूवान राज्य भनिएका घरघरमा सङ्घीय लिम्बूवान राज्य परिषद्का झण्डा फहराइरहेका छन् (पृ. २३०)। स्थानीयहरू अन्योलमा देखिन्छन्, केन्द्रीय केही पार्टीहरूले उक्त प्रदेशलाई समर्थन पनि गरेका छन्। यसै प्रसङ्गमा यहाँ भनिएको छ - "कुनै जातीय प्रदेश घोषणा गरिसकेपछि त्यहाँ बस्ने अन्य जाति र भाषा-भाषीको हैसियत के हुन्छ ? उनीहरूलाई बढी र अन्यलाई थोरै अधिकार दिए पनि हुने कारण, राज्यले कसरी व्याख्या गर्न सक्छ ?

अन्यलाई पनि आफ्नो जातजाति र भाषा अनुसार प्रदेश नामकरण गर्न मन लाग्यो भने के गर्ने ? माग गरिए भैँ राजनीतिक अग्राधिकार दिएको अवस्थामा अरु सबै उनीहरूका विरुद्ध जुटे भने के हुने ?" (पृ. २३२) ।

यसैगरी राज्यको पुनः संरचनाकै सन्दर्भमा अर्को पक्ष छ जसमा - हामीहरूले ठान्ने गरेका सबै मधेसी, जनजातिहरू र दलित कमजोर छैनन् न त सबै बाहुन क्षेत्रीहरू सम्पन्न छन्, कर्णाली र सुदूर पश्चिमका कतिपय क्षेत्रमा खसहरूको अवस्था अति निम्न तहको नागरिक भन्दा गए गुज्रेको छ । मधेसमा तल्लो तहका मधेसीको सबैभन्दा बढी शोषण गर्ने जमिनदार मधेसी नै छन् । अहिले विखण्डनका उग्र नारा बोक्ने कतिपय नेताहरू यस अघि पनि सत्तामै थिए, सुविधा, भोगी नै थिए र अहिले पनि छन् (पृ. २३२-३३) ।

लेखकद्वारा यहाँ पूर्वी नेपालको यात्राका क्रममा देखे भोगेका राजनीतिक सङ्कटको पनि गहिरो विश्लेषण गरिएको छ । मुलुकको जातीय परिस्थिति राम्ररी आँकलन नै नगरी जातीय राज्यको घोषणा गर्ने अदूरदर्शी राजनीतिप्रति गम्भीर, तार्किक विमति प्रकट गरिएको छ । देशमा दूरदर्शी र परिपक्व राजनीतिक संस्कार विकास हुन नसकेकोमा जनस्तरबाट प्रशस्त गुनासो, असन्तोष र आक्रोश पनि पाइन्छ । सामान्य मान्छेलाई नेता भनेको स्वार्थी भ्रष्ट्राचारी जस्ता घृणा जनाउने शब्द लाग्न थालेको छ । पार्टीहरूको झगडा देखि जनता हैरान छन् । सत्ता बाहिर छँदा बन्द, हडताल गरेर  अन्दोलन गर्छन् जब उनै सत्तामा पुग्छन् अनि फेरि बन्द, हड्तालको विरोध गर्छन् । ढोका ढोकामा जानेको मात्र कुरा सुन्छन् नेताले । यस्तो राजनीतिक अवस्थाले देशलाई दिनानुदिन पछाडि धकेलिरहेको र जनताले सधैँ दुःख, पीडा र सास्ती भोगिरहनु परेकै छ ।

**निष्कर्ष**

शर्माको यस पाथीभरामा दसैँ यात्रा खण्डमा मुख्य रूपमा आएका विषयलाई तीन ओटा कोणबाट अध्ययन विश्लेषण गरियो । यस बाहेक अन्य केही स-साना विश्लेषण योग्य विचारहरू पनि यहाँ रहेका छन् । जसलाई निष्कर्षमा प्रस्तुत गर्न सकिन्छ । यात्राको क्रममा देखिएको पूर्वी नेपालमा विकासोन्मुख आधुनिकीकरण पनि छ जहाँ दुध चिस्याउने केन्द्र, काँचो कागज बनाउने कारखाना, जापानी नोट बनाउने अर्गेली वनस्पतिको निर्यात आदि विकासका सूचक रहेका छन् । तर देशको राजनीतिले सबैतिर अस्तव्यस्त बनाएको

छ, केन्द्रीकृत शासन पद्धति र सामन्ती परिपाटीले जनतालाई अन्याय पारेको छ। निश्चित वस्तुगत वैज्ञानिक आधारमा टेकेर प्रदेश बन्नु आवश्यक छ। पञ्चायतकालदेखि राज्यसंयन्त्रमा हर्ताकर्ता भएर बसेका मधेसी, दलित, जनजातिका नेताहरूले आफ्नो मात्र विकास गरे आफ्नो समुदायलाई कहिल्यै माथि उठाउन खोजेनन्। शोषणको मूल आधार जातिसँग भन्दा शक्ति र सत्ताको निकटता र त्यसको प्रयोगमा रहँदो रहेछ। योग ध्यानका अभ्यासहरू बढ्दै जाँदा संस्कृत भाषा फेरि लोकप्रिय बनेको र यसको चुम्बकीय ध्वनिप्रति जुन सुकै जात धर्मका मान्छे पनि तानिन थालेका छन्। मास्टर्स पास गरेका युवकहरू पनि जागिर पाइएन भन्दै होटल र गाईफर्म खोलेर बसेका छन्। धार्मिक आस्था र विश्वासहरू मानिसलाई नियममा राख्ने लगाम बनेका छन्। मनिसहरूले राज्य निर्मित कानुन मान्न छोडे तर धार्मिक आस्थाको घेरा भित्र चाहिँ बस्न बाध्य नै छन्। यस्ता मठमन्दिरहरूले आन्तरिक एवम् बाह्य पर्यटकीय क्षेत्रलाई विकास विस्तार गर्न सहयोग पुऱ्याएका छन्। मानिसलाई सजिलोका लागि ठाउँठाउँमा पाथीभरा मन्दिरको प्रतिमा पनि स्थापना गरेका छन्। सार्वजनिक यातायातको अवस्थाले मानिसले निकै सास्ती भोग्नु परेको छ, प्रशस्त गाडी भएर पनि सिण्डिकेटको कारण सीमित गाडीहरू मात्र गुडेका छन्। जनता कोचिएर यात्रा गर्न बाध्य छन्। स्थानीय स्तरमा राजनीतिक चेतनाको स्तर बढेको छ। राज्यमा भइरहेका गतिविधि माथि निकै चासो छ। नागरिकहरू दायित्वका बारेमा सचेत छन् तर राज्यको अनुभूति अपेक्षा अनुरूप गर्न पाएका छैनन्। पार्टीहरूको झगडादेखि नागरिक हैरान छन् । मान्छेले सडक नछेकिकन राज्यले नसुन्ने अवस्था आइसकेको छ।

यी विविध समस्या, चुनौती र सम्भावनाहरूको समष्टिमा यो खण्ड आएको छ। यसले हामी नागरिक, राजनेता, कर्मचारी, शासक प्रशासकहरूको सोच विचार र कार्यकुशलतामा ठोस परिवर्तन ल्याउनु पर्ने आवश्यकता औंल्याएको छ।

# परिच्छेद पाँच

# उपसंहार

## ५.१ सारांश

प्रस्तुत शोधपत्रमा जम्मा पाँच परिच्छेद रहेका छन् । तीमध्ये पहिलो परिच्छेद शोधपत्रको परिचयका रूपमा रहेको छ । यसमा विषय परिचय, शोध शीर्षक, शोधकार्यको प्रयोजन, शोध समस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य, शोधकार्यको क्षेत्र र सीमा, शोध विधि, शोध सङ्गठन जस्ता शीर्षकमा यस शोधको परिचय प्रस्तुत गरिएको छ । प्रस्तुत शोध समस्यामा 'क' नियात्रा (यात्रा-निबन्ध) साहित्य सिद्धान्तका आधारभूत मान्यताहरू के के हुन् ? 'ख' शारदा शर्मा पूर्वको नेपाली नियात्राको विकास प्रक्रिया के कस्तो छ ? 'ग' नियात्रा सिद्धान्तका आधारमा 'भुइँफुलको देश' के कस्तो छ ? भन्ने रहेका छन् र तिनै समस्याहरूको यस शोधकार्यमा व्यवस्थित र वस्तुगत खोज एवं विश्लेषण गरिएको छ ।

शोधपत्रको दोस्रो परिच्छेद नियात्राको सैद्धान्तिक खण्डका रूपमा रहेको छ । यसमा नियात्राको सैद्धान्तिक परिचय र यसका आधारहरूको पहिचान गर्दै नियात्राका स्वरूप, परिभाषा, तत्त्वहरू र यसका निकटवर्ती उपविधाहरूको बारेमा चर्चा गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा नियात्राकार शारदा शर्मा पूर्वको नियात्रा विकास प्रक्रिया सङ्क्षेपमा सङ्केत गरिएको छ । जसको पृष्ठभूमि कालमा मानिसहरू मनोरञ्जन तथा धार्मिक-सांस्कृतिक उद्देश्यले घुमफिर गर्ने, यात्रा गर्ने गरेको पाइन्छ । यसमा हाम्रा पुरातात्त्विक ग्रन्थहरू 'ऋग्वेद' बाल्मीकिको 'रामायण', वेदव्यासको 'महाभारत', वाण भट्टको 'कादम्बरी' हुँदै नेपाली भाषामा उपलब्ध प्राचीन ग्रन्थहरूमध्ये (वि.सं. १५५०) सालतिरको 'राजा गगनी राजको यात्रा' पहिलो कृतिका रूपमा यहाँ देखिएको छ । कर्णाली प्रदेशतिरका राजाको यो स्वदेश यात्रा वृत्तान्त हो । लेखक अज्ञात रहेको यस कृतिमा राजाले प्रजाको घरदैलोमा गरेको यात्रा उल्लेख छ । यसपछि अज्ञात लेखककै 'जङ्गबहादुरको बेलायत यात्रा' (वि.सं. १९१०) यात्रा लेख प्राप्त छ । यस पृष्ठभूमि कालकै काल विभाजन गर्दा 'राजा गगनी राजको यात्रा' (वि.सं. १५५०) तिरदेखि चिरञ्जीवी शर्मा

पौड्यालको 'श्री युरोप यात्रा' (वि.सं. १९६७) सम्मलाई पृष्ठभूमि काल मानिएको छ । यस पछि (वि.सं. १९७०) मा शेरसिंह रानाको 'मेरो लन्डन राजतिलक यात्रा' सँगै आरम्भ काल सुरु भई भवानी भिक्षुको 'सिमलासम्म' (वि.सं. १९९९) सम्म आएको छ । यसपछि नेपाली नियात्राको आधुनिक काल सुरु हुन्छ ।

आधुनिक काललाई पनि विभिन्न लेखक र कृतिहरूको आधारमा तीन चरणमा विभाजन गरिएको छ । जसमा प्रथम चरण अन्तर्गत भवानी भिक्षुको 'सिमलासम्म' (वि.सं. १९९९) देखि लैनसिंह वाङ्गदेलको 'डायरीको एक पृष्ठ' (वि.सं. २००९) सम्म छ । त्यस्तै द्वितीय चरणमा नारायण बास्कोटाको सम्पादनमा काठमाडौँबाट प्रकाशित प्रगति द्वैमासिक पत्रिकाको वर्ष १ अङ्क ४ (वि.सं. २०१०) बाट सुरु भई केदार मणि आ.दी. को पुस्तकाकार कृति 'बेलायत जाँदा' (वि.सं. २०२२) सम्म रहेको छ । तृतीय चरणको आरम्भ पनि केदार मणि आ.दी. कै 'बद्री केदार यात्रा तीस वर्ष अघिको' (वि.सं. २०२३) कृतिबाट सुरु भई विभिन्न कृति र कृतिकारहरू हुँदै शारदा शर्माको 'भुइँफुलको देश' ( वि.सं. २०६८) सम्म आइ पुगेको पाइन्छ । यात्रा साहित्यकारहरूमा नारीहरूको उपस्थिति भने नगण्य जस्तै रहेको छ । यही पृष्ठभूमिमा शारदा शर्माको पुस्तकाकारको यात्रा साहित्य 'भुइँफुलको देश' आएको छ ।

शोधपत्रको चौथो परिच्छेद नै यस शोधको मूल खण्ड हो । यस अघिका परिच्छेदका सन्दर्भ पृष्ठभूमिका रूपमा रहेका छन् । यस पच्छिेदमा 'भुइँफुलको देश' लाई नियात्राका सैद्धान्तिक आधारमा अध्ययन विश्लेषण गरिएको छ । यस क्रममा शारदा शर्माको सामान्य परिचय प्रस्तुत गर्दै नियात्राको विषय वस्तुलाई नियात्राकै विवरणको ढाँचामा क्रमशः विश्लेषण गरिएको छ । यस क्रममा शर्माका विगत करिब दुई दशक अघिदेखिका यात्रा अनुभूतिहरूको सँगालो स्वरूप यो कृति आएको छ । यसमा ११ वटा सङ्कलन रहे पनि यात्रा स्थलका दृष्टिले ८ वटा मात्रै देखिन्छन् । यसमा नेपालका पहाडी र हिमाली भूभागका खप्तड, कर्णाली, मुक्तिनाथ, घान्द्रुक, पोखरा शिवपुरी, जिरी र पाथीभरा स्थलहरूको यात्रानुभव वर्णन गरिएको छ र सोही अनुसार नै यस शोधकार्यमा अध्ययन विश्लेषण भएको छ । यात्राको क्रममा लेखिएको यस पुस्तकलाई नेपाल चिनाउने कृतिका रूपमा लिन सकिन्छ । यहाँ नेपालको सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक, धार्मिक, पर्यटकीय सम्पूर्ण सुगमदेखि दुर्गमसम्मका समाजका यथार्थ तस्बिर क्यामराकै शैलीमा उतारिएको छ र विश्लेषण यो शोधमा गरिएको छ । समाजमा पुरुष प्रवृत्तिको कारण

महिलाहरूले भोग्नु परेका सामाजिक समस्यामध्ये महिलाले मेसिनले झैँ काम गर्नुपर्ने, बच्चा जन्माउने साधनको रूपमा लिने, बाल विवाह र बहु विवाह जस्ता जटिल पीडाको यथार्थ तस्बिर यसमा आएको छ । समाजको विपन्नता र विद्रूपता, द्वन्द्वकालीन राजनीतिक पीडा र राजनीतिक नेतृत्वकर्ताहरूको अदूरदर्शीताका कारण विकटका जनताले भोग्नु परेका समस्या, लोकतन्त्र आएपछि पनि पार्टीहरूमा देखिएको सत्ता लिप्साका कारण जनताका पिर-मर्काप्रतिको उदासिनता, आफ्नो ठाउँको साधन स्रोतको सही परिचालन गर्न नसकेर स-साना कुराहरूमा पनि सरकारकै भर पर्नु परेको, खप्तडको पाटन, राराको सौन्दर्य पनि असुविधा र विकटताकै कारण ओझेलमा पर्नु परेको, चाडबाडका नाममा हुने विकृति रोक्न कसैले ध्यान नदिएको लगायतका समाजका यथार्थ विषय वस्तु यहाँ आएका छन् ।

## ५.२ निष्कर्ष

'भुइँफुलको देश' नियात्रा सङ्ग्रह नेपाली यात्रा साहित्यको इतिहासमा नारी स्रष्टाको एउटा महत्त्वपूर्ण सिर्जनाका रूपमा आएको छ । यसमा नेपालका सुदूर पश्चिम देखि पूर्वसम्मका महत्त्वपूर्ण हिमाली र पहाडी भू-भागका आठवटा स्थलमा गरिएका यात्रा अनुभवहरूलाई विभिन्न विचार र अनुभूतिहरू तद्स्थानीय समाज र समकालीन नेपाली राष्ट्रिय परिवेशसँग सान्दर्भिक तुल्याएर प्रकट गरेको पाइन्छ । पुस्तकको नाम 'भुइँफुलको देश' राख्ने सन्दर्भमा खप्तडको पाटनमा र रारातालको वरिपरि हिउँ र तुषारोको कठोर ठिही मुन्तिरबाट घामको राप थाहा पाएर फक्रेका भुइँफुलको गलैँचे पाटन देखेर अभिभूत भएका र यिनै फुलहरू यस नियात्राभरि भुइँफुल बनेर पोखिएका छन् ।

यस कृतिमा भिन्न भिन्न ठाउँ र परिवेशको यात्रा भएकोले सोही अनुसार फरक-फरक अवस्था, भूगोल, प्रकृति, संस्कृति, समाज तथा आर्थिक, राजनीतिक, मनोविज्ञान आदि विषय आएका छन् । खप्तडको यात्रामा हामी नेपालीहरू अरू कारणले नभएर हामी आफ्नै कमसल विचार र आचरणका कारणले, गैरराजनीतिक चरित्रका कारणले गरिबीमा डुब्नु परेको छ । यसै गरी कर्णालीको यात्रामा सिङ्गै कर्णालीलाई पुग्ने खाद्यान्न उत्पादन गर्न सकिने फाँटहरू भएर पनि स्रोत साधनको अभाव र परिचालनको कमीले जहाजले ओसार्ने सेतो चामलमा जुम्लाबासीले हानथाप गर्नुपर्ने अवस्था देखिएको छ । दुर्गम भए पनि जातीय सद्भाव उदारहणीय नै रहेको छ । रहस्यमयी रारा यो क्षेत्रकै मात्र नभई

समग्र नेपालकै पर्यटन विकासको लागि वरदान भएर बसेको छ । बाल विवाह, बहु विवाह र धेरै सन्तान यो क्षेत्रका सामाजिक समस्या बनेर आएका छन् । मुक्तिनाथको यात्रामा मुस्ताङको पर्यटकीय र भौगोलिक वातावरणको साथै धार्मिक आस्थाको राम्रो चित्रण छ । बहु पति प्रथाको चलन यस ठाउमा अझै पनि कायम रहेको देखिन्छ । साथै घान्द्रुकको यात्रामा त्यहाँको प्राकृतिक सौन्दर्य आन्तरिक र बाह्य पर्यटनको राम्रो विकासका साथै सशस्त्र युद्धको समयमा स्थानीय जनताहरूले भोगेको त्रास र पीडा मानिसलाई खुट्टा काटिदिने, गाउँबाटै लखेटिदिने जस्ता अमानवीय व्यवहार गरेको उल्लेख छ । स्थानीय कार्यकर्ताप्रति केन्द्रीय नेता नेतृत्वले खासै ध्यान नदिँदा उनीहरूमा निराशा पैदा भएको छ । पोखराको यात्रामा यहाँका प्रसिद्ध ठाउँहरू शान्तिस्तूपा, फेवाताल, दोविल्लाको मनोहारी वर्णनका साथै यहाँ रहेका तिब्बती शरणार्थीको पोखरा बसाइ र उनीहरू अनागरिक भएर बस्नु परेको पीडा यसबाट उत्पन्न मनोवैज्ञानिक परिस्थिति र बाध्यता पनि यहाँ प्रस्तुत गरिएको छ । शिवपुरीको यात्रामा समग्र जीवनको नियतिसँग तुलना गर्दै कहिले बाटो विराएर अन्तै पुगेको अवस्था कहिले गन्तव्यमा पुग्न नसकेर बीच बाटो बाटै फर्किनु पर्ने अपुरो यात्रालाई वैचारिकताका माध्यमबाट प्रस्तुत गरिएको छ । जिरीको यात्रामा निसासिँदो काठमाडौँलाई धुवाँ र धुलोको पुञ्जसँगै तुलना गर्दै जिरीको यात्रालाई खुल्ला र स्वतन्त्र अनुभव गरिएको छ । ग्रामीण स्वच्छन्दताप्रति मोह भाव दर्साइएको छ । पहाडको घुमाउरो बाटोको घुम्तीलाई जीवनको समग्रता र भोगाइसँग तुलना गर्दै व्याख्या गरिएको छ । साथै दोलखाको भीमेश्वर मन्दिरलाई आस्था र विश्वासको प्रतिमूर्तिको रूपमा लिइएको छ । अन्त्यमा पाथीभराको यात्रामा पूर्वी नेपालको विकासोन्मुख, आधुनिकीकरणलाई सकारात्मक स्थान दिँदै स्थानीयहरूको अग्रसरतालाई कदर गरिएको छ । जातीय राजनीतिको खराब पक्ष केलाइएको छ । राजनीतिक नेतृत्वप्रति जनताको आक्रोशमा केन्द्रीकृत शासन प्रणालीले जनताले दुःख पाएको नेताहरूले व्यक्तिगत, पार्टीगत र जातीय राजनीतिमा लागेर जनतालाई सधैँ पीडा मात्र दिइरहेकोले स्थानीयहरूको आक्रोस देखिन्छ । पाथीभरा मन्दिरको स्थापनाकालीन किंवदन्ती आस्था र त्यहाँको विश्वास त्यस वरपरका जनताका लागि सामाजिक नियम बनेर आएको रहेछ । पहाडी र ग्रामीण सडकमा चाडवाडको बेलामा हुने सार्वजनिक यातायातको असहज, जोखिमपूर्ण यात्रालाई यहाँको समस्याका रूपमा उठान गरिएको छ ।

यसरी प्रस्तुत कृतिमा नेपालको सौन्दर्य र कुरूपता दुवै देखाइएको छ । देशको अवस्था जतासुकै नराम्रो मात्रै छैन, विकास, आधुनिकता र शिक्षाको स्तरले मानिसहरूको सोच फराकिलो हुँदै गएको छ । समाजमा बाटो घाटो बन्नु, सञ्चारको विस्तार हुनु, पत्रकारिताले समाजका कुनाकाप्चाका समस्या र सम्भावना दुवै अगाडि ल्याइदिएका छन् । जनसामान्यमा पनि राजनीतिक सचेतता र स्थानीय समस्याको समाधान आफैले गर्नु पर्छ भन्ने सोचको विकास हुन थालेको छ । महिलाहरूले पनि आफूप्रति भएको अन्यायको बारेमा आवाज उठाउन थालेका छन् । नारीलाई गर्भपतनको अधिकार, छोराछोरीलाई अंश, घरेलु हिंसाको विरोध जस्ता कुरामा अर्थपूर्ण उपस्थिति हुन थालेको छ । यसरी यात्राक्रममा देखे भोगेका परिदृश्यसँगै आफ्ना विचार र अनुभूतिहरू अनि तद्स्थानीय समाज र समकालीन नेपाली राष्ट्रिय परिवेशलाई सरल, स्पष्ट र प्रवाहपूर्ण भाषाशैलीको माध्यमबाट सान्दर्भिक तुल्याएर प्रकट गरेको पाइन्छ ।

## ५.३ सुझाव

**आगामी शोधार्थीका लागि सुझावहरू**

यस नियात्रा सङ्ग्रहलाई यस बाहेक निम्न कोणबाट पनि अध्ययन विश्लेषण गर्न सकिने छ -

- 'भुइँफुलको देश' मा वैचारिक पक्ष,
- 'भुइँफुलको देश' मा समाजको निरीक्षण
- 'भुइँफुलको देश' मा प्रकृति चित्रण ।

यसका साथै शर्माका अन्य कृतिहरूको पनि अध्ययन विश्लेषणका साथै शोधकार्यहरू भएका छन् । यसबाट थाहा हुन्छ कि शर्मा नेपाली साहित्यमा एक उदाउँदो नक्षत्र साथै अध्ययन एवं समालोचनाका क्षेत्रमा पनि उनका कृतिहरू मूल्याङ्कन योग्य भएर पाठक सामु प्रस्तुत हुन सफल रहेका छन् । तसर्थ आगामी समयमा शर्माका अन्य प्रकाशित एवं प्रकाशोन्मुख कृतिहरू पाठकका लागि अध्ययन विश्लेषण योग्य रहने छन् ।

## सन्दर्भ सूची


उपाध्याय, वेदव्यास (२०६६), **नेपाल यात्रासाहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन,** त्रिभुवन विश्व विद्यालय, नेपाली केन्द्रीय विभागमा प्रस्तुत पी.एच.डी. शोधपत्र ।

उप्रेती, गङ्गाप्रसाद (२०४६), **दृष्टिकोणका विविध विसाउनी,** काठमाडौँ : प्रतिभा प्रकाशनका लागि माया उप्रेती ।

उप्रेती, भीष्म (२०५३), **आकाश खस्यो भने के हुन्छ ?**, काठमाडौँ : लेखक स्वयम् ।

गौतम, प्रिया (२०५४), यात्राकार तारानाथ शर्मा, त्रि.वि.ने.के.वि.मा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

दीक्षित, कमल (सं), (२०१४), **जङ्गबहादुरको बेलायत यात्रा,** बेनामी नेपाल : मदन पुरस्कार पुस्तकालय ।

पराजुली, बुद्धिसागर (सं), (२०२०), **श्री ५ पृथ्वीनारायण शाहको जीवनी,** बेनामी, काठमाडौँ : वीर पुस्तकालय ।

पोखरेल, गणेश प्रसाद (२०६९), **नेपाली नियात्रा परमपरामा भीष्म उप्रेतीको योगदान,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

पोखरेल, बालकृष्ण र अन्य (सं), (२०४०), **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, विष्णु प्रसाद (२०६८), "भुइँफुलको देश कृतिका महत्त्वपूर्ण पक्षहरूको अनुशीलन", **पृथ्वी वाङ्मय** (वर्ष ११, अङ्क ६) पृ. ४४-६४ ।

प्रधान, प्रमोद (२०६६), **नेपाली निबन्धको इतिहास,** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

प्रधान, भिक्टर (२०४४), **नेपाली जीवनी र आत्म कथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, तारानाथ (२०३४), **बेलाइततिर बरालिँदा,** (ते.सं.), काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, शारदा (२०६८), **भुइँफुलको देश**, काठमाडौँ : साङ्ग्रिला बुक्स ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५६), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** पा.सं, काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (सं), (२०५६), **स्नातकोत्तर नेपाली निबन्ध,** काठमाडौँ : पाठ्यसामग्री पसल ।

_________ (२०५८), **स्रष्टा-सृष्टि : दृश्य-दृष्टि**, (ते.सं), काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, होमनाथ (२०३८), सैद्धान्तिक आधारमा नेपाली यात्रा साहित्यको मूल्याङ्कन, त्रि.वि.ने.के.वि.मा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।